# स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता सचेतना




## स्रोत पुस्तिका

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौ

# स्थानीय बजार व्यवस्थापन
# तथा
# उपभोक्ता सचेतना




# स्रोत पुस्तिका

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
Government of Nepal

हृदयेश त्रिपाठी
मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

Hridayesh Tripathi
Minister
Ministry of Federal Affairs and General Administration
Singhdarbar, Kathmandu, Nepal



## दुई शब्द

"स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता सचेतना स्रोत पुस्तिका" प्रकाशन हुन लागेकोमा खुशी लागेको छ।

स्थानीय बजार व्यवस्थापन सम्बन्धी विषय संविधानको अनुसूची ८ को क्र.सं १० अनुसार स्थानीय तहको एकल अधिकार भित्र पर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी विभिन्न विषयहरुको जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ। यस मन्त्रालयले उल्लिखित अधिकारहरु प्रभावकारी कार्यान्वयनका लागि सहजिकरणको भूमिका निर्वाह गरिरहेको छ।

स्थानीय बजार व्यवस्थापन एवं उपभोक्ता हित संरक्षण केवल संविधान तथा कानून कार्यान्वयनको विषय मात्र होइन। यो विषय आम नागरिकहरुको आर्थिक र सामाजिक अधिकार संरक्षण तथा व्यवस्थापनसंग सम्बन्धित विषय पनि हुन। स्थानीय बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षणको सुनिश्चितता भएमा मात्रै सहि अर्थमा कानुनी राज्य र सुशासनको प्रत्याभूति हुन्छ। स्वच्छ बजार र उपभोक्ता हित संरक्षण भएमा मात्र नागरिकहरुमा संघीयताको प्रतिफल प्राप्तिको अनुभूति हुन्छ।

स्थानीय तहबाट आफ्नो अधिकार क्षेत्रभित्र स्वच्छ बजार कायम राख्न र उपभोक्ता हित संरक्षण गर्नका लागि यस स्रोत पुस्तिकाले सहज बनाउने आशा लिएको छु। यस स्रोत पुस्तिकाले संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको स्थानीय बजार व्यवस्थापन, बजार अनुगमन, स्थानीय बजार र वाणिज्य सम्बन्धी पूर्वाधार,स्थानीय बजार नियमन, उपभोक्ता हित तथा अधिकारको संरक्षण, उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत संकलन जस्ता विषयलाई कार्यान्वयनमा सहज र उपयोगी हुने अपेक्षा लिएको छु। यस कार्यमा यस मन्त्रालयले स्थानीय तहको सबलिकरणमा निरन्तर सहयोग पुर्‍याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु।

यस स्रोत पुस्तिकालाई तर्जुमा, प्रकाशन ,वितरण गर्ने तथा सचेतना अभिवृद्धिमा लागी पर्ने उपभोक्ता हित संरक्षण मंच नेपाल र स्थानीय सरकार सबलीकरण कार्यक्रमलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै कानून कार्यान्वयनमा सहजिकरण एवं स्वच्छ बजार तथा उपभोक्ता हित संरक्षणका लागि गरिने यस किसिमको कार्यमा मन्त्रको निरन्तरका लागि हार्दिक शुभकामना दिन चाहन्छु।

धन्यवाद !

..........................
हृदयेश त्रिपाठी
मन्त्री
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

9851002222
Email: triphridayesh1959@gmail.com

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५
४२००२९९
४२००३०९

फ्याक्स नं.: ४२००१२२

पत्र संख्याः-

चलानी नं.:-

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई स्थानीय बजार व्यवस्थापनमा जिम्मेवार निकायको रुपमा तोकेको छ। स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, बजार तथा हाट बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन, स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण, स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन, स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन, स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान, निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य, स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन र उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण जस्ता जिम्मेवारी स्थानीय तहले पुरा गर्नुपर्ने देखिन्छ।

प्रतिस्पर्धी र स्वस्थ बजार संयन्त्र मार्फत आपूर्ति प्रणाली व्यवस्थित गर्ने र आर्थिक रुपले कमजोर एवं सामाजिक रुपले समस्यामा परेका नागरिकलाई अत्यावश्यक वस्तु र सेवामा सहज पहुँच पुऱ्याई सामाजिक न्यायको प्रत्याभूति दिनुपर्ने आवश्यकताका बीच उपयुक्त सन्तुलन कायम गरेर बजार प्रणालीलाई स्वचालित बनाउनु स्थानीय तह रहेको छ। यसको निम्ति वस्तु र सेवाका उत्पादक र उपभोक्ताबीचको दूरीलाई छोट्याउँदै बिचौलियाको उपस्थितिलाई निस्तेज पार्न सम्बद्ध पक्षहरू विशेषतः नीजि क्षेत्र, सहकारी, समुदाय र सार्वजनिक क्षेत्रका संस्थाहरू बीच समन्वय, साझेदारी र सहकार्यको वातावरण तयार गरी आपूर्ति व्यवस्थालाई मितव्ययी, दिगो, सहज, गुणस्तरीय, प्रभावकारी र उपभोक्तामैत्री बनाउन स्थानीय तहले विशेष ध्यान दिनु जरुरी छ। त्यसैगरी स्थानीय तहले आफ्नो क्षेत्रभित्रको वस्तु र सेवाको आपूर्ति व्यवस्थालाई सर्वसुलभ बनाउन बजारको नियमित र प्रभावकारी अनुगमन गरी स्वच्छ, प्रतिस्पर्धी, सक्षम र उत्तरदायी बजार संयन्त्र मार्फत आम नागरिक र उपभोक्ताको हकहित संरक्षणद्वारा नागरिक अधिकारको प्रत्याभूति दिन नतिजामूलक बजार अनुगमन प्रणालीलाई संस्थागत गर्न आवश्यक छ।

यसै सन्दर्भमा स्थानीय तहलाई कार्य जिम्मेवारीमा जवाफदेही बनाउन र सेवा प्रवाहमा एकरुपता प्रदान गर्न स्रोत सामाग्रीको आवश्यकता देखि स्थानीय बजार व्यवस्थापन तथा प्रभावकारी अनुगमन सम्बन्धी स्रोत पुस्तिका तयार भएको छ। प्रस्तुत स्रोत पुस्तिकाले खासगरी स्थानीय बजारमा वस्तु तथा सेवाको उत्पादन, बिक्री वितरण, मूल्य, गुणस्तरका विषयमा उपभोक्ताहरूलाई जानकारी हासिल गर्न सघाउ पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। यसका साथै उपभोक्ता हित संरक्षण तथा अधिकार र बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षण प्रदान गर्ने र यस विषयमा ज्ञान प्राप्त गर्ने माध्यमका रुपमा समेत यो स्रोत पुस्तिका उपयोगी हुने विश्वास मैले लिएको छु।

अन्तमा, उपभोक्ता सचेतना अभिवृद्धि सम्बन्धी स्रोत पुस्तिका तर्जुमामा सहयोग पुऱ्याउनु हुने उपभोक्ता हित संरक्षण मञ्चलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

मिति :- २०७५/०२/१५

(सूर्यप्रसाद गौतम)
सचिव

# दुई शब्द

नेपालको संविधानबमोजिम स्थानीय बजार व्यवस्थापनसम्बन्धी विषय स्थानीय तहको एकल अधिकारअन्तर्गत रहेको छ । स्थानीय तहलाई यससम्बन्धी सैद्धान्तिक एवं व्यवहारिक ज्ञान र अभ्यास भई नसकेको हुँदा यस विषयमा जानकारीमूलक पुस्तिकाको अभाव सबैबाट महसुस गरिएको थियो ।

स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता अधिकार सम्बन्धी विषयको प्रभाबकारी कार्यान्वयनलाई सुनिश्चित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार यस पुस्तिकाको मस्यौदा, संयोजन र वितरणको जिम्मेवारी समेत यस मञ्चलाई प्रदान गरेकोमा मन्त्रालय प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस स्रोत पुस्तिका मन्त्रालयले प्रकाशन गर्न लागेकोमा मञ्चलाई खुसी लागेको छ । स्थानीय तहलाई स्थानीय बजार व्यवस्थापन गर्न, स्वच्छ बजार कायम गर्न एबं उपभोक्ता हित संरक्षण सम्बन्धी कार्य सम्पादन गर्न यो स्रोत पुस्तिकाले सघाउ पुऱ्याउने बिश्वास लिएको छु । साथै बजार व्यस्थापन तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित सबै निकाय र यस विषयमा चासो राख्ने सबै व्यक्तिहरूका लागि यो पुस्तिका सहयोगी हुने अपेक्षा गरेको छु ।

यो पुस्तिकाको मस्यौदामा संलग्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव डिलाराम पन्थी, शाखा अधिकृत जनकराज शर्मा, यस मञ्चका उपमहासचिव विष्णुप्रसाद तिमिल्सिना, मञ्च केन्द्रीय सचिवद्वय श्रृङ्गऋषि काफ्ले र केपी लम्साल, कार्यक्रम अधिकृत नवराज पुडासैनी र स्थानीय सरकार सबलीकरण कार्यक्रमका बरिष्ठ कार्यक्रम अधिकृत अमोल आचार्यप्रति मञ्च आभार प्रकट गर्दछ । यस स्रोत पुस्तिकामा राय सुझाव दिनुहुने मन्त्रालयका सह–सचिव वसन्त अधिकारी, दि एसिया फाउण्डेशनका नेपाल आवासीय प्रतिनिधि मेघन नाल्वो, स्थानीय सरकार सबलीकरण कार्यक्रमका कार्यक्रम निर्देशक विष्णु अधिकारी र वरिष्ठ शासन सल्लाहकार परशुराम उपाध्यायलाई विशेष धन्यवाद छ । पुस्तिकामा अत्यन्तै महत्वपूर्ण शुभकामनासहितको मन्तव्य दिनु हुने माननीय मन्त्री हृदयेश त्रिपाठीज्यू र श्रीमान् सचिव सूर्यप्रसाद गौतमज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

ज्योति बानियाँ
अध्यक्ष
उपभोक्ता हित संरक्षण मञ्च नेपाल

# विषय सूची


**भाग – १ : स्थानीय बजार व्यवस्थापनको परिचय** **१**

**भाग – २ : स्थानीय बजार व्यवस्थापनसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाहरू** **४**

२.१ स्थानीय बजार व्यवस्थापनसम्बन्धी संवैधानिक व्यवस्था ४

२.२ स्थानीय बजार व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था ६

**भाग – ३ : दर्ता, नवीकरण, खारेजी** **१९**

३.१ व्यवसाय दर्ता, अनुमति तथा सिफारिस १९

३.२ व्यवसाय नवीकरण २०

३.३ दर्ता तथा अनुमति खारेजी २०

**भाग – ४ : स्थानीय बजार व्यवस्थापनमा विभिन्न पक्षहरूको दायित्व** **२२**

४.१ उत्पादकको दायित्व २२

४.२ पैठारीकर्ता वा आयातकर्ताको दायित्व २२

४.३ ढुवानीकर्ताको दायित्व २३

४.४ सञ्चयकर्ताको दायित्व २३

४.५ विक्रेताको दायित्व २४

४.६ सेवा प्रदायकको दायित्व २४

**भाग – ५ : स्थानीय बजार व्यवस्थापन सम्बन्धी ऐनमा उल्लेख गर्नुपर्ने मूल विषयहरू** **२५**

**भाग – ६ : सहकारिता, सहअस्तित्व र समन्वय** **२८**

**भाग – ७ : उपभोक्ताका सिद्धान्त र अधिकारहरू** **३१**

७.१ उपभोक्ता अधिकारका सिद्धान्तहरू ३१

७.२ उपभोक्ताका अधिकारहरू ३२

**भाग – ८ : उपभोक्ता अधिकार संरक्षणको विकासक्रम** **३५**

**भाग – ९ : उपभोक्ता संरक्षण ऐन र नियमावलीका मुलभूत प्रावधानहरू** **४२**

**भाग – १० : उपभोक्ता हित विरुद्धका क्रियाकलापमा उजुरी लिने निकायहरू** **४९**

१०.१ उजुरी लिने निकायहरू ४९

१०.२ उपभोक्ता अदालत ५०

**भाग – ११ : वस्तु वा सेवा उपभोग गर्दा उपभोक्ताले ध्यान दिनुपर्ने कुराहरू** **५२**

११.१ उपभोक्ता सचेत र जागरुक हुनुपर्ने प्रमुख विषयहरू ५२

११.२ खाद्य वस्तुको उपभोग गर्दा ध्यान दिनु पर्ने कुराहरू ५४

११.३ वस्तु र सेवाको उपभोग खरिद गर्दा उपभोक्ताले ध्यान दिनुपर्ने अन्य कुराहरू ५७

**अनुसूचीहरू** **५९–१३६**

अनुसूची क : आवश्यक पदार्थ ऐन २०१७ बमोजिम तोकिएका अत्यावश्यक पदार्थहरू ५९

अनुसूची ख : बजार अनुगमन तथा बजार व्यवस्थापन गर्नुपर्ने वस्तु तथा सेवाको वर्गीकरण ६२

अनुसूची ग : बजार अनुगमन चेकलिष्ट ६५

अनुसूची घ : स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐनको ढाँचा ६७

अनुसूची ङ : स्थानीय बजार व्यवस्थापन तथा अनुगमन नियमावलीको ढाँचा ९०

# भाग – १
# स्थानीय बजार व्यवस्थापनको परिचय

## वस्तु
कुनै पदार्थ वा पदार्थहरूको समिश्रणलाई वस्तु भनिन्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (ढ) अनुसार उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा कुनै किसिमको नकारात्मक प्रभाव (साइड इफेक्ट) नगर्ने पदार्थ सम्झनुपर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

## सेवा
सेवा भन्नाले कुनै शुल्क वा प्रतिफल लिई वा नलिई प्रदान गरिने श्रम, सुविधा वा परामर्शलाई बुझिन्छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २ (द) अनुसार विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैङ्किङ्ग वा त्यस्तै प्रकृतिका अन्य सेवा सम्झनु पर्छ र सो शब्दले कानूनी, चिकित्सा वा इञ्जिनियरिङ्ग सेवालाई समेत जनाउँछ ।

## बजार
वस्तु वा सेवा पाइने, खरिद बिक्री, वितरण गरिने ठाउँलाई बजार भनिन्छ । अर्थात कुनै वस्तु वा सेवाको मूल्य लिई वा नलिई उत्पादन वा पैठारी वा ढुवानी वा भण्डारण वा खरिद बिक्री वा वितरण वा सूचना आदान प्रदान गर्ने स्थान विशेष वा कार्यलाई बजार भनिन्छ ।

## स्थानीय बजार
स्थानीय तहको सिमाना वा इलाकाभित्र वस्तु वा सेवाको उत्पादन आयात, ढुवानी, सञ्चय, बिक्री र सेवा प्रदान गर्न राखिएको बिक्रीस्थल, पसल, फर्म, कम्पनी वा अन्य कुनै व्यवसाय रहेको स्थानलाई स्थानीय बजार भनिन्छ ।

## स्थानीय बजार व्यवस्थापन

स्वच्छ बजार कायम राख्न तथा उपभोक्ता हित संरक्षण गर्नका लागि स्थानीय बजारमा गरिने नियमन, नियन्त्रण, सहजीकरणलगायत व्यवस्थापकीय कार्यलाई स्थानीय बजार व्यवस्थापन भनिन्छ । संविधानको अनुसूची ८ को क्रम संख्या १० मा स्थानीय बजार व्यवस्थापन गर्ने अधिकार स्थानीय तहको एकल अधिकारका रूपमा रहेको छ ।

## स्थानीय बजार व्यवस्थापनमा ध्यान दिनु पर्ने पक्षहरू

- **दर्ता** : कुनै पनि व्यक्तिले फर्म, कम्पनी आदि कानूनी व्यक्ति दर्ता नवीकरण नगरी उद्योग व्यवसाय गर्न पाइँदैन, अन्यत्र दर्ता गरे पनि स्थानीय तहभित्र व्यवसायको स्वीकृति लिनुपर्ने र सूचीकृत हुनुपर्छ । सामान्य चिया पसलदेखि ठुला अस्पताल, बैङ्क आदि सम्मले स्थानीय तहमा सूचीकृत, दर्ता, नवीकरण गर्नु गराउनुपर्ने हुँदा सो कार्य भए/नभएको र दर्ता तथा स्वीकृति गर्दा सर्तबमोजिम व्यवसाय सञ्चालन भएनभएको समेत अनुगमनबाट हेर्नुपर्ने हुन्छ । व्यवसाय दर्ता स्वच्छ बजार संपरीक्षण गर्ने माध्यम र स्थानीय तहको आन्तरिक आर्थिक स्रोत सङ्कलनका लागि बलियो साधन समेत हो ।
- **आपूर्ति** : स्थानीय तहमा वस्तु र सेवाको आपूर्ति कस्तो छ ? माग अनुसार वस्तु तथा सेवा उपलब्ध हुन सकेको छ छैन ? माग बढी र आपूर्ति कम हुँदा मूल्य बृद्धि हुन्छ । तीन वा सोभन्दा घटी वस्तु वा सेवा प्रदायक भएमा उद्योग व्यवसाय एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप हुने हुँदा बढीघटी के छ ? व्यापारीले आफूबाहेक अन्य व्यापारीलाई बजार प्रवेशमा रोक लगाएको वा नलगाएको के छ ? व्यवसायको तह घटी वा बढी गरे गराएको के छ ? कृत्रिम अभाव भए नभएको, प्रतिस्पर्धात्मक बजार भए नभएको आदि पक्षको अनुगमन स्थानीय तहबाट गरिनुपर्छ ।
- **मूल्य** : बजारमा खरिद बिल र बिक्री बिल राखे नराखेको ? लागत वा खरिद मूल्यभन्दा बढी मूल्य कायम गरे वा नगरेको, कालोबजारी तथा नाफाखोरी गरे नगरेको, अस्वाभाविक मूल्य राखे नराखेको ? लेबल वा मूल्यसूची राखी बिक्री व्यवहार गरेको वा अनुहार हेरेर मूल्य निर्धारण गरेको ? प्रतिस्पर्धात्मक मूल्य व्यवस्था भएको छ कि ? व्यापारिक

सङ्घसंस्थाले अवैध रूपमा मूल्य निर्धारण गरेका छन् कि ? आदि मूल्य अनुगमन गरिनुपर्दछ ।

- **गुणस्तर** : वस्तु र सेवाको लेबल भए वा नभएको कार्यस्थलमा वडापत्रमार्फत गुण, प्रक्रिया र पद्धति गुण मानक चिह्नहरू भए/नभएको र वस्तुको उपभोग म्यादभित्रको छ वा छैन ? जस्ता विषय अनुगमनमार्फत नियमित गरिनुपर्छ ।
- **नापतौल** : वस्तुमा नापतौलको घोषणा वा मानक उल्लेख छ वा छैन, नाप तौल गर्ने यन्त्र तथा ढक तराजु ठिक छ वा छैनन् ? नाप तौल सामग्री दर्ता नवीकरण छ वा छैनन् आदि नापतौल अनुगमनमा हेरिनुपर्दछ ।
- **विज्ञापन** : वस्तु वा सेवामा कसैले सत्य वा भ्रमपूर्ण विज्ञापन गरे नगरेको, विज्ञापन वा साइनबोर्ड तथा होर्डिङ बोर्ड राख्न स्थानीय तहबाट स्वीकृत लिए वा नलिएको आदि विज्ञापन अनुगमन गरिनुपर्दछ ।
- **कर** : कुनै पनि वस्तु वा सेवा प्रदायकले खरिद वा बिक्री गर्दा कर उठाए वा नउठाएको स्थानीय तहमा कर भुक्तान र दाखिला गरे नगरेको आदि कर अनुगमन गरिनुपर्छ ।
- **नियमन** : कुनै वस्तु वा सेवा प्रदायकले कानून वा व्यवसाय दर्ता गर्दाका बखत घोषित सर्त र प्रचलित कानून पालना भए वा नभएको भन्ने संपरीक्षण गर्ने र अनुगमन गर्ने र कानूनको पालना नगरेको वा सर्त पालना नगरेको अवस्थामा कानून तथा सर्तको पालना गराउने कार्यलाई नियमन भनिन्छ । प्रत्येक वस्तु र सेवामा फरकफरक मानकहरू राखी त्यसको चेकलिस्ट सूचीको फारम तयार गरी वस्तु र सेवाको अनुगमन गरिनुपर्दछ ।

❄❄

# भाग - २

# स्थानीय बजार व्यवस्थापनसम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाहरू

## २.१ स्थानीय बजार व्यवस्थापनसम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुने छ भन्ने व्यवस्था गरिएको छ ।

संविधानको धारा ५१ (घ) को खण्ड (१) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, (४) मा आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने, (७) मा कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने संवैधानिक प्रत्याभूति गरेको पाइन्छ ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत क्र.सं. १० मा स्थानीय बजार व्यवस्थापनको अधिकार स्थानीय तहमा रहेको छ । आम उपभोक्ताको जीवन र दैनिकीसँग प्रत्यक्ष जोडिएको स्थानीय बजार व्यवस्थापन गर्ने जस्तो महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको भएकाले प्रभावकारी बजार व्यवस्थापनको कार्य गरी संविधानले नागरिकलाई प्रदान गरेको स्थानीय बजार व्यवस्थापन र उपभोक्ताको हक सुनिश्चित गर्नु स्थानीय तहको जिम्मेवारी हो ।

नेपालमा खुला बजारको संरक्षणको लागि नेपालको संविधानको धारा २३६ ले एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा

हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई बजार व्यवस्थापन र उपभोक्तासँग सम्बन्धित देहायका अधिकारहरू प्रदान गरेको छ :

### क. सङ्घको अधिकार (अनुसूची ५)

- स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण
- अन्तर्राष्ट्रिय व्यापार, विनिमय, बन्दरगाह, क्वारेन्टाइन
- हवाई उड्डयन, अन्तर्राष्ट्रिय विमानस्थल
- राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन
- बौद्धिक सम्पत्ति, (पेटेन्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत)
- नाप-तौल
- बीमा नीति, धितोपत्र, सहकारी नियमन

### ख. प्रदेशको अधिकार (अनुसूची ६)

- प्रदेशभित्रको व्यापार
- प्रदेश स्तरको खानेपानी, परिवहन, यातायात, स्वास्थ्य सेवा

### ग. सङ्घ र प्रदेशको साझा अधिकार (अनुसूची ७)

- औषधि र विषादी, आवश्यक वस्तु र सेवाको वितरण, मूल्य नियन्त्रण, गुणस्तर अनुगमन

### घ. स्थानीय तहको अधिकार (अनुसूची ८)

- स्थानीय बजार व्यवस्थापन,
- आधारभूत स्वास्थ्य र सरसफाई,
- स्थानीय सेवाको व्यवस्थापन,
- आधारभूत र माध्यामिक शिक्षा ।

### ङ. सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार (अनुसूची ९)

- स्वास्थ्य, शिक्षा, विद्युत्, खानेपानी, सहकारी

## २.२ स्थानीय बजार व्यवस्थापनसम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने समेत प्रयोजनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ। ऐनले स्थानीय तहका विविध काम, कर्तव्य र अधिकार तोकेको छ। ऐनको दफा ११ को उपदफा (२) को खण्ड (ञ) ले स्थानीय बजार व्यवस्थापनसम्बन्धी देहायका अधिकार स्थानीय तहलाई दिएको छ :

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्ववयन र नियमन

(२) बजार तथा हाट बजार व्यवस्थापन

(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन

(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण

(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन

(६) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन

(७) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान

(८) निजी र गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य

(९) स्थानीय व्यापार प्रबर्द्धन, सहजीकरण र नियमन

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन

(११) उपभोक्ता सचेतना अभिबृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण ।

उल्लिखित व्यवस्था बमोजिम स्थानीय तहले स्थानीय बजार व्यवस्थापनसँग सम्बन्धित देहायको कार्यहरू निम्न बमोजिम गर्न सक्छ :

### २.२.१ स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमनसम्बन्धी सम्पूर्ण कार्य

स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमनसम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी र अधिकार स्थानीय तहलाई छ। उल्लिखित जिम्मेवारी पूरा गरी उपभोक्ताको हक अधिकारको संरक्षण गर्न गाउँ सभा र नगर सभाले ऐन पारित गर्नुपर्ने र ऐनले दिएको अधिार अन्तर्गत रही कार्यपालिकाले नीति, नियम, कार्यविधि र मापदण्ड पारित गर्नुपर्ने हुन्छ। यसका लागि स्थानीय तहले निम्नानुसारका नीति, कानून र मापदण्ड तयार पार्नुपर्ने हुन्छ :

- स्थानीय बजार व्यवस्थापन ऐन
- स्थानीय बजार व्यवस्थापन नियमावली
- स्थानीय आपूर्ति व्यवस्थापन नीति
- सुपथ मूल्य पसल सञ्चालन तथा प्रवर्द्धन निर्देशिका
- बजार तथा हाटबजारसञ्चालन तथा व्यवस्थापन कार्यविधि
- उपभोक्ता सचेतना अभिवृद्धि कार्यविधि
- बजार अनुगमन कार्यविधि ।

उल्लिखित कानूनहरू कार्यान्वयन गर्ने जिम्मेवारी नगर/गाउँ कार्यपालिका, प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, वडा अध्यक्ष, वडा समिति, बजार व्यवस्थापन तथा अनुगमन समिति, अनुगमन टोली, निरीक्षण अधिकृत, खाद्य निरीक्षक, औषधि निरीक्षक, गुणस्तर निरीक्षक आदि अधिकारीहरूको हो। स्थानीय बजार व्यवस्थापनका लागि स्थानीय तहले तर्जुमा गर्ने नीतिमा देहायका कुरा समावेश गर्नुपर्दछः

- गुणस्तरीय वस्तु, सेवा, प्रविधि सामग्रीको नियमित र सर्वसुलभ रूपमा सहज आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहन गरी प्रतिस्पर्धात्मक तुल्याउने
- उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने
- आपूर्ति हुने वस्तु, सेवा, प्रविधि सामग्री को गुणस्तर कायम गर्ने तथा यथार्थपरक लागत मूल्यको आधारमा उपभोक्ता मूल्य प्रणालीलाई स्थापित गराउने
- स्थानीय रूपमा खाद्य सुरक्षा व्यवस्थाका लागि आवश्यक प्रबन्ध गर्ने
- अत्यावश्यक वस्तु तथा सेवामा सहज पहुँच नपुगेका, न्यून आय भएका विपन्न दुर्गम क्षेत्रका उपभोक्ताको सुविधा र राहतका लागि एकीकृत आपूर्ति प्रणालीको विकास गर्ने
- वस्तु र सेवामा हुने कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्ने
- वस्तु, सेवा, प्रविधि सामग्रीमा हुने गैरप्रतिस्पर्धात्मक क्रियाकलापलाई नियन्त्रण गर्ने
- वस्तु र सेवाको सहज आपूर्ति सुनिश्चित गर्न र कृत्रिम मूल्य वृद्धि नियन्त्रण गर्न उपभोक्ता सहकारी संस्था तथा सोसम्बन्धी कार्य गर्ने अन्य सहकारी सङ्घ/संस्थाहरू एवम् सम्बद्ध निकायहरूलाई परिचालन गर्ने
- अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था प्रभावकारी तुल्याउन बजारको शोध, अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने
- अत्यावश्यक वस्तु तथा सेवाको खुद्रा एवम् थोक बजारको विकास र विस्तार गर्न निजी क्षेत्र, उपभोक्ता सहकारी पसल र सुपथ मूल्य पसलहरूलाई प्रोत्साहन गर्ने
- आन्तरिक उत्पादनबाट माग पूरा नहुने भएमा वा गैरप्रतिस्पर्धी क्रियाकलाप भई कृत्रिम अभाव सिर्जना भएमा बजार हस्तक्षेपको माध्यमबाट आपूर्ति व्यवस्था सहज गर्ने
- अत्यावश्यक वस्तु तथा सेवाको नियमित र सहज आपूर्ति सुनिश्चित गर्न अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान पुग्ने गरी हड्ताल, बन्द, विरोध गर्न नपाइने व्यवस्था मिलाउने

- उपभोक्ताको अधिकतम हितका लागि निजी क्षेत्र तथा उपभोक्ता हकहितसँग सम्बद्ध उपभोक्ता संस्थाहरूसँग समन्वय र सहकार्य गरी सूचना तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
- वस्तु र सेवाको माग र आपूर्ति, मूल्य, लागत, गुणस्तर आदिको सम्बन्धमा अनुगमन विश्लेषण गर्न उपभोक्ता हितसँग सम्बद्ध सङ्घसंस्था र अन्य सरोकारवालासमेतको संलग्नतामा अनुगमन समिति गठन गर्ने
- अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा व्यवधान हुन नदिन उपभोक्ता सङ्घसंस्था, नागरिक समाज, निजी तथा सहकारी क्षेत्रको समेत संलग्नतामा बजार अनुगमन गर्ने
- उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको गोदाम सङ्ख्या, क्षमता तथा मौज्दातको विवरण लिने र आवश्यकताअनुसार अनुगमन गर्ने
- उत्पादक, आयातकर्ता, वितरक तथा थोक विक्रेताहरूले बिक्री गर्ने वस्तुको सामान्य तथा विशेष अवस्थामा सञ्चित गर्न पाउने सीमाको निर्धारण गर्ने तथा निर्धारित सीमाभित्र भए नभएको अनुगमन गर्ने
- विक्रेताले बिक्री मूल्य उपभोक्ताले देख्न सक्ने गरी पसलमा टाँस गर्ने
- अत्यावश्यक वस्तु तथा सेवामा हुने गैरप्रतिस्पर्धी क्रियाकलाप हुन नदिन र बजार संरक्षण गर्न बजार व्यवस्थापन समितिलाई सक्रिय तुल्याउने ।

### २.२.२ स्थानीयस्तरको बजार तथा हाट बजार व्यवस्थापनसम्बधी कार्य

स्थानीय तहले आफ्नो क्षेत्रभित्र सञ्चालन हुने व्यवसायहरूको स्थानीय आवश्यकताअनुसार वर्गीकरण र स्थान निर्धारण गर्न सक्छ ।

यसरी वर्गीकरण गर्दा वस्तुतर्फ खुद्रा, डिपार्टमेन्ट स्टोर, मार्ट, सहकारी पसल, स्थानीय तहभित्र रहेका उद्योग कारखाना, नमूना तथा सुपथ बिक्री कक्ष, हाट बजार, थोक बजार भनी वर्गीकरण गर्न सकिने छ ।

स्थानीय तहले कुनै वस्तु र सेवाको कारोबार गर्न निश्चित ठाउँ तोक्न सक्ने छ । स्थानीय तहमा कारोबार हुने वस्तु वा सेवाको मापदण्ड तोक्न सक्ने छ । यसरी मापदण्ड तोक्दा प्रचलित सङ्घीय र प्रदेश कानूनले मापदण्ड तोकेकामा सोही बमोजिम हुने र त्यस्तो कानूनको विद्यमानता नभएको अवस्थामा स्थानीय निकायले कानून बनाई तोक्नुपर्दछ ।

### २.२.३ स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण र अनुगमनसम्बन्धी कार्यहरू

- स्थानीय तहभित्र मुख्य मुख्य उत्पादन हुने वस्तु तथा सेवाहरूको पहिचान गर्ने र त्यस्तो वस्तुहरूको सम्भावनाको खोजी गरी प्रबर्धन गर्ने
- स्थानीय वस्तु र सेवाको वास्तविक मागको अवस्था के छ ? के कति आन्तरिक रूपमा परिपूर्ति हुन सक्छ ? के कति आयात गर्नुपर्ने छ जस्ता विषयमा अध्ययन अनुसन्धान गर्ने
- स्थानीय तहको पहिचान दिलाउने वस्तु उत्पादन गर्न प्रोत्साहित गर्ने
- आवश्यक पर्ने वस्तुहरूको माग प्रक्षेपण गर्ने
- कुल मागहरूमध्ये कति स्थानीय उत्पादनबाट आपूर्ति भइरहेको छ भन्ने तथ्याङ्क सङ्कलन गर्ने
- स्थानीय तहबाट उत्पादित वस्तुलाई संरक्षण दिने ।

### २.२.४ अत्यावश्यक वस्तु र सेवाको उत्पादन स्थानीय तहले गर्ने मूल्य निर्धारणसम्बन्धी व्यवस्था

स्थानीय तहले आफ्नो इलाकाभित्र उत्पादन हुने वस्तु र सञ्चालन हुने सेवाको सन्दर्भ मूल्य निर्धारण गर्न सक्छ । यसरी सन्दर्भ मूल्य निर्धारण गर्दा सङ्घीय, प्रदेश कानूनसँग नबाझिने गरी गर्नु पर्दछ । सन्दर्भ मूल्य निर्धारण गर्दा देहायका बिषयमा ध्यान दिनु जरुरी हुन्छः

- प्रत्येक वस्तु वा सेवाको सन्दर्भ मूल्य औचित्य तथा वैज्ञानिक ढ्गले पुष्टि हुने खालको हुनुपर्दछ ।
- स्थानीय तहले सबै प्रकारमा वस्तु तथा सेवा प्रदान गर्ने व्यवसायीहरूको तोकिएबमोजिम स्तर निर्धारण गर्नुपर्दछ ।
- मूल्य निर्धारणसम्बन्धी मापदण्ड तयार गर्दा उपभोग्य वस्तुको उत्पादन लागत, ढुवानी खर्च, पैठारीकर्ताले कानून बमोजिम बुझाएको भन्सार, कर, दस्तुर र उपभोग्य वस्तु बिक्री गर्दा तोकिएको प्रतिशतभन्दा बढी नहुने गरी विक्रेताले लिन पाउने मुनाफा रकम समेतलाई आधार मान्नुपर्दछ । अत्यावश्यक वस्तु र सेवाको मूल्य स्थानीय तहले आवश्यकताको आधारमा वा सामान्यतया वर्षमा एक पटक निर्धारण गर्नुपर्दछ ।
- वस्तु तथा सेवाको मागको अवस्था, नकिकका बजारमा रहेको फूटकर मूल्य, भण्डारण तथा ढुवानी गर्दा लाग्ने खर्च समेतको आधारमा सन्दर्भ मूल्य तोक्न सकिन्छ ।

- उत्पादकले प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको उत्पादन मूल्य स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।
- उपभोग्य वस्तु उत्पादन गर्ने उत्पादक उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यवसाय दर्ता प्रमाणपत्र बिक्रीस्थलमा सर्वसाधारणले देख्ने गरी राख्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।

### २.२.५ स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार व्यवस्थापन

वस्तु र सेवाको कारोबारमा स्थानीय तहभित्र बसोबास गर्ने जनताको पहुँच सुनिश्चित गर्नु र नियमित आपूर्तिको व्यवस्था मिलाउनु स्थानीय तहको व्यापार र वाणिज्यसम्बन्धी दायित्व हो । स्थानीय उत्पादनलाई प्रोत्साहन गरी दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा, सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्नु पनि स्थानीय तहको दायित्व हो । यो दायित्व पूरा गर्न स्थानीय तहले स्थानीय पुँजीको विकास र रोजगारी सृजनाका लागि वस्तु र सेवा बजारको पूर्वाधार निर्माण गर्नुपर्दछ । यसरी पूर्वाधार निर्धारण गर्दा निम्नलिखित कार्य गर्न सकिन्छ :

- आफ्नो क्षेत्रभित्रमा उपभोक्ताले वस्तु र सेवा के कसरी प्राप्त गरिरहेका छन् ? कुन प्रकारको वस्तु र सेवा के कस्तो स्थानबाट प्रदान भइरहेको छ ? त्यसरी प्रदान भइरहेको वस्तु र सेवाबाट उपभोक्तालाई कुनै मर्का परेको अवस्था छ छैन ? वातावरणमा कुनै असर परेको छ छैन ? वस्तु र सेवा प्रदान गर्न व्यवासायीले गरेको पूर्वाधारसम्बन्धी व्यवस्था उपयुक्त छ छैन ? सबै खाले वस्तु र सेवा व्यवस्थित छ छैन ? क्षेत्रभित्रको आवश्यकतामध्ये के कुन आवश्यकता पूरा हुन सकेको छ छैन ? स्थानीय बजारमा नपुग के छन् ? कुन कुन कुरा अव्यवस्थित छन् ? उपभोक्तालाई मर्का परेको विषय के हुन् ? लगायतको विषयको विवरण तयार गर्नु पर्दछ ।
- उल्लिखित विवरणका आधारमा के कस्तो सुधार गर्नुपर्छ भन्ने सम्बन्धमा योजना बनाउनु पर्दछ । यसरी योजना बनाउँदा व्यवस्थित बजार र व्यवस्थित बजारका लागि पूर्वाधार निर्माणका विकल्पसहितको योजनाका सम्बन्धमा निजी क्षेत्र र सबै खाले सरोकारवालाबाट राय सल्लाह लिनुपर्दछ ।

**व्यवस्थित बजारको योजना निर्माण गर्दा निम्नलिखित उपायहरू हुन सक्दछन् :**

- विद्यमान बजारमा सुधार गर्न सकिने र सुधार गर्नुपर्ने विषय
- यथास्थितिमा सञ्चालन गर्दा उपभोक्ताको हित विपरीत हुने वा व्यवस्थित बजारको अवधारणा विपरीत हुने अवस्था छ भने त्यस्तो सेवालाई स्थानान्तरण गर्ने विकल्प
- व्यवस्थित बजारका नयाँ योजना
- बजार व्यवस्थापनका विभिन्न पक्षहरूमध्ये कुन पक्षलाई प्राथमिकता दिने हो भन्ने सम्बन्धमा प्राथमिकीकरण गर्ने विषय
- व्यवस्थित बजारका लागि कुनै खास वस्तु वा सेवा (जस्तैः मासु पसल, निर्माण सामग्री आदि) का लागि विशेष क्षेत्र निर्धारण गर्नुपर्ने ।

### २.२.६ स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन

कुनै सेवा शुल्क वा रकम लिई वा नलिई बिक्री वा श्रम सुविधा वा परामर्श गर्न राखिएका कुनै वस्तु वा सेवा स्थानीय तहको क्षेत्रभित्र व्यापारका लागि राखिएका हुन्छन् । प्रत्येक वस्तु र सेवा व्यापारको सम्पूर्ण जानकारी स्थानीय सरकारलाई हुनुपर्दछ । स्थानीय क्षेत्रभित्रका वस्तु र सेवा व्यापारको कानूनले तोकेबमोजिम दर्ता नवीकरण छ छैन, निर्धारित मापदण्डबमोजिम सञ्चालित छ छैन भनी हेर्ने प्रक्रियालाई बजार नियमन भनिछ । स्थानीय तहको वस्तु र सेवा व्यापारमा अनुचित, एकाधिकारपूर्ण र निषेधित व्यापार छ वा छैन भनी हेरिने विधि पद्धति र प्रक्रियालाई बजार अनुगमन भनिन्छ ।

बजार अनुगमन गर्न गाउँपालिका र नगरपालिकाले आफ्नो बजारको आकारको आधारमा आवश्यक सङ्ख्यामा निरीक्षण अधिकृतको नियुक्ति गर्न वा निरीक्षण अधिकृतको रूपमा आफ्नो कुनै अधिकृतस्तरको कर्मचारीलाई तोक्न सक्छ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग अन्तर्गत रहेका कार्यालय तथा प्रचलित कानून बमोजिम तोकिएका बजार अनुगमन तथा निरीक्षण अधिकृत र स्थानीय प्रशासनसँग समन्वय गरी स्थानीय तहले बजार अनुगमनको कार्य गर्नुपर्छ । प्रचलित कानून बमोजिम तोकिएको निरीक्षक अधिकृतको काम, कर्तव्य र अधिकार निम्नलिखित हुने छन् :

- कुनै ठाउँमा असुरक्षित, असरयुक्त वा गुणस्तरहीन उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा ऐन वा

ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम कामकारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा आवश्यकताअनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने,

- निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा उपभोग्य वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, विक्रेता, सेवा प्रदायक वा सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक विवरण वा जानकारी वा व्यान लिन सक्ने,
- निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा ऐन वा ऐनअन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले उपभोग्य वस्तुको नमूना लिई तोकिएको अवधिका लागि उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउन सक्ने,
- बजार निरीक्षण वा जाँचबुझ गर्ने प्रयोजनका लागि वस्तु वा सेवाको परीक्षण सूची तयार गर्नुपर्ने,
- परीक्षण सूचीअनुसार भएको नपाइएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तुको बिक्री वितरणमा रोक लगाई तत्काल स्थानीय बजार व्यवस्थापन तथा ऐन सम्बन्धी कानून बमोजिम जरिवाना गर्न सक्ने,
- निरीक्षण अधिकृतले गरेको काम कारबाहीसम्बन्धी प्रतिवेदन सात दिनभित्र कार्यालयसमक्ष पेस गर्नुपर्ने,
- निरीक्षण अधिकृतले निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा त्यस्तो आदेश दिन वा उपयुक्त सम्झेको अन्य कार्य गर्न सक्ने,
- निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, विक्रेताविरुद्ध कुनै कानूनी कारबाही हुनुपर्ने देखेमा त्यसको विवरणसमेत प्रतिवेदनमा उल्लेख गरी सम्बन्धित निकायमा पठाउन सक्ने,
- निरीक्षण जाँचबुझ वा अनुसन्धानको सिलसिलामा कनै गुणस्तरहीन वा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तुको बिक्री, वितरण भइरहेको वा सेवा प्रदान गरेको देखिएमा त्यस्तो वस्तु वा सेवा व्यवसायमा प्रयोग भएको वस्तुको प्रयोगशाला परीक्षणका लागि आवश्यक पर्ने हदसम्मको परिमाणमा नमूना लिने र त्यस्तो नमूनालाई गुणस्तरमा फरक नपर्ने गरी सुरक्षित तरिकाले ववस्तुको प्रकृतिअनुसार निर्धारित प्रक्रिया पूरा गरी सिलबन्द गर्ने,

- नमूना लिएको वस्तुको बिक्री, वितरणमा ३० दिनसम्म रोक लगाउने,
- उपभोक्ता अधिकार र हित संरक्षणविपरीत हुने गरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री, वितरण भएको पाइएमा त्यस्तो वस्तु वा सेवाको उत्पादनस्थल, बिक्री वा वितरणस्थल सिलबन्द गर्ने,
- उपभोक्ता अधिकार र हित संरक्षण विपरीत कुनै कार्य गर्ने व्यक्ति भाग्न वा उम्कन सक्ने देखिएमा वा निजलाई तत्काल पक्राउ नगरेमा प्रचलित कानूनबमोजिम मुद्दा हेर्ने अधिकारी अनुमति लिई पक्राउ गर्ने,
- अनुसन्धानका क्रममा शङ्कास्पद व्यक्तिलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने र धरौटी वा जमानी दिन नसकेमा प्रचलित कानूनबमोजिम थुनामा राख्ने ।

### २.२.७ स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान

- स्थानीय तहले आफ्नो क्षेत्रभित्र हुने सबै प्रकारका वस्तु र सेवा बजारको तथ्याङ्क तथा बजार सम्बन्धमा भएका अध्ययन अनुसन्धानहरूको अभिलेखीकरण गर्नुपर्दछ। ऐनबमोजिम गठन हुने बजार व्यवस्थापन समिति तथा कार्यपालिका वा गाउँपालिका मातहत रहने बजार व्यवस्थापन महाशाखाले तथ्याङ्क र अध्ययन अनुसन्धानसम्बन्धी कार्यको व्यवस्थापन गर्नुपर्दछ। प्रत्येक वर्ष स्थानीय तहले आफ्नो वार्षिक कार्यक्रममा स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धानको काम समेत समावेश गर्नुपर्ने हुन्छ। स्थानीय बजार व्यवस्थापन, माग र आपूर्तिको अवस्था, कर सङ्कलनको अवस्था र बजारको सम्भावना तथा समस्या पहिचानका लागि यस्ता तथ्याङ्क र अध्ययन अनुसन्धान आवश्यक पर्ने हुँदा यस क्षेत्रमा कार्य योजना सहित बजेट र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुन्छ।

### २.२.८ निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य

स्थानीय बजार व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रका उद्योग वाणिज्य सङ्घ, व्यापार सङ्घ, चेम्बर अफ कमर्स, उपभोक्ता हित संरक्षणलगायतका संस्थासँग समन्वय र सहकार्य गर्नु आवश्यक हुन्छ। उपभोक्ता हित संरक्षण क्षेत्रमा काम गर्ने संस्थाहरूलाई बजार व्यवस्थापनको माग पक्षको रूपमा विकाश गर्नु स्थानीय तहको दायित्व हो। देहायका क्षेत्रहरूमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्न सकिन्छः

- ल्याब परीक्षण
- सुनलगायतमा हलमार्क
- गुणस्तर परीक्षणजस्ता प्राविधिक कार्य
- बजार अनुगमन
- सामाजिक सम्परीक्षण
- बिक्रीस्थल व्यवस्थापन
- उपभोक्ता सचेतना तथा जागरण ।

### २.२.९ स्थानीय व्यापार प्रबर्द्धन, सहजीकरण र नियमन

स्थानीय तहबाट उत्पादन हुने वस्तु तथा सेवा स्थानीय क्षेत्रमा नै खपत गराई माग र आपूर्तिमा सन्तुलन ल्याउनुपर्दछ। स्थानीय तहभित्र हुने वस्तु तथा सेवाको माग अनुसार बाहिरबाट नियमित आपूर्तिको व्यवस्था मिलाउनु पर्दछ। स्थानीय तहको उत्पादन र उत्पादकत्व बृद्धि गरी दिगो विकास तथा स्वाधीन अर्थतन्त्रमा टेवा पुऱ्याउनु स्थानीय तहको दायित्व हो। तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मक क्षमताको आधारमा सम्भाव्य देखिएका वस्तु र सेवाहरूको उत्पादन स्थानीयस्तरमा नै गर्ने व्यवस्था मिलाउनुपर्दछ। स्थानीय उत्पादनको खरिद बिक्री स्थलको व्यवस्थापन तथा सुपथ मूल्य पसलको सञ्चालन सहजीकरण जस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ। स्थानीय तहमा वस्तु र सेवाको सहज आपूर्तिको सहजीकरणका आवश्यक कानूनी व्यवस्था गरी सोअनुसार भए नभएको नियमन गर्नुपर्दछ। स्थानीय बजार व्यवस्थापन ऐनमा स्थानीय व्यापार प्रवर्धन, सहजीकरण र नियमनसम्बन्धी कानूनी व्यवस्था उल्लेख गर्नुपर्दछ।

### २.२.१० स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्धन र अभिलेखाङ्कन

मानिसको ज्ञान र बुद्धिले सिर्जना गरेका सबै कुरा बौद्धिक सम्पत्ति हुन्। बौद्धिक सम्पत्तिसम्बन्धी कानूनले बौद्धिक सम्पत्ति अधिकारको संरक्षणको व्यवस्था गर्दछ। बौद्धिक सम्पत्तिअन्तर्गत मूलतः निम्नलिखित दुई विषय पर्दछन्:

- प्रतिलिपि अधिकार
- औद्योगिक सम्पत्ति अधिकार

आविष्कारमूलक कामका लागि पेटेन्ट, वस्तुको मौलिक डिजाइनको संरक्षणका लागि डिजाइन अधिकार र उत्पादकले आफ्नो वस्तु तथा सेवाहरूलाई अरुको भन्दा फरक देखाउन र चिनाउन प्रयोग गर्ने चिह्नहरूको संरक्षणका लागि ट्रेडमार्क अधिकार आदि औद्योगिक सम्पत्ति अधिकारअन्तर्गत पर्दछ ।

प्रतिलिपि अधिकारले मानिसले गरेका रचना वा अभिव्यक्तिको संरक्षण गर्दछ । धेरै मुलुकहरूमा सार्वजनिक अभिलेखका लागि तथा प्रमाण पुऱ्याउन सजिलोका लागि स्वैच्छिक रूपमा दर्ता गराउन सकिने व्यवस्था गरिएको पाइन्छ । स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्धन र अभिलेखाङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

### २.२.११ उपभोक्ता हित तथा अधिकारको संरक्षण, उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन

उपभोक्ता नभई बजारको परिकल्पना नै हुँदैन । उपभोक्ताको हितअधिकारको संरक्षण गर्नु स्थानीय तहको दायित्व हो । बजारमा हुन सक्ने सिण्डिकेट, कार्टेलिङ, कृत्रिम अभावलगायतका अनुचित, निषेधित, एकाधिकारपूर्ण व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप उपभोक्ता हितविरुद्धका कार्य हुन् । उपभोक्ताको हित संरक्षण गर्नका लागि उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापनसम्बन्धी देहायका विषयलाई स्थानीय बजार व्यवस्थापन ऐनमा समावेश गरी लागु गर्नुपर्दछ ।

- स्थानीय तहले गर्ने कार्यबारे सचेतना प्रदान गर्ने
- उपभोक्ता अधिकारका लागि न्याय सम्पादन संयन्त्र प्रभावकारी र सहज बनाउने तथा सोको बारेमा उपभोक्तालाई जानकारी गराउने
- उपभोक्ता हितसँग सम्बन्धित संस्थालाई सशक्तिकरण गर्ने
- प्रयोगशालाको उपलब्धता बारेमा जानकारी
- उपभोक्ता अधिकार संरक्षण कोषको स्थापना गरी सोबारे उपभोक्तालाई जानकारी गराउने
- उपभोक्ता सचेतना र सरोकारसम्बन्धी कार्य गर्न कर्मचारी तोक्ने
- उपभोक्ता हकसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था एवम् राष्ट्रिय नीतिबारे उपभोक्तालाई जानकारी गराउने
- उपभोक्ता सचेतनाका लागि सङ्घ र प्रदेश तहका सम्बन्धित निकायसँग सहकार्यमा काम गर्ने

- अध्ययन तथा अनुसन्धानको क्षेत्रमा कार्यरत संस्थाहरूसँग सहकार्य गर्ने
- सङ्घीय तहमा भएका उपभोक्ता हित विषयमा उजुरी गर्ने निकाय, हेल्पलाइनलगायतको जानकारी प्रदान गर्ने
- उपभोक्ता हित संरक्षणसम्बन्धी कार्ययोजना बनाउने, आवश्यक बजेटको व्यवस्था गर्ने

### २.२.१२ स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण, जनशक्ति र क्षमता अभिवृद्धि

वस्तु र सेवामा उपभोग गर्न मिल्ने अवस्थाको मानकको रूपमा अधिकारप्राप्त निकायले निर्धारण गरेको वा मान्यता प्राप्त मान्यतालाई गुणस्तर मानिन्छ। कतिपय वस्तु वा सेवाको सङ्घीय कानूनले नै गुणस्तर तोकेको हुन्छ। त्यसरी गुणस्तर तोकिएको भए तोकिएबमोजिमको गुणस्तर छ वा छैन भन्ने परीक्षण गर्ने दायित्व स्थानीय तहको हो। स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण, जनशक्ति र क्षमता अभिवृद्धिअन्तर्गत देहायबमोजिमका विषय पर्दछन् :

- गुणस्तरको परीक्षण गर्ने
- प्रमाण चिन्हको अनुचित प्रयोगमा नियन्त्रण नियन्त्रण
- मिल्दोजुल्दो नामको प्रयोगमा नियन्त्रण
- जनस्वास्थ्य र सुरक्षासँग सम्बन्धित वस्तुको गुणस्तर तोक्न सक्ने
- निकासी पैठारी हुने पदार्थको गुणस्तर तोक्न सक्ने
- कुनै वस्तु वा सेवाको गुणस्तरसम्बन्धी निरीक्षण गर्न गराउन स्थानीय तहले आवश्यक सङ्ख्यामा निरीक्षकहरू नियुक्ति गर्ने
- कानूनले निषेध गरेका काम गर्ने व्यक्तिलाई कानूनबमोजिम सजाय गर्ने।

### २.२.१३ स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोगको नियमन तथा नियन्त्रण

प्रत्येक उपभोक्तालाई कुनैपनि वस्तु वा सेवा उपभोग गर्दा उक्त वस्तु वा सेवाबाट जिउ, ज्यान, सम्पति सुरक्षित गर्ने र हुने अधिकार हुन्छ। कुनैपनि विक्रिस्थलबाट उपभोक्ताको जिउज्यान, सम्पतिमा हानि नोक्सानी हुने गरी वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइँदैन। स्थानीय तह लगायतका नियमक निकायहरूले बजारमा आम उपभोक्ताको जिउज्यान, सम्पत्तिमा असुरक्षा पैदा गर्ने खालका व्यापारिक गतिविधिहरूको नियमन तथा नियन्त्रण

गर्नु पर्ने हुन्छ । विशेष गरि विषादीहरू, सुर्तिजन्य पदार्थहरू, रासायनिक तथा परमाणुजन्य सामग्रीहरू, उत्सर्जन हुने ग्यास, प्रज्वलनशील वस्तु, खाने उपभोग गर्ने अन्य वस्तुहरू जसले उपभोक्ताको स्वास्थ्यमा अल्पकालीन वा दीर्घकालीन असर पर्न सक्दछ त्यस्ता वस्तुलाई नियन्त्रण लगाउन, निश्चित समय तोकी बेच्न र त्यस्ता वस्तुको व्यापारमा स्थानीय तहले शर्त तोक्न सक्दछ। यही एकल अधिकारको प्रयोग गरि आफ्नो स्थानीय तहभित्र सुर्तिजन्य पदार्थ, मदिरा, रासायनिक विषादी, विकिरणजन्य पदार्थ आदिको बिक्री गर्दा निश्चित शर्त पूरा गर्नुपर्ने वा पूरै नियन्त्रण पनि गर्न सकिन्छ। यसरी नियन्त्रण गर्दा सम्बन्धित स्थानीय तहको स्थानीय बजार व्यवस्थापन ऐनमा व्यवस्था गरेको हुन पर्दछ।

जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोगको नियमन तथा नियन्त्रण गर्नु उपभोक्ताको वस्तु वा सेवा उपभोग गर्दा सुरक्षित हुन पाउने अधिकारको रक्षासँग जोडिने विषय हो। स्थानीय बजार व्यवस्थापन ऐनमा गरिने यस्ता व्यवस्थाले स्थानीय तहको जिम्मेवारी मात्रै पूरा गर्दैन, यसले उपभोक्ताको हक, अधिकार, स्वच्छ बजार, वातावरणीय हक र सुरक्षित हुन पाउने हक समेतलाई सम्मान गर्दछ। यी विषयहरू स्थानीय बजार व्यवस्थापनका मुल विषयहरू हुन्।

❄❄

# भाग - ३

# दर्ता, नवीकरण, खारेजी

## ३.१ व्यवसाय दर्ता, अनुमति तथा सिफारिस

- स्थानीय तहको सिमाना वा इलाकाभित्र वस्तु वा सेवासम्बन्धी कुनै व्यवसाय वा बिक्रीस्थल वा पसल वा हाट बजार, मेला, महोत्सव, पर्यापर्यटन जस्ता व्यवसाय दर्ता गर्न स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।
- स्थानीय तहको सिमाना वा इलाकाभित्र वस्तु वा सेवाको उत्पादन, आयात, ढुवानी, सञ्चय, बिक्री र सेवा प्रदान गर्न राखिएको फर्म, कम्पनी, उद्योग, कारोबार, व्यवसाय, जस्ता प्रदायक वा अन्य कुनै व्यवसाय सञ्चालन गर्नका लागि कानूनबमोजिम दर्ता गर्नका लागि सिफारिस आवश्यक परेमा सो सिफारिस पाउन स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।
- कुनै व्यवसायीले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित सङ्घ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत अनुमतिको लागि दिने आवेदनका साथ पेस गर्नुपर्दछ ।
- पेस भएको दर्ता वा अनुमतिको आवेदन उपर नगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति प्रदान गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनुपर्दछ ।
- दर्ता वा अनुमति प्रदान गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता गर्ने आवेदकलाई जानकारी गराउनुपर्दछ ।
- कुनै वस्तु वा सेवा सम्बन्धी व्यवसायका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित शर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी स्थानीय तहले दर्ता वा अनुमति सम्बन्धी कार्यविधि निर्धारण गर्न सक्दछन् ।

- स्थानीय तह भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानूनबमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा सम्बन्धीत स्थानीय तहले आवश्यक सिफारिस दिनु पर्दछ ।

## ३.२ व्यवसाय नवीकरण

स्थानीय तहको सिमाना वा इलाकाभित्र वस्तु वा सेवाको उत्पादन आयात, ढुवानी, सञ्चय, बिक्री र सेवा प्रदान गर्न राखिएको बिक्रीस्थल, पसल, फर्म, कम्पनी, उद्योग, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यापर्यटनजस्ता प्रदायक वा अन्य कुनै व्यवसाय नवीकरण गर्नका लागि स्थानीय तहमा प्रत्येक वर्ष असोज मसान्तभित्र निर्धारित शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्ने व्यवस्था गर्नुपर्दछ ।

## ३.३ दर्ता तथा अनुमति खारेजी

स्थानीय तहले दर्ता भएका व्यवसायको दर्ता वा अनुमति देहायको अवस्थामा खारेज गर्न सक्ने व्यवस्था गनुपर्दछ ।

- लगातार तीन वर्षसम्म नवीकरण नगराएमा
- मनासिव कारण दर्शाइ आफनो व्यवसाय खारेज गरी पाउँ भनी सम्बन्धित पालिकामा निवेदन दिएमा
- कुनै कुरा ढाँटी दर्ता गरेको ठहरिएमा
- स्थानीय तहबाट विवरण माग गर्दा सम्बन्धितले विवरण पेस नगरेमा
- स्थानीय तहको ऐन नियमको विपरीत हुने गरी कुनै कार्य गरेमा
- स्थानीय तहले निर्धारण गरेको शर्तहरू पालना नगरेमा ।

व्यवसाय दर्ता, अनुमति खारेज गर्नु अघि सम्बन्धितलाई सफाईको सबुद पेस गर्ने उचित अवसर दिनु पर्दछ । त्यसरी खारेज भएको व्यवसायका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को व्यवसाय दर्ता तथा सञ्चालन अनुमति प्रदान नगर्ने व्यवस्था गर्न सकिनेछ ।

कसैले पनि स्थानीय तहमा दर्ता तथा अनुमति नलिई, झुठ्ठा विवरण पेस गरी कुनै पनि व्यवसाय सञ्चालन गरे गराएमा सम्बन्धीत स्थानीय तहले जरिवाना तोक्ने सक्ने गरि कानून निर्माण गर्नुपर्दछ ।

**व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्ने :**

- स्थानीय तहमा व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी व्यवसायीले व्यवसाय सञ्चालन गर्नु पर्ने व्यवस्था गर्नु पर्दछ ।
- गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको वा अन्तर्राष्ट्रिय स्तरमा मापदण्ड तोकिएको भए सो वमोजिमको मापदण्ड वा सर्त पालना गर्नु पर्नेछ ।
- कुनै वस्तुको गुणस्तर वा मापदण्ड नतोकिएका हकमा उक्त वस्तु वा सेवाको गुणस्तरीय भएको सम्बन्धित व्यहोरा प्रदाायक स्वयम्लाई स्वघोषणा गर्न लगाउनु पर्दछ ।

**स्थानीय तहले व्यवसाय दर्ता वा व्यवसाय सञ्चालन अनुमतिका लागि दिनुपर्ने आवेदन, व्यवसाय दर्ता प्रमाणपत्र, नवीकरण तथा खारेजी सम्बन्धमा ढाँचा तोकिदिनु पर्दछ ।**

❄❄

## भाग – ४

# स्थानीय बजार व्यवस्थापनमा विभिन्न पक्षहरूको दायित्व

### ४.१ उत्पादकको दायित्व

- गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने
- वस्तुको लेबल निर्धारण गर्ने
- स्थानीय बजार व्यवस्थापन ऐन लगायतका प्रचलित कानून बमोजिमका कुराहरू लेबलमा कुरा उल्लेख गर्ने
- त्रुटिपूर्ण उत्पादन नगर्ने
- आफूले उत्पादन गरेको वस्तु त्रुटिपूर्ण उत्पादन भई त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु सङ्कलन गरी नष्ट गर्ने
- वस्तु वा सेवाको उत्पादनका कारण उपभोक्तालाई कुनै किसिमको क्षति भएमा सोको क्षतिपूर्ति दिने
- वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचार प्रसार नगर्ने
- न्यून गुणस्तर वा कमसल वस्तुको उत्पादन नगर्ने
- दुई वा दुईभन्दा बढी पदार्थको सम्मिश्रणबाट बनेको वा उत्पादित उपभोग्य वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा तत्त्व वा प्रतिशतको उपभोक्तालाई जानकारी दिनुपर्ने ।

### ४.२ पैठारीकर्ता वा आयातकर्ताको दायित्व

- परल मूल्यभन्दा बढी वा फरक नपर्ने गरी पैठारी गर्नुपर्ने
- सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत पैठारी गरिएका वस्तुको विवरण उपलब्ध गराउने
- प्रचलित कानून बमोजिम पैठारी गर्न नपाइने वस्तु पैठारी नगर्ने

- कुनै वस्तुको गुणस्तर वा प्रकृति बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक पैठारी भएको मितिबाट छ महिनापछि उपभोग गर्न नहुने वा नसकिने वा त्यस्तो अबधि समाप्त भएपछि उपभोग गर्न नमिल्ने वस्तु पैठारी नगर्ने
- सङ्घ, प्रदेश र स्थानीय तहले तोकेका अन्य दायित्व ।

## ४.३ ढुवानीकर्ताको दायित्व

- ढुवानी गरिने उपभोग्य वस्तुको प्रकृतिअनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्नुपर्ने
- ढुवानी गर्दा उपभोग्य वस्तुको गुणस्तरमा ह्रास आउन नदिने
- ढुवानी गर्दा सङ्घ, प्रदेश र स्थानीय तहले तोकिएबमोजिम सुरक्षात्मक व्यवस्था तथा पालना गर्नुपर्ने सर्तहरू पालन गर्ने
- सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत वस्तुको विवरण उपलब्ध गराउने ।

## ४.४ सञ्चयकर्ताको दायित्व

- उपभोग्य वस्तु सञ्चय गर्दा त्यस्ता वस्तुको प्रकृतिअनुसार सतर्कता अपनाउने
- कुनै वस्तु सञ्चय गर्दा त्यस्तो बस्तुको सञ्चयबाट जनस्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावबाट बचाउन र वस्तुको गुणस्तर कायम गनए आवश्यक प्रकाश तथा आर्द्रता कायम हुने गरी त्यस्तो वस्तुको सञ्चय गर्नु
- वस्तुको किसिम वा प्रकृति अनुसार ह्रास नआउने तोकिए बमोजिम सुरक्षात्मक उपाय अपनाई सञ्चय गर्ने र वस्तुको गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने
- उत्पादकद्वारा उल्लेख भएका वस्तुको विवरणलाई कुनै पनि किसिमले फेरबदल नगर्ने
- सम्बन्धित निकायले माग गरेको बखत त्यस्ता वस्तुको सञ्चयसँग सम्बन्धित विवरण उपलब्ध गराउने ।

## ४.५ विक्रेताको दायित्व

- बिनाभेदभाव उपभोक्तालाई उपभोग्य वस्तुको बिक्री गर्ने
- वस्तुको किसिम वा प्रकृतिअनुसार गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रूपमा राख्ने र सुरक्षित रूपमा बिक्री गर्ने
- सर्वसाधारणले स्पष्ट रूपमा बुझ्ने गरी देख्ने ठाउँमा उपभोग्य वस्तुको मूल्य सूची राख्ने
- स्थानीय तहले माग गरेका बखत आफूसँग रहेको उपभोग्य वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउने
- उपभोग्य वस्तुमा कुनै किसिमको ग्यारेन्टी, वारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्था पालना गर्ने
- पहिले आउने उपभोक्तालाई पहिले उपभोग्य वस्तु बिक्री गर्ने
- उपभोग्य वस्तु बिक्री गरेपछि त्यसको बिल वा रसिद दिने
- कुनै वस्तु बिक्री गर्दा त्यस्तो बस्तुको प्रयोग सम्बन्धमा उपभोक्ताले कुनै जानकारी माग गरेमा तत्सम्बन्धी जानकारी दिनु ।

## ४.६ सेवा प्रदायकको दायित्व

- बिना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने
- सर्वसाधारणले स्पष्ट रूपमा बुझ्ने गरी सबैले देख्ने ठाउँमा आफूले प्रदान गर्ने सेवाको सूची तथा त्यसको मूल्य सूची राख्ने
- सम्बन्धित निकायले माग गरेका बखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने
- पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने
- उपभोक्तालाई सेवा प्रदान गरेबापतको रकम लिएपछि त्यसको बिल वा रसिद दिने उपभोक्ताले पालना गर्नुपर्ने कुनै शर्त भए सो समेतको जानकारी उपभोक्तालाई दिनु
- आफूले प्रदान गर्न वस्तु वा सेवाको गुणस्तर, त्यसबाट उपभोक्तालाई हुन सक्ने लाभ र त्यस्तो सेवा उपभोग गर्दा

❄❄

## भाग – ५

# स्थानीय बजार व्यवस्थापन सम्बन्धी ऐनमा उल्लेख गर्नुपर्ने मुल विषयहरु

स्थानीय तहले नेपालको संबिधानको अनुसूची ८ को क्र.सं. १० मा उल्लेखित स्थानीय बजार व्यवस्थापन सम्बन्धी एकल अधिकार अन्तर्गतको कार्य गर्न एउटा अलग्गै ऐन बनाउन आवश्यक हुन्छ । प्रत्येक स्थानीय तहले स्थानीय बजार व्यवस्थापन ऐन बनाई स्थानीय व्यवस्थापिकाबाट पारित गर्नु पर्दछ । संविधानको धारा २२६ ले स्थानीय तहले प्रदेश कानूनले निर्दिष्ट गरेको प्रक्रिया अपनाई आँफै कानून बनाउन सक्ने अधिकार दिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले समेत स्थानीय तहलाई कानून बनाउन सक्ने अधिकार दिएकाले स्थानीय बजारको समग्र व्यवस्थापनका लागि स्थानीय बजार ऐन बनाउनु अपरिहार्य हुन्छ । यसरी ऐन बनाउँदा देहायका बिषयहरू समावेश गर्न वाञ्छनीय हुन्छ । यस सम्बन्धी नमुना कानून अनुसूची ४ मा राखिएको छ ।

- प्रस्तावना
- संक्षिप्त नाम र प्रारम्भ
- परिभाषा
- स्थानीय बजार व्यवस्थापनसम्बन्धी व्यवस्था
- उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्वसम्बन्धी व्यवस्था
- उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्था
- दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजीसम्बन्धी व्यवस्था
- अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापनसम्बन्धी व्यवस्था
- बजारको तह निर्धारणसम्बन्धी व्यवस्था

- आपूर्ति व्यवस्थापन
- वस्तु र सेवाको बिक्रीस्थलसम्बन्धी व्यवस्था
- सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्ने
- वातावरण सफा र स्वच्छ राख्नुपर्ने
- अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्बन्धी व्यवस्था
- मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्था
- गुणस्तरहीन वस्तु र सेवाको बिक्री वितरण गर्न नहुने
- लेबल र उपभोग्य म्यादसम्बन्धी व्यवस्था
- बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति
- समितिका काम कर्तव्य र अधिकार
- बजार अनुगमन टोलीको गठन
- अनुगमन तथा निरीक्षणका चरण खुलाउनु पर्ने
- बजार अनुगमनमा हेर्नुपर्ने विषय
- आचारसंहिता
- निरीक्षण अधिकृतको नियुक्ति
- निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार
- निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि
- कसुर गरेको मानिने
- तत्काल जरिबानासम्बन्धी व्यवस्था
- सजायसम्बन्धी अन्य व्यवस्था
- उजुरी दिन सक्ने
- सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाउन सक्ने
- प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा नपुग्ने
- सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने

- उजुरी तथा कारबाही व्यवस्था
- आकस्मिक निरीक्षणसम्बन्धी व्यवस्था
- उपभोक्ता संस्थालाई सूचिकृत गर्न सकिने
- स्थानीय तहमा उपभोक्ता सचेतना अभिवृद्धिका कार्ययोजना तर्जुमा गर्ने
- समितिको कार्यक्रम तथा बजेट
- स्थानीय प्रशासनको कर्तव्य
- नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने ।




❄❄

## भाग – ६

# सहकारिता, सहअस्तित्व र समन्वय

नेपालको संविधानको धारा २३२ मा सङ्घ, प्रदेश र स्थानीय तहको बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भन्ने व्यवस्था छ। स्वच्छ बजार कायम गर्ने, उपभोक्ता हित संरक्षण गर्ने जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तह सबैको अधिकार र दायित्वको विषय हो । यी तीनै तहले बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षणका लागि कार्य गर्दा सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा गर्नु पर्दछ ।

नेपालको संविधान जारी भए पश्चात लागु भएका प्रत्येक बजार र उपभोक्तासँग सम्बन्धित ऐन नियमहरूमा स्थानीय तहको भूमिका राखिएको पाइन्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८ मा स्थानीय बजार अनुगमनसम्बन्धी व्यवस्था र दफा ३२ मा स्थानीय तहको अधिकृतलाई पनि निरीक्षण अधिकृत नियुक्त गरी उपभोक्ता संरक्षण ऐन कार्यन्वयन गर्न सकिने व्यवस्था छ। विज्ञापन नियमन ऐन २०७६ मा पनि स्थानीय तहले आफ्नो क्षेत्रभित्रको विज्ञापन नियमन र नियन्त्रण गर्न सक्ने व्यवस्था छ। यसरी स्वच्छ बजार र उपभोक्ता हित संरक्षणसम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा अधिकार प्रयोग गर्ने व्यवस्था गर्न संवैधानिक प्रत्याभूति गरिएको छ ।

अहिले सङ्घ, प्रदेश र स्थानीय तह बीच बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षणसम्बन्धी कार्य कुन काम कुन निकायले गर्ने भन्ने मानकहरू तर्जुमा गर्न अझै बाँकी छ। स्थानीय तहले स्थानीय बजार व्यवस्थापन ऐन तर्जुमा गर्दा यी र यस्ता विषयहरूलाई समेत ध्यान दिनु पर्दछ ।

### प्राविधिक विषयको बजार अनुगमन गर्दा गर्नु पर्ने समन्वय

स्थानीय बजार व्यवस्थापन स्थानीय सरकारको एकल अधिकार भएता पनि आफ्नो स्थानीय तहको क्षेत्रभित्रका बजार नियमन, व्यवस्थापन गर्दा कतिपय

प्राविधिक विषयहरूका लागि सङ्घीय तथा प्रदेश सरकारअन्तर्गतका सम्बन्धित कार्यालयहरूसँग समन्वय गर्नु पर्दछ। कतिपय अवस्थामा तोकिएको मानक तथा प्राविधिक मार्गदर्शनहरूको प्रयोग गरी प्राविधिक जनशक्तिमार्फत स्थानीय तहले नै प्राविधिक विषयको अनुगमन गर्न सक्दछन्। खाद्य, औषधि जस्ता वस्तुको नियमन, अनुगमन गर्दा बजारबाट नमुना संकलन गरी परीक्षण गर्नु पर्ने भएमा सम्बन्धित विषयगत प्रयोगशालामा वा स्थानीय तहले आफैले स्थापना गरेको प्रयोगशालामा परीक्षण गर्न सकिन्छ। यसरी नमुना लिँदा वा परीक्षण गर्दा स्थापित तथा प्रमाणित राष्ट्रिय मापदण्ड तथा प्रक्रियाहरूको अक्षरश पालना गर्नु पर्दछ।




**खाद्य वस्तुको अनुगमन** : खाद्य वस्तुको अनुगमन गर्दा खाद्य विज्ञानमा आधारित रहेको गर्नु पर्ने हुदा स्थानीय तहले आफ्नै खाद्य निरीक्षक नियुक्ति गरेको हकमा उक्त निरीक्षकले राष्ट्रिय मार्गदर्शन, मापदण्ड तथा प्रक्रियाहरूको अक्षरश पालना गरी बजार नियमन गर्ने, नमुना संकलन गर्ने तथा कानूनले तोकेबमोजिम कारबाही प्रक्रिया गर्न सक्दछ। तर यदि स्थानीय तहले आफै खाद्य निरीक्षक तोकेको छैन भने सम्बन्धित जिल्ला वा प्रदेशको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यलयसँग समन्वय गरी खाद्य बजारको नियमन गर्नु पर्दछ। खाद्य बजारको नियमन गर्दा प्रचलित खाद्य ऐन, नियमावली तथा अन्य सरोकारवाला ऐन, कानूनले तोकेको प्रक्रियाको परिपालना गरी गर्नु पर्दछ।

**औषधिको अनुगमन** : औषधीजन्य वस्तुहरूको बजार अनुगमन गर्दा स्थानीय तहले सम्बन्धित जिल्ला वा प्रदेशमा रहेको औषधि व्यवस्था विभागको कार्यलयसँग समन्वय गरि गर्नु पर्दछ ।

**नाप तौल तथा गुणस्तर** : नाप तौल तथा गुणस्तरसम्बन्धी बजारको अनुगमन गर्दा नेपाल गुणस्तर तथा नापतौल विभागले तोकेको मानक तथा प्रक्रिया अनुसार गर्नु पर्दछ । आवश्यकता अनुसार सम्बन्धित विभागुसँग समन्वय गर्नु पर्दछ ।

**अन्य प्राविधिक वस्तु वा सेवाको अनुगमन** : अन्य प्राविधिक वस्तु वा सेवाको अनुगमन गर्दा सम्बन्धित कार्यलयले वा स्थानीय तहले तोकेको विधि र प्रक्रिया अपनाई आवश्यकताअनुसार समन्वय गरी गर्नु पर्दछ ।

❄❄

## भाग - ७

# उपभोक्ताका सिद्धान्त र अधिकारहरू

कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था उपभोक्ता हो। कुनै व्यक्ति वा संस्था कुनै एक वस्तु वा सेवाको प्रदायक वा विक्रेता भए पनि अन्य वस्तु वा सेवाको उपभोक्ता हुन सक्छ। बजार नभई मानिसका आवश्यकता पूरा नहुने भएकाले सवै मानिसहरू कुनै न कुनै वस्तु वा सेवा बजारका उपभोक्ता हुन्। त्यसैले उपभोक्ता अधिकार सवैको सरोकारको विषय बन्न गएको छ।

## ७.१ उपभोक्ता अधिकारका सिद्धान्तहरू

कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था उपभोक्ता हो। कुनै व्यक्ति वा संस्था कुनै एक वस्तु वा सेवाको प्रदायक वा विक्रेता भए पनि अन्य वस्तु वा सेवाको उपभोक्ता हुन सक्छ। बजार नभई मानिसका आवश्यकता पूरा नहुने भएकोले सवै मानिसहरू कुनै न कुनै वस्तु वा सेवा बजारका उपभोक्ता हुन। उपभोक्तावादका निम्न सर्वमान्य सिद्धान्तहरू छन्:

### (क) उपभोक्ता होसियार हुनुपर्छ (Caveat de Emptor)

वस्तु वा सेवा खरिद वा उपयोग गर्नु अघि वस्तु वा सेवाका सम्वन्धमा बुझेर मात्र कारोबार गर्नुपर्छ भन्ने उपभोक्ता आफै होसियार हुनुपर्छ भन्ने सिद्धान्त हो। गुणस्तरहीन वस्तु वा सेवाको विक्रिबाट आफूलाई नोक्सानी हुने वा आफू माथि ठगी र शोषण भएको शंका भए त्यस्ता वस्तु र सेवा उपभोक्ताले बहिष्कार गर्नुपर्छ भन्ने मान्यता राख्दछ।

### (ख) विक्रेता उपभोक्ता प्रति जिम्मेवार हुनुपर्दछ (Caveat de Venditor)

विज्ञान प्रविधिमा भएको विकासका कारण उत्पादनमा हुने परिष्करणले वस्तु र सेवाको उत्पादन, गुणस्तर र मूल्यका सम्वन्धमाउ पभोक्ताले पर्याप्त जानकारी राख्ने क्षमता राख्न सक्दैनन्। उपभोक्तालाई उत्पादनका सम्बन्धमा शिक्षा, सचेतना र जागरुक बनाउने दायित्व प्रदायक वा विक्रेताहरूको हो। आफूले

उत्पादन वा बिक्रीवितरण गरेको वस्तु वा सेवा उपभोक्ताका लागि गुणस्तरीय र सुरक्षित हुनुपर्छ भन्ने मान्यता नै उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ भन्ने सिद्धान्त हो । उपभोक्ताप्रति जिम्मेवार नभए फौजदारी दायित्व भोग्नु पर्ने र दुष्कृति वापत क्षतिपूर्ति उपभोक्तालाई दिनु पर्छ ।

### (ग) उपभोक्ता बजारमा सार्वभौम हुन्छन् (Doctrine of Consumer Sovereignty)

उपभोक्ता नभई बजार सञ्चालन हुँदैन । बस्तु वा सेवाको छनौट गर्ने र बजारको उपयोग सम्बन्धी पूर्ण अधिकार उपभोक्ता रहन्छ भन्ने मान्यता नै उपभोक्ता बजारका सार्वभौम हुनभन्ने सिद्धान्त हो । यहि सिद्धान्तका आधारमा उपभोक्ताको अधिकार विकास भएको हो ।

### (घ) उपभोक्तालाई सम्मान गरिनुपर्छ (Principle of Respectfulness)

बजारमा वस्तु वा सेवा खरिद वा उपभोग गर्दा उपभोक्ता खुसी र सन्तुष्ट हुनुपर्छ । बजारमा उपभोक्ताको सम्मान र प्रतिष्ठामा चोट पुग्ने खालका कुनै पनि बोली, व्यवहार र आचरण उत्पादक, विक्रेता वा प्रदायकबाट हुनु हुँदैन । स्वच्छ बजारको आधारभूत शर्तमा बजार सञ्चालन हुनुपर्छ भन्ने मान्यता नै उपभोक्ताप्रतिको सम्मान गरिनुपर्छ भन्ने सिद्धान्त हो ।

## ७.२ उपभोक्ताका अधिकारहरू

वस्तु वा सेवा प्रयोग तथा उपभोग गर्ने प्रत्येक उपभोक्ताका निम्नबमोजिम अधिकारहरू रहेका छन् ।

**सुरक्षाको अधिकार :** वस्तु वा सेवाको उत्पादन तथा बिक्री वितरणमा हुने गुणस्तर, परिमाण र अन्तरवस्तुबाट उपभोक्ताको शरीर, स्वास्थ्य, सम्पत्ति र मर्यादामा पर्ने नकारात्मक असर, हानी नोक्सानी र क्षतिबाट उपभोक्ताले सुरक्षित हुन पाउनुपर्छ ।

**सूचित हुने अधिकार :** वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर समेतका आवश्यक सूचनाका सम्वन्धमा प्रष्ट बुझिने गरी आवश्यक जानकारी पाउने उपभोक्ताको अधिकार हो । असत्य, अपूरो र भ्रम सिर्जना गर्ने लेवलिङ्ग तथा विज्ञापनबाट उपभोक्ता सुरक्षित हुनु पर्छ । उपभोक्ताले मागेको सही

सूचना नदिई, सूचना दिन इन्कार गरी वा गलत सूचना प्रवाह गरी उपभोक्तामाथि हुने ठगी र शोषणबाट उपभोक्ता सुरक्षित हुन पाउनुपर्छ ।

**छनौटको अधिकार :** प्रतिपर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा रोज्न पाउनु उपभोक्ताको अधिकार हो । आफ्नो प्रचलन वा धर्म, साँस्कृतिक परम्परा अनुसार उत्पादित वा वितरित वस्तु वा सेवा प्रयोग गर्ने वा नगर्ने भनी छनौट गर्ने अधिकार उपभोक्तामा रहन्छ । प्रत्येक स्थानीय तह एक बजार मानी सो बजार भित्र एक किसिमका सेवा र वस्तु प्रदायकहरू घटीमा तीन वा तीन भन्दा वढी वस्तु वा सेवा प्रदायकको व्यवस्थापन गरे वमोजिम वस्तु वा सेवाको छनौट गर्न पाउनु उपभोक्ताको अधिकार हो ।

**सुनुवाइको अधिकार :** वस्तु वा सेवाको उपभोगबाट आर्थिक, शारीरिक, मानसिक र भौतिक हानि, नोक्सानी र क्षति भएमा उपभोक्ताले मर्काका विरुद्ध उजुर गर्न पाउनु पर्छ । उपभोक्ताको मर्काका विरुद्ध कानूनद्धारा स्थापित सक्षम निकायबाट सुनुवाई हुनुपर्छ । यसैले उपभोक्ताको पायक पर्ने गरि निडर भई कम खर्चमा छिटो छरितो ढंगले न्याय पाउन कानूनी, प्रशासनिक आधार र संरचना निर्माण हुनुपर्छ ।

**उपभोक्ता शिक्षाको अधिकार :** वस्तु र सेवाको उपभोग, वातावरणमा पर्न सक्ने असर, छनौटको तौर तरिका, लागत, लाभ, जोखिम, लेवलिङ्ग, नाप, तौल, गुणस्तर, प्रचलित ऐन कानून, उजुरी गर्ने निकाय, अत्यावश्यक वस्तु र सेवाको मूल्य, वितरण प्रक्रिया आदिका सम्वन्धमा वस्तु वा सेवाका प्रदायकहरूबाट उपभोक्ताले औपचारिक वा अनौपचारिक दुवै माध्यमबाट ज्ञान र सीप हासिल गर्न पाउनु उपभोक्ता शिक्षाको अधिकार हो ।

**क्षतिपूर्तिको अधिकार :** गुणस्तरहीन वस्तु वा सेवाबाट उपभोक्तालाई हानि, नोक्सानी र क्षति पुगेमा उचित क्षतिपूर्ति पाउनु पर्ने उपभोक्ताको अधिकार हो ।

**आधारभूत आवश्यकतामा पहुँचको अधिकार :** मानिसलाई जीवन जिउनको लागि अत्यावश्यक मानिने खाना, बास, लत्ता कपडा, शिक्षा, सूचना, स्वास्थ्य, यातायात, सरसफाई जस्ता आधारभूत आवश्यकता पूर्तिका वस्तु वा सेवा वा भौतिक पूर्वाधार वा प्राकृतिक श्रोतमा हरेक व्यक्तिको विना अवरोध भौतिक, आर्थिक तथा सामाजिक र साँस्कृतिक रूपमा सहज रूपमा पहुँच भएको हुनुपर्छ । बजारमा वस्तु वा सेवाको उपलब्धता छ तर उपभोक्ताले त्यो

सर्वसुलभ रूपमा प्राप्त गर्न सक्ने अवस्था छैन भने पनि त्यसलाई पहुँचको अवस्थाको रूपमा भएको मानिंदैन ।

**स्वच्छ तथा स्वस्थ वातावरणको अधिकार :** स्वच्छ तथा स्वस्थ्य वातावरणको प्रवर्द्धनबाट मात्र दिगो विकास र उपभोक्ताको हित संरक्षण हुनसक्छ। वातावरणलाई प्रतिकूल असर पार्ने कुनै पनि वस्तु वा सेवाको उत्पादन र विक्रि वितरणबाट उपभोक्ता सुरक्षित हुन पाउनुपर्छ ।

**प्रतिनिधित्वको अधिकार :** उपभोक्ताको हक अधिकारसँग सम्बन्धीत प्रत्येक नीति, कानूनको निर्माण गर्दाको अवस्था तथा नियमन गर्ने निकायमा उपभोक्ताको उचित प्रतिनिधित्व हुनुपर्छ ।

❄❄

# भाग – ८

# उपभोक्ता अधिकार संरक्षणको विकासक्रम

अमेरिका र बेलायतमा बजारले आफ्नो आकार आफैँ निर्धारण गर्छ भन्ने पुँजीवादी खुला अर्थ व्यवस्था प्रचलित थियो । एकाधिकार र सिण्डिकेट जस्ता बजारका अव्यवस्थाबाट उपभोक्तालाई जोगाउन उपभोक्ता हित संरक्षणको विषयले प्राथमिकता पाउँदै आएको मानिन्छ। बजारमा प्रभावकारी नियमन तथा उपभोक्ता हित संरक्षण भएमा मात्र खुला अर्थ व्यवस्था दिगो विकासका लागि सहयोगी र सुशासनको प्रत्याभूति हुन्छ भन्ने मान्यता रहँदै आएको पाइन्छ ।

विज्ञानको विकास नभइसकेको र वस्तु वा सेवाको गुणस्तर र मूल्यका सम्बन्धमा उपभोक्ता आफैँले सहजै बुझ्न सक्ने भएकाले अधिकांश मुलुकहरूमा वस्तु वा सेवा लिने व्यक्ति वस्तु वा सेवा खरिद गर्दाको अवस्थामा वस्तु वा सेवाको सम्बन्धमा बुझेर मात्र आफैँ सचेत भई कारोबार गर्नुपर्छ भन्ने मान्यता रहँदै आएको थियो । पछि सन् १८१७ मा लिडलविरुद्ध अर्गानको मुद्दामा अमेरिकामा प्रधानन्यायाधीश जोन मार्सलले न्यायिक व्याख्यामार्फत उपभोक्ता सचेत हुनुपर्ने (Caveat emptor- let the buyer be aware) सिद्धान्त प्रतिपादन गरे ।

विज्ञानमा भएको प्रगतिसँगै वस्तुमा हुने परिष्करणका कारण उपभोक्ता वस्तु र सेवाको गुणस्तरका सम्बन्धमा सजिलै थाहा पाउन सक्ने अवस्था नभएकाले उपभोक्ता सचेत हुनुपर्ने सिद्धान्त समय सापेक्ष हुन सकेन। १९३२ मा डेङ्गुविरुद्ध स्टेभेन्सनको मुद्दामा बेलायतमा हाउस अफ लर्डका न्यायाधीश अक्टिनले वस्तु वा सेवाका उत्पादक, प्रदायक वा विक्रेताहरू उपभोक्ताप्रति जिम्मेवार हुनुपर्दछ (Caveat vendator- let the seller be aware) भन्ने सिद्धान्त प्रतिपादन गरे ।

पहिलो विश्वयुद्धपछि सृजित आर्थिक मन्दीका कारण खुला अर्थ व्यवस्था असफल भई बजारमा एकाधिकारपूर्ण, अनुचित र निषेधित क्रियाकलापहरू हाबी भएकाले खुला अर्थ व्यवस्था आलोचित भयो । राल्फ नाडेल, फोरेन्स

केली, माइकल मेरनन, कार्टिन अरनोल्ड, टम पिपरलगायतका अधिकारकर्मीहरूको आन्दोलनको दवावका कारण १५ मार्च १९६२ मा अमेरिकी राष्ट्रपति जोन अफ केनडीले अमेरिकी कङ्ग्रेसमा प्रत्येक उपभोक्तालाई सुरक्षा, सूचना, सुनुवाइ र छनोटको अधिकार भएको घोषणा गरे ।

संयुक्त राष्ट्र सङ्घको प्रस्ताव नं. २९/२४८ बाट सदस्य राष्ट्रहरूले उपभोक्ता संरक्षण मार्गदर्शन १९८५ पारित गरी उपभोक्ताको सुरक्षा, सूचना, छनोट, सुनवाइ, शिक्षा, क्षतिपूर्ति, आधारभूत आवश्यकतामा पहुँच र स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारसहित आठवटा अधिकारहरूलाई उपभोक्ताका अधिकारका रूपमा घोषणा गऱ्यो । दस्तावेजका प्रावधानका आधारमा सरकारले खाद्यान्न, पानी र औषधि जस्ता विशेष क्षेत्रका बारेमा मार्गनिर्देशिका निर्माण गर्नुपर्ने उल्लेख छ । मार्ग निर्देशिकामा खाद्य सुरक्षाका उपायहरू, सुरक्षा खाद्य मापदण्ड र पोषण आवश्यकता र त्यसको प्रभावकारी अनुगमन, निरीक्षण र मूल्याङ्कन संयन्त्र निर्माण, कार्यान्वयन गर्नु पर्ने, पानीको आपूर्ति र गुणस्तरमा सुधार ल्याउनुपर्ने र औषधिको प्रभावकारी मापदण्ड अपनाई गुणस्तर निश्चित गर्ने र औषधिको सही प्रयोग गराउनुपर्ने र विषादी, रासायनिक पदार्थको उत्पादन, भण्डारण प्रयोग र यसले स्वास्थ्य तथा वातावरणमा पर्ने प्रतिकूल असर आदिको बारेमा उत्पादकलाई विशेष सूचना तथा सङ्केतका बारेमा निर्देश गर्नुपर्ने उल्लेख छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को धारा १२ ले प्रत्येक व्यक्तिको शारीरिक, मानसिक स्वास्थ्यको अधिकार सुनिश्चित गर्नुपर्ने, वातावरणीय तथा औद्योगिक सरसफाइको सुधार, रोगको उपचार तथा नियन्त्रण र बिरामी भएको अवस्थामा चिकित्सकीय सेवा र हेरचाह सुनिश्चित गर्ने व्यवस्था गरेको पाइन्छ । धारा १३ ले निःशुल्क प्राथमिक शिक्षा, प्रगतिशील अवलम्बनबाट निःशुल्क माध्यमिक शिक्षा र धारा १५ ले वैज्ञानिक प्रगति तथा सोको फाइदा उपभोग गर्ने अधिकारको व्यवस्था गरेको छ ।

नेपालमा राजा जयस्थिति मल्लले वि.सं. १४३८ मा काँटा, ढक, पाथी, कुरुवाले किन्ने बेच्ने गर्नु भनी थिति जारी गरी माना, पाथी, कुरुवा, पाउ, धार्नीको चलन चलाई जनतालाई साहु महाजनबाट नापतौलमा हुने ठगीबाट उपभोक्तालाई बचाउन प्रयास गरेको पाइन्छ ।

राम शाहले वि.सं. १६६३-१६९३ मा पहिले पहिले प्रजाहरूले व्यवहार गर्दा बाँसका ढुङ्ग्रा, डाला, आरी यस्तै वस्तुले भरी लिनुदिनु गर्नाले बेथिति भएकाले अब उप्रान्त दश मुठीको एक मानु, आठ मानाको एक पाथी र बीस पाथीको एक मुरी चलन गर्नु र मानापाथीमा छाप लगाउनु, त्यस्तै ढकमा पनि बेथिति हुने भएकाले दश लालको एक मासा, दश मासाको एक तोला, अठार लालको एक पाउ, २७ तोलाको १ बोडी, १०८ तोलाको १ बिसौली, २ बिसौलीको एक धार्नी तुल्याई चलन गर्नु, ढकमा छाप लगाउनु भन्ने थिति चलाएको पाइन्छ ।

वि.सं. १९१० मा बनेको मुलुकी ऐनको इलमको महलमा "इलम रोजीमा गर्न नहुने कुरा गर्नेलाई एक रुपियाँदेखि ५० रुपियाँसम्म जरिवाना गर्नू" इलाजको महलमा "औषधि इलाज गर्न पाउनेले मात्र कायदा माफिकसँग औषधि चिरफार गर्न पाउने" खोटाचलनको महलमा "चास्नी र तौलमा घटाई कसर नाफा गरी खानेलाई बिगो बुझी दण्ड गर्नू, भर्ने नाप्ने जोख्ने तौलन माना, पाथी, ढक, गज इत्यादि वस्तुमा ऐनको मितिमा घटाई बढाई चलन गरेमा सो बदनियत पसल राख्नेलाई बिगो भराई पटक्कै पिच्छे ५० रुपियाँ जरिवाना गर्नू" "केही व्यहोराले तौल प्रमाणले कैफियत गरी थितिमा घटीबढी गरे गराएमा त्यस्ता माल फेला परे जफत गरी चलन नालायक तुल्याई बेकम्मा गराई लिलाम बिक्री गरी सरकारमा दाखिला गर्नू" भन्ने उल्लेख भएको पाइन्छ ।

नेपालमा कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा, छिनमा तोला छिनमा मासा, टाउको दुख्छ नाइटोमा औषधि, ठगको लक्षण टोपलटापल, तातै खाऊँ जल्दै मरुँ, दुधको साक्षी बिरालोजस्ता उपभोक्तालाई सचेत र वस्तु तथा सेवा प्रदायकलाई जिम्मेवार बनाउने खालका उखान टुक्का प्रचलनमा रहेको पाइन्छ ।

उपभोक्ताको हित संरक्षणका लागि आवश्यक सेवा सञ्चालन ऐन २०१४, आवश्यक पदार्थ नियन्त्रण ऐन २०१७ जारी भएको छ । मुलुकी ऐन २०२० मा कागज जाँचको महल, जमानी, ठगी, खोटाचलन, चौपाया, इलाज गर्ने र अदलको महलमा उपभोक्ता हित संरक्षणसम्बन्धी विभिन्न प्रावधान रहेको पाइन्छ । खाद्य ऐन, २०२३, स्टान्डर्ड नाप र तौल ऐन, २०२५, कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ लगायत यातायात, दाना, बिउविजन, औषधि, खानेपानी, विद्युत्, मासुजाँच सम्बन्धी विषयगत ऐन तथा मुलुकी ऐन ठगीको महल प्रचलनमा रहेका छन् ।

२०४२ सालमा पोल्यान्डबाट आयातित दुधको पाउडरमा चेर्नोबिलबाट चुहिएको आणविक विकिरणयुक्त भएको भन्ने सञ्चार माध्यमहरूमा प्रचारित समाचार र उपभोक्ताको दबाबबाट सरकारले उक्त दुध नष्ट गरेको घटना नेपालको उपभोक्ता जागरण प्रारम्भको दृष्टिले महत्वपूर्ण घटना मानिन्छ ।

नेपालको संविधान २०७२ को धारा ४४ मा उपभोक्ताको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ भने धारा ५१ घ (७) बमोजिम व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ता हित संरक्षण गर्ने राज्यको नीति रहने उल्लेख छ। संविधानको अनुसूची ७ मा आवश्यक वस्तु तथा क्षेत्रको आपूर्ति वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनका अधिकार सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा र अनुसूची ८ मा स्थानीय बजार व्यवस्थापन र स्थानीय सेवा व्यवस्थापनको अधिकार स्थानीय तहको अधिकारको सूचीमा रहेको छ ।

संविधान सभाको विधायिका संसद्मा उद्योग तथा उपभोक्ता हित सम्बन्ध समिति गठन भएको र समितिले आपूर्ति तथा उपभोक्ता हित संरक्षण उपसमिति गठन गरी उपभोक्ता हितको विषय विधायिका संसद् कार्यक्षेत्रभित्र प्रवेश भई केही महत्वपूर्ण योगदान गरेको पाइन्छ । प्रतिनिधि सभा नियमावली, २०७५ बाट हाल उद्योग वाणिज्य श्रम तथा उपभोक्ता हित समिति गठन भई क्रियाशील रहँदै आएको छ। उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता संरक्षण परिषद्, केन्द्रीय अनुगमन समिति, संयुक्त बजार अनुगमन निर्देशिका, २०६९ अन्तर्गत केन्द्र तथा जिल्ला स्तरमा अनुगमन समितिहरू क्रियाशील छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले आर्थिक सामाजिक र साँस्कृतिक अधिकारका कार्यलाई व्यवस्थित गर्न यस क्षेत्रको पहिलो निर्देशिकाको रूपमा उपभोक्ताको मानवअधिकार संरक्षण तथा संवर्धनका लागि अनुगमन मार्ग निर्देशिका, २०६८ लागू गरेको छ ।

नेपालको संविधानमा उपभोक्ताको हक मौलिक हकका रूपमा स्थापित भइसकेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षणको काम गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य अधिकार भएको उल्लेख छ। मौलिक हक कार्यान्वयन गर्न बनेको उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको छ। प्रदेश सरकार र स्थानीय सरकारहरूबाट उपभोक्ता हित संरक्षणसम्बन्धी ऐन, नियम, निर्देशिकाहरू जारी

गर्ने क्रम बढ्दै आएको छ। उपभोक्ता सरोकारका खाद्य, गुणस्तर, नापतौल, औषधि, यातायातलगायत वस्तु वा सेवासम्बन्धी कानूनहरू परिमार्जन र सुधारका लागि मस्यौदाहरू तर्जुमा भएका छन् ।

यसै बीच उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ बमोजिम उक्त कानून कार्यान्वयन गर्ने अधिकारीका रूपमा सरकारले ७७ वटा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई निरीक्षण अधिकृत तोकेको छ। निरीक्षण अधिकृतले समन्वय गर्ने, उपभोक्ता शिक्षामा सहजीकरण गर्ने, बजार अनुगमन गर्ने, कसुर देखिएमा तत्काल सजाय गर्ने र ठुलो हदको सजाय गर्नु परेमा फौजदारी मुद्धा चलाउने अधिकार समेत रहेको छ। यसैगरी प्रादेशिक व्यापार तथा व्यवसाय ऐन लागू भएका प्रदेशहरूका हकमा प्रदेश सरकार अन्तर्गतको उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई पनि बजार अनुगमन गर्ने र बजारमा देखा परेका कसुर नियन्त्रण गर्ने अधिकार दिएको छ। उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले आफू अन्तर्गतको घरेलु कार्यालय प्रमुखलाई निरीक्षण अधिकृत तोकेको छ। उल्लेखित कानूनले निरीक्षण अधिकृतलाई समन्वय गर्ने, उपभोक्ता शिक्षामा सहजीकरण गर्ने, बजार अनुगमन गर्ने, कसुर देखिएमा तत्काल सजाय गर्ने अधिकार तोकेको छ। प्रत्येक स्थानीय तहलाई एकल अधिकारअन्तर्गत स्थानीय बजार व्यवस्थापनको कानून तर्जुमा गरी लागु गर्ने अधिकार तोकेको छ। उल्लेखित कानूनबमोजिमको समिति, बजार अनुगमन टोली र निरीक्षण अधिकृतलाई बजार समन्वय गर्ने, उपभोक्ता शिक्षामा सहजीकरण गर्ने, बजार अनुगमन गर्ने, कसुर देखिएमा तत्काल सजाय गर्ने अधिकार तोकेको छ।

उपभोक्ता हित संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६ का अतिरिक्त देहाएबमोजिमका बजार र उपभोक्ता हितसँग सम्बन्धित विशेष ऐनहरू हाल विद्यमान रहेका छन् ।

- आवश्यक सेवा सञ्चालन ऐन, २०१४,
- आवश्यक पदार्थ नियन्त्रण ऐन, २०१७,
- औषधि ऐन, २०३५,
- कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२,
- खाद्य ऐन, २०२३,

- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता, २०७६,
- मुलुकी देवानी संहिता, २०७४,
- मुलुकी फौजदारी संहिता, २०७४,
- होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३,
- जनस्वास्थ्य सेवा ऐन, २०७५,
- गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३४,
- प्रतिष्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
- पशु बधशाला तथा मासु जाँच ऐन, २०५५,
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९,
- स्टाण्डर्ड नाप तौल ऐन, २०२५,
- विज्ञापन नियमन ऐन, २०७६,
- बस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी ऐन,
- सेभगार्ड, एण्टिडम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६,
- दूरसञ्चार ऐन, २०५३,
- सडक बोर्ड ऐन, २०५८,
- बिद्युत नियमन आयोग ऐन, २०७५,
- नागरिक उड्ययन प्राधिकरण ऐन, २०५३,
- विमा ऐन, २०४९,
- बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०७३,
- जीवनाशक बिषादी व्यवस्थापन ऐन, २०७६,

## विश्व उपभोक्ता दिवस (मार्च १५)

प्रत्येक वर्षको मार्च १५ वा चैत्रको पहिलो हप्तामा विश्व उपभोक्ता अधिकार दिवस पर्दछ। संयुक्त राष्ट्रसङ्घले प्रत्येक राष्ट्रलाई विश्व उपभोक्ता अधिकार

दिवसका रूपमा सप्ताहव्यापी कार्यक्रम गरी मनाउन आह्वान गर्दछ। उक्त आह्वानमा प्रत्येक देशका सङ्घीय, प्रान्तीय र स्थानीय सरकारले आगामी दिनमा उपभोक्ता हित संरक्षणका लागि गर्ने कामको कार्ययोजना घोषणा गर्न उत्प्रेरित गर्दछ। सन् १९६२ मा अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले मार्च १५ का दिन अमेरिकी कङ्ग्रेसमा उपभोक्ताको अधिकारहरू घोषणा गर्दै उपभोक्ता अधिकारपत्र जारी गरिएको सम्झनामा उक्त दिवस दुनियाँभर मनाउँदै आएको छ। उक्त दिवस नेपालमा पनि उपभोक्ता सचेतना अभिवृद्धिका लागि सङ्घीय सरकारले छुट्टै कार्यक्रम गर्दै मनाउने गरेको छ।

स्थानीय तहले उपभोक्ताको सचेतना बृद्धि गर्न र उपभोक्ताको अधिकार सुनिश्चित गर्न वार्षिक कार्यक्रममा निम्नानुसारका क्रियाकलापहरू समावेश गर्न आवश्यक हुन्छ :

(क) स्थानीय तहभित्रको उपभोक्ता हित संरक्षण महाशाखा/शाखाले वर्षभरि गरेको कामको समीक्षा,

(ख) उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालन,

(ग) उपभोक्ता हितको क्षेत्रमा काम गर्ने सरोकारवालाहरूको क्षमता अभिवृद्धि,

(घ) उपभोक्तालाई पर्ने मर्का उपर उपर कानूनी उपचारको सहजीकरण,

(ङ) उपभोक्ता सचेतना र अधिकार संरक्षणको क्षेत्रमा आगामी कार्यक्रमको घोषणा।

❄❄

## भाग – ९

# उपभोक्ता संरक्षण ऐन र नियमावलीका मुलभूत प्रावधानहरू

उपभोक्ता संरक्षण ऐन २०७५ को प्रस्तावनामा "गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले" यो ऐन जारी गरिएको कुरा उल्लेख छ ।

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको नैसर्गिक संवैधानिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न,
- अनुचित व्यापारिक क्रियाकलापलाई निवारण गरी स्वच्छ बजार संरक्षण गर्न,
- उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन उपयुक्त संयन्त्रको निर्माण गर्न,
- उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न,

दफा २ : परिभाषामा : उत्पादन, उपभोक्ता, उपभोक्ता संस्था, अनुचित व्यापारिक तथा व्यवसायीजन्य क्रियाकलाप, उपभोक्ता संस्था, गुणस्तरहीन वस्तु, प्रयोगशाला, लेबल, वस्तुको मूल्य, सेवा, त्रुटिपूर्ण उत्पादनको परिभाषा गरिएको छ ।

दफा ३ : उपभोक्ताका अधिकारहरू सम्बन्धी व्यवस्था रहेको छ ।

जसमाः-

(क) सही पहुँचको अधिकार

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सुसुचित हुने अधिकार

(घ) समिश्रित वस्तुमा रहेको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा जानकारी पाउने अधिकार

(ङ) सुरक्षित हुन पाउने अधिकार

(च) कारबाही गराउन पाउने अधिकार

(छ) क्षतिपूर्ति पाउने अधिकार

(ज) उपचार पाउने वा सुनुवाई हुने अधिकार

(झ) उपभोक्ता शिक्षा पाउने अधिकार

दफा ४ : वस्तु वा सेवाको नियमन : नेपाल सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमन गर्न

दफा ५ : वस्तु सेवाको गुणस्तर सम्बन्धी व्यवस्था

दफा ६ : लेबल लगाउनु पर्ने सम्बन्धी व्यवस्था

दफा ७ : उत्पादकको दायित्व सम्बन्धी व्यवस्था

दफा ८ : पैठारीकर्ताको दायित्व सम्बन्धी व्यवस्था

दफा ९ : ढुवानीकर्ताको दायित्व सम्बन्धी व्यवस्था

दफा १० : सञ्चयकर्ताको दायित्व सम्बन्धी व्यवस्था

दफा ११ : विक्रेताको दायित्व १२ सेवा प्रदायकको दायित्व सम्बन्धी व्यवस्था

दफा १३ : बजारको तह निर्धारण गर्ने सम्बन्धी व्यवस्था

दफा १४ : वस्तु फिर्ता गर्न सकिने सम्बन्धी व्यवस्था

दफा १५ : बिल विजक राख्नुपर्ने सम्बन्धी व्यवस्था

परिच्छेद ४: निषेधित कार्यहरू सम्बन्धी व्यवस्था

दफा १६ : अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुने

दफा १७ : माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने

दफा १८ : वस्तु वा सेवाको सम्वन्धमा गर्न नहुने अन्य काम

दफा १९ : अतयावश्यक खाद्य तथा अन्य वस्तु र सेवाको सूची सम्बन्धी व्यवस्था

दफा २० : मूल्य सूची तथा दर्ता प्रमाण राख्नुपर्ने सम्बन्धी व्यवस्था

दफा २१ : मूल्य सूची तथा दर्ता प्रमाण राख्नु पर्ने सम्बन्धी व्यवस्था

दफा २२ : वस्तु वा सेवाको मूल्यको मापदण्ड निर्धारण गर्ने व्यवस्था

परिच्छेद ६ : उपभोक्ता संरक्षण परिषद्

परिच्छेद ७ : जाँचबुझ निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था

दफा २५ : केन्द्रीय बजार अनुगमन समिति सम्बन्धी व्यवस्था

दफा २७ : प्रदेश बजार अनुगमन समिति सम्बन्धी व्यवस्था

दफा २८ : स्थानीय बजार अनुगमन समिति सम्बन्धी व्यवस्था

दफा ३६ : उजुरी सम्बन्धी व्यवस्था

दफा ३७ : सूचना चुहाउनेलाई कारावाही सम्बन्धी व्यवस्था

दफा ३८ : कसूर सम्बन्धी व्यवस्था

दफा ३९ : तत्काल जरिवाना गर्ने व्यवस्था

बजार अनुगमन वा निरीक्षण वा जाँचबुझ वा खानतलासीको क्रममा तत्काल प्राप्त प्रमाणबाट उपभोग्य वस्तुको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता वा सेवा प्रदायकले देहायको कुनै कार्य गरेको देखिएमा निजलाई तत्काल निरीक्षण अधिकृतले ऐनको दफा ३९ बमोजिम निम्नअनुसार बढीमा ३ लाखसम्म तत्काल जरिवाना गर्न सक्ने गरी कानूनी व्यवस्था गर्नुपर्छः

- ऐनको दफा १५ बमोजिम बिलविजक नराखेमा पाँच हजार रुपियाँ देखि बीस हजार रुपियाँसम्म

- ऐनको दफा १६ को उपदफा (२) को खण्ड (क) बमोजिम वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदी ढाँटी लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा विक्री वा प्रदान गर्ने, खण्ड (छ) बमोजिम कुनै वस्तुको कृतिम अभाव सृजना गर्ने जम्माखोरी गर्ने वा बिक्री गने, (ञ) बमोजिम बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने वा बिलविजक जारी गर्दा थप रकम माग गर्ने वा (ठ)

बमोजिम उपभोग गरिसक्नुपर्ने अवधि व्यतित भइसकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गरे वा गराएमा दुई लाखदेखि तीन लाख रुपियाँसम्म

- ऐनको दफा १७ को उपदफा (२ ) को खण्ड (ख) बमोजिम कुनै वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृत्रिम अभाव खडा गर्ने र (ग) बमोजिम निर्धारित समय वा स्थानमा मात्र वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिका अन्य कुनै कार्य गरेमा पचास हजारदेखि एक लाखसम्म

- ऐनको दफा २० को उपदफा (१) बमोजिम उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री विवतरण गने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गने सेवाको मूल्य स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची नराखेको पाइएमा र उपदफा (२) बमोजिम वस्तु उत्पादन गने उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यवसाय दर्ता, इजाजतपत्र बिक्री स्थलमा सर्वसाधारणले देख्ने गरी नराखेको पाइएमा पचास हजारदेखि एकलाख रुपियाँसम्म

- ऐनको दफा ५४ बमोजिम जाँचबुझ निरीक्षण वा अनुगमनको क्रममा सहयोग नगरेमा बीस हजार रुपियाँसम्म

दफा ४१ : उपभोक्ता अदालतको गठन

दफा ४५ : पुनरावेदन सम्बन्धी व्यवस्था

दफा ४८ : मुद्दाको कारवाही र किनारा सम्बन्धी विशेष व्यवस्था

दफा ५० : क्षतिपूर्ति दावी गर्न सक्ने

दफा ५१ : क्षतिपूर्ति प्रदान गनुपर्ने

दफा ५२ : क्षतिपूर्तिको मापदण्ड निर्धारण गर्ने

दफा ५३ : अत्यावश्यक वस्तु वा सेवा सुपथ मूल्यमा उपलव्ध गराउने

दफा ५४ : सहयोग गर्नुपर्ने

दफा ५५ : संस्थाको दायित्व

दफा ५६ : सूचना दिनेलाई पुरस्कार सम्बन्धी व्यवस्था

दफा ५७ : प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने

दफा ५८ : नेपाल सरकारवादी हुने

दफा ५९ : मुद्दाको अनुसन्धान र दायरी सम्बन्धी व्यवस्था

दफा ६० : संक्षिप्त कार्यविधि अपनाउनु पर्ने

दफा ६१ : असल नियतले गरेको कामको बचाउ सम्बन्धी व्यवस्था

## उपभोक्ता संरक्षण नियमावली २०७६ का मुख्य प्रावधानहरू

- नीतिगत व्यवस्था कार्यान्वयनः नियम ४ मा ऐनको दफा ४ को उपदफा ३ बमोजिम उपभोक्ताको अधिकार संरक्षण आपूर्ति व्यवस्थापन, र वस्तु वा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण गर्न बनेका नीतिगत व्यवस्था कार्यान्वयन गर्न छुट्टै गरिएकोमा सो निकायले र छुट्टै संस्थागत व्यवस्था नगरिएकोमा बाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले त्यस्तो नीतिगत व्यवस्था कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।
- गुणस्तर मापदण्ड निर्धारण : नियम ५ मा वस्तु र सेवाको गुणस्तर मापदण्ड निर्धारण गर्दा लिनसक्ने आधारहरू सम्बन्धी व्यवस्था गरिएको छ ।
- बजारको तह निर्धारण : नियम ११ मा वस्तु वा सेवाको प्रकृति अनुसार बजारको तह निर्धारण नेपाल सरकारले गर्ने व्यवस्था रहेको छ ।
- मूल्यको मापदण्ड निर्धारण : नियम ६ ले नेपाल सरकारले कुनै वस्तु र सेवा मूल्य निर्घारण सम्बन्धी निकाय तोक्न सक्ने र मापदण्ड निर्धारण गर्दा लिनुपर्ने आधारहरूका सम्वन्धमा व्यवस्था गरेको छ ।
- मूल्यसूचि राख्नुपर्ने : नियम १३ मा बिक्रेताले आफुले बिक्री वितरण गर्ने प्रत्येक बस्तु वा सेवाको मूल्यसूचि राख्नुपर्ने व्यवस्था गरेको छ ।
- बजार अनुगमन टोलीको गठन सम्बन्धी व्यवस्था : नियम १९ मा ऐनको दफा २९ वमोजिम गठन हुने सम्बन्धीत सेवा सम्बन्धी विज्ञ, निरीक्षण अधिकतका साथै सुरक्षा निकायका पदाधिकारी एवं अन्य निकाय वा संस्थाको समेत रहेको बजार अनुगमन टोली विभागले गठन गर्न सक्ने व्यवस्था छ । वस्तु वा सेवाको प्रकृति, स्वरूप र प्राविधिक पक्ष पक्षको आधारमा सम्बन्धीत नियमनकारी निकायको प्रतिनिधि, नेपाल सरकार प्रदेश सरकारका सम्बन्धीत निकायका प्रतिनिधि समेत रहने गरि विषयगत वा संयुक्त अनुगमन टोली गठन गर्न सक्ने व्यवस्था गरेको छ ।
- आकस्मिक निरीक्षण गर्न सक्ने : नियम २० मा उपभोक्ता संरक्षण ऐन तथा नियमावली विपरीत कुनै कार्य भइरहेको वा हुन लागेको विभागमा

कुनै माध्यमबाट जानकारी प्राप्त भएमा महानिर्देशकले आकस्मिक निरीक्षण गर्न सम्बन्धीत निरीक्षण अधिकृतलाई आदेश दिन सक्ने र निरीक्षण अधिकृतले समेत त्यस्तो स्थानको तत्काल निरीक्षण गरि चौवीस घण्टा भित्र महानिर्देशक समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ ।

- निरीक्षण अधिकृतको योग्यता : नियम २१ मा निरीक्षण अधिकृत हुनका लागि कुनै विषयमा स्नातक उत्तीर्ण गरेको र नेपाल सरकारको कुनै सेवाको कम्तिमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतको रूपमा कार्यरत रहेको, तर कुनै विषय विशेष ज्ञान आवश्यक पर्नेमा त्यस्तो विषयमा कम्तीमा स्नातक गरेको हुनुपर्ने छ । वस्तु वा सेवाको गुणस्तर निर्धारण तथा परीक्षण सम्बन्धी विषय वा कानून वा कानून, न्याय वा अपराध अनुसन्धान सम्बन्धी विषयमा मान्यता प्राप्त संस्थाबाट कम्तीमा तीस दिनको तालिम प्राप्त गरेको समेत हुनु पर्दछ । नेपाल न्याय सेवामा कार्यरत कानून अधिकृत वा यो नियमावली प्रारम्भ हुँदाका वखत विभाग र अन्तर्गतका कार्यालय वा प्रचलित कानून बमोजिम अपराधको अनुसन्धान तहकिकात सम्बन्धी कार्य गर्ने सरकारी निकायमा कम्तीमा छ महिनाको कार्य अनुभव कार्य अनुभव भएको अधिकृत व्यक्ति निरीक्षण अधिकृतको रूपमा काम गर्न योग्य मानिने व्यवस्था छ ।
- निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि : नियम २४ मा निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा निम्न बमोजिम प्रक्रिया र विधिका अपनाउनु पर्दछ ।
- सुपथ मूल्यको पसल सञ्चालन सम्बन्धी व्यवस्था : नियम ३४ मा अत्यावश्यक खाद्य तथा अन्यवस्तु वा सेवा सूची अनुसारका वस्तुको बिक्री वितरणको लागि मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले सार्वजनिक संस्था वा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक स्थान र संख्यामा सुपथ मूल्य पसल वा सार्वजनिक वितरण केन्द्र सञ्चालनको व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ ।
- निरीक्षण अधिकृत हेरफेर गर्न सक्ने : कुनै कारणले निरीक्षण अधिकृतबाट अनुसन्धान, तहकिकात गर्न वा गराउन उपयुक्त नहुने वा निजबाट त्यस्तो कार्य सम्पन्न हुने नदेखिएमा विभागले जुनसुकै वखत निरीक्षण अधिकृत हेरफेर गर्न सक्नेछ ।

- निरीक्षण अधिकृतलाई काममा लगाउन बाधा नपर्ने : सरुवा भएको कुनै अधिकृतलाई निरीक्षण जाँचबुझ वा अनुसन्धानको कार्य सम्पन्न नभएसम्म निरीक्षण अधिकृतको रूपमा काममा लगाउन बाधा पर्ने छैन ।

(**उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली २०७६ को पूर्ण पाठ** http://www.lawcommission.gov.np **मा हेर्न सकिन्छ**)

❄❄

## भाग – १०

# उपभोक्ता हित विरूद्धका क्रियाकलापमा उजुरी लिने निकायहरू

### १०.१ उजुरी लिने निकायहरू

आफूलाई आवश्यक परेको सार्वजनिक विषयको सूचना लिने अधिकार हरेक नागरिकमा हुन्छ। उपभोक्ता अधिकारका विषयमा जानकारी पाउनु हरेक नागरिकको अधिकार हो र यसलाई सुनिश्चित गर्नु सरकारको दायित्व हो। आफूलाई आवश्यक परेको सूचना सम्बन्धित सरकारी निकायहरूबाट प्राप्त गर्न सकिन्छ। जस्तैः

- **स्थानीय तह :** हरेक स्थानीय तहमा उपभोक्ताको उजुरी सुन्ने र सम्बोधन गर्ने संयन्त्र हुनु पर्दछ। स्थानीय बजार व्यवस्थापन ऐन अनुसारको स्थानीय बजार व्यवस्थापन समिति वा निरीक्षण अधिकृत वा अनुगमन टोली समक्ष उजुरी दिन सकिन्छ।
- **घरेलु कार्यालयहरू :** प्रादेशिक ऐन बमोजिमको प्रत्येक प्रादेशिक उपभोक्ता संरक्षण निर्देशन तथा अन्तर्गतको प्रत्येक जिल्लामा रहेका घरेलु कार्यालय वा निरीक्षण अधिकृतहरू
- **जिल्ला प्रशासन कार्यालय :** उपभोक्ता संरक्षण ऐन बमोजिम प्रत्येक जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीलाई निरीक्षण अधिकृत तोकेकोले निरीक्षण अधिकृत समक्ष
- **खाद्य वस्तुसँग सम्बन्धित :** स्थानीय तह, खाद्य गुण नियन्त्रण विभाग वा मातहतका प्रदेश तथा जिल्ला स्तरका कार्यालयहरू
- **नापतौल, गुणस्तरसँग सम्बन्धित :** स्थानीय तह, गुणस्तर तथा नाप तौल विभाग वा मातहतका कार्यालयहरू
- **वस्तु वा सेवाको मूल्य, गुणस्तर वा उपभोक्ता सम्बन्धी :** स्थानीय तह, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग तथा यस मातहतका सम्बन्धित प्रदेश तथा जिल्ला स्तरीय कार्यालयहरू

- **औषधि सम्बन्धी :** स्थानीय तह, औषधि व्यवस्थापन विभाग तथा यस मातहतका सम्बन्धित प्रदेश तथा जिल्ला कार्यलय
- **राष्ट्रिय मानव अधिकार आयोग**
- **प्रहरी कार्यालय**







## १०.२ उपभोक्ता अदालत

उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकताअनुसार उपभोक्ता अदालत गठन गर्न सक्ने छ। उपभोक्ता अदालतको गठन नभए सम्मका लागि सम्बन्धित जिल्ला अदालतबाट वस्तु र सेवाको उपभोक्तालाई पर्ने मर्काको उजुरी हेर्ने, क्षतिपूर्ति निर्धारण गर्ने, उपभोक्तालाई हानि नोक्सानी पुऱ्याउने वस्तु तथा सेवाका प्रदायक र कारोबारीलाई कैद, जरिवाना, क्षतिपूर्ति भराउने काम गर्दछ।

गुनासो वा उजुरीमा कारबाहीका लागि गरिने आदेशको प्रकृति निम्नानुसारको हुने गर्छ :

(अ) तुरुन्त अनुगमन वा सोधपुछ वा पत्राचार गरी आवश्यक कारबाही गरी निवेदकलाई जानकारी दिने

(आ) आवश्यक कारबाही गरी निवेदकलाई जानकारी दिने
(इ) प्रचलित कानूनबमोजिम कारबाही गरी निवेदकलाई जानकारी दिने
(उ) नीति, कार्यक्रम र आगामी बजेटमा समावेश गर्न पेस गर्ने
(ऊ) आगामी बैठकमा पेस गर्ने
(ऋ) सम्बन्धित नियामक अधिकारी वा निकायमा पठाउने र कार्य फर्स्योट भएपछि प्रगति विवरण पठाउन पत्राचार गर्ने

❄❄

## भाग – ११

# वस्तु वा सेवा उपभोग गर्दा उपभोक्ताले ध्यान दिनुपर्ने कुराहरू

### १०.१ उपभोक्ता सचेत र जागरुक हुनुपर्ने प्रमुख विषयहरू

- **दर्तावाल सेवा प्रदायक :** दर्ताबिनाका वस्तु, सेवा र प्रदायक पहिचान गर्न कठिन हुने भई उपभोक्ता ठगिने सम्भावना ज्यादा हुन्छ। त्यस्ता वस्तु, सेवा र प्रदायकलाई बहिष्कार गर्नुपर्छ। दर्ता भएका मालवस्तु, सेवा र प्रदायक कहाँ मात्र खरिद गर्ने र बिक्रीकर्ताको नाम, ठेगाना, पान नं वा भ्याट नं उल्लेख भएको बिलविजक लिने बानी गर्नुपर्दछ।

- **आपूर्ति :** बजारमा वस्तु र सेवाको आपूर्तिको अवस्था आम उपभोक्ताका लागि सहज र पहुँच योग्य हुनुपर्छ। सिन्डिकेट, कार्टेलिङ गरी कृत्रिम अभाव, जम्माखोरी, अपचलन गरेको पाइए तत्काल नियमक निकाय वा उपभोक्ता संस्थामा उजुरी गर्नुपर्छ।



- **गुणस्तर :** लेबलिङ नभएका, म्याद गुज्रेका मालवस्तुको उपभोग गर्नु हुँदैन । विषादीयुक्त, बासी, सडेको, मिसावट एवम् कमसल वस्तु वा सेवा भएको शङ्का लागे त्यस्ता वस्तु र सेवा लिन इन्कार गर्नुपर्छ। यस्तो पसल वा बिक्रीकर्ताको बारेमा तुरुन्त सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमा जानकारी दिनुपर्दछ ।
- **नाप तौल :** वस्तु वा सेवा खरिद गर्दा त्यसको नापतौल ठिक भएको यकिन गरेर मात्र खरिद गर्नुपर्छ। झुक्याई कम नापतौल बिक्री वितरण गरेको पाइए तत्काल उजुरी गरी त्यस्ता विक्रेतालाई सजाय गराई नापतौलमा हुने ठगीबाट बच्न र अरूलाई पनि बचाउन सकिन्छ ।
- **मूल्य :** वस्तु र सेवा खरिद गर्दा मूल्य हेरी बुझी खरिद गर्ने बानी गर्नुपर्छ। तोकिएको भन्दा बढी तथा अनुचित मूल्य लिएमा विक्रेताका विरुद्ध उजुरी गरी कालोबजार, नाफाखोरी र ठगीमा सजाय गराउन सकिन्छ। त्यस्ता विक्रेतालाई भएको जरिवानाको २५ प्रतिशत रकम उजुरकर्तालाई कमिसन प्राप्त हुन्छ ।
- **विज्ञापनमा मात्र भर नपर्ने :** विज्ञापनको विश्वास परी वस्तु र सेवा खरिद गर्नु हुँदैन । विज्ञापनमा उल्लेख भएबमोजिम वस्तु र सेवा नपाइए त्यस्तो प्रदायकलाई झुक्याई बिक्री वितरण गरेको तथा ठगी गरेको कसुरमा सजाय गराउनुपर्छ। त्यस्तो विज्ञापनबाट उपभोक्ता मा पुग्न गएको हानिनोक्सानी प्रदायकबाट क्षतिपूर्ति भराई लिन सकिन्छ ।
- **कर :** रितपूर्वकको बिलविजक जारी नगर्ने विक्रेताको मालवस्तु र सेवा कारोबार अवैध हुन्छ। त्यस्ताका विरुद्ध उजुर गरी सजाय गराउनुपर्दछ। करबाट नै राज्यले विकास निर्माणको कार्य गर्ने तथा सामाजिक सुरक्षा प्रदान गर्ने भएकाले कर छली गर्ने विक्रेतालाई वहिष्कार गर्ने र उजुरी गर्ने गर्नुपर्छ ।
- **नियमन :** वस्तु र सेवासम्बन्धी अधिकारप्राप्त नियमन निकायबाट नियमित अनुगमन नियमन भए नभएको उपभोक्ताले निगरानी राख्नुपर्छ। आवश्यक सूचना दिएर अनुगमन नियमनका कार्यमा सहयोग पुऱ्याउनु उपभोक्ताको कर्तव्य हो। अनुगमन नियमनको क्रममा हुन सक्ने अनियमितताका सम्बन्धमा उपभोक्ता चनाखो रहनुपर्दछ ।

- **विज्ञापनको प्रामाणिकता हेर्नुपर्ने :** उपभोक्ताले कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा वस्तु वा सेवा प्रदायकले दिने विज्ञापनमा देहायका अवस्था भएनभएको विचार गर्नुपर्छ :

  (क) झुट्टा वा भ्रमात्मक सूचना प्रचारप्रसार गर्ने वा विज्ञापन गर्ने,

  (ख) वस्तु वा सेवाको गलत वा भ्रामक विज्ञापन वा प्रचारप्रसार नगर्ने,

  झुट्टा वा भ्रमात्मक सूचना प्रचारप्रसार गर्ने वा विज्ञापन गर्ने वस्तु वा सेवा पहिचान गरी वहिष्कार गर्नुपर्छ । त्यस्ता प्रदायकका विरुद्ध उजुरी गर्न प्रोत्साहन गर्नुपर्छ ।

## १०.२ खाद्य वस्तुको उपभोग गर्दा ध्यान दिनु पर्ने कुराहरू

खाद्यवस्तु आम उपभोक्ताले बढी खरिद तथा उपभोग गर्ने वस्तु हो । आम उपभोक्ताको स्वास्थ्यसँग जोडिएको खाद्य वस्तुमा मिसावट, न्युन गुणस्तरदेखि नापतौल, विज्ञापनसम्ममा गैर कानूनी तथा निषेधित क्रियाकलापहरू भइरहेका हुन सक्दछन् । अतः आम उपभोक्ताले खाद्य वस्तुको उपभोगबाट हुन सक्ने असरबाट बच्न मिसावटयुक्त खाद्य पदार्थ उपभोग नगर्ने, खाद्य वस्तुको खरिद गर्दा लेबलमा भएका कुराहरू राम्ररी हेरेर मात्र खरिद गर्ने, नाप तौल देखि मूल्यसम्ममा चनाखो हुनु पर्दछ ।

### नेपाली खाद्य बजारमा हुन सक्ने मिसावट तरिका

**(क) चामल :** बियाँ, कनिका, ढुङ्गा, उच्च जातको चामलमा निम्न जातका चामल मिसाउनु

**(ख) तरल दूध :** पानी थप्नु, दुधमा रहेको चिल्लो पदार्थ हटाउनु, चिल्लोरहित धुलो दुध मिसाउनु, बासी दूध फाट्ने डरले कार्बोनेट र बाइकार्बोनेट मिसाउनु, दुधलाई बाक्लो पार्न स्टार्च वा पिठो मिसाउनु

**(ग) धुलो दूध :** स्टार्च, चामलको पिठो वा मैदा, मेलामाइन मिसाउनु

**(घ) घिउ र नौनी :** वनस्पति घिउ, बोसो, मैन, पिँडालु वा चिउरीको घिउ मिसाउनु

**(ङ) आइसक्रिम :** निषेधित कृत्रिम रङहरू (जस्तैः मेटानिल एलो, कृत्रिम गुलियो) मिसाउनु

(च) **चिया :** कमसल चियामा असल चिया मिसाउनु, प्रयोग गरिसकेको खोस्टा सुकाएर मिसाउनु, काठको धुलो रङ्गाएर राख्नु

(छ) **मासु :** खसीको मासुमा बाख्रीको मासु, स्वस्थ जनावरको मासुमा मरेको जनावरको मासु मिसाउनु

(ज) **तोरीका दाना :** आर्जिमोन दाना मिसाउनु

(झ) **मिठाईहरू :** विभिन्न अखाद्य रङहरूको प्रयोग, मेलामाइन मिसिएको दुध पाउडर

(ञ) **कुराउनी :** मैदा वा बिस्कुट मिसाउनु

(ट) **दालहरू :** उच्चस्तरको र महँगा दालहरूमा निम्नलिखित गुणस्तरका दालहरू मिसाउनु साथै रहरमा खेसरी, मुसुरोमा अकरा मिसाउनु एवम् पुरानो दाललाई रङ्ग्याउनु

(ठ) **खाद्य तेलहरू :** अखाद्य र खनिज तेल (जस्तैः तोरी तेलमा आर्जिमोन, भटमास, आलसको तेल र भटमासमा खनिज तेल) मिसाउनु

(ड) **धुलो मसला :** गहुँको पिठो, कोलटार रङबाट रङ्गाइएको काठको धुलो मिसाउनु

(ढ) **मरिच :** मेवाको बिउ मिसाउनु

(ण) **बेसार :** मेटानिल एलो, मकैको पिठो अन्य पहेँलदार रङहरू मिसाउनु

(त) **धनियाँ वा खुर्सानीको धुलो :** धानको ढुटो रङ्ग्याएर मिसाउनु

(थ) **नुन र चिनी :** सेता, मसिना ढुङ्गाका टुक्राहरू, चकको धुलो, कनिका मिसाउनु

(द) **मह :** चिनीको चास्नी मिसाउनु

(ध) **वनस्पति घिउ :** जनावरको बोसो मिसाउनु

(न) **हल्का पेय पदार्थहरू :** चाहिनेभन्दा बढी मात्रामा पानी, निषेधित रङहरू मिसाउनु

## मिसावटयुक्त खाद्य पदार्थबाट स्वास्थ्यलाई पर्ने असरहरू

मिसावटयुक्त खाद्य पदार्थको उपभोगबाट स्वास्थ्यमा नराम्रो असर पर्न सक्छ। खेसरी दाल मिसाएको दाल खाएमा प्यारालाइसिस, अखाद्य रङ प्रयोग गरिएको खानेकुरा उपभोग गरेमा मिर्गौला, कलेजोमा असर, क्यान्सर लाग्न सक्ने हुन सक्छ। त्यसरी कास्टिक सोडायुक्त दुधको सेवनबाट पाचन प्रणालीमा समस्या ल्याउनुका साथै रक्त क्यान्सरजस्ता प्राणघातक रोगको सिकार बनाउँछ।

सिसा, पारो, आर्सेनिक, टिन, जिङ्क, तामा आदि धातुहरूको अधिक उपस्थिति भएको खानेकुरा खाएमा वान्ता हुनु, आँखामा असर पर्नु, जाँगर नलाग्नु, प्यारालाइसिस हुनु, पाचन क्रियामा असर पर्ने, दिमाग, मिर्गौलालगायत अन्य अङ्गमा गम्भीर असरहरू हुन सक्दछन्। त्यसै गरी हानिकारक जीवाणु/कीटाणु, परजीवीले सङ्क्रमित खाना खाएमा बान्ता हुनु, पेट दुख्नु, प्यारालाइसिस हुनु, झाडापखाला लाग्नु, ज्वरो आउनु, कलेजो, मिर्गौलालगायत संवेदनशील अङ्गहरूमा गम्भीर असर पर्नुका साथै स्वास्थ्यमा नराम्रो असर पारी समयमा उपचार हुन नसकेमा कुनै कुनैको प्रभावले मृत्युसमेत हुन सक्छ। पशुजन्य खानेकुरामा एन्टिबायोटिक बढी भएको खानेकुरा खाँदा आरटरीहरू कडा हुनु, मुटुमा समस्या उत्पन्न हुनु र उपचार गर्दा औषधिको असर देखा नपर्न सक्छ। त्यस्तै मेलामाइलले मिर्गौलामा पत्थरी, अन्य मूत्र रोगका साथै मृत्युसम्म हुने गम्भीर असर पर्दछ।

## खाद्य मिसावटको असरबाट बच्ने उपायहरू

खाद्य मिसावटको असरबाट बच्न उपभोक्ताले खाद्य वस्तु खरिद तथा उपभोग गर्दा कुनै पनि प्याकिङ भएको खाद्य पदार्थको बाहिरी आवरणमा लेबलमा खुलाउनुपर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पूरा नाम ठेगाना) हेरेर मात्र खरिद गर्ने साथै उपर्युक्त विवरणहरू उल्लेख नभएका प्याकिङ भएको खाद्य पदार्थको खरिद नगर्ने, कुनै रोगी वा रोगनाशक पशुपन्छीको मासु नखाने, चरा, मुसाको बिस्टा, रौँ, ढुङ्गा आदि देखिएको वस्तु खरिद नगर्ने गर्नुपर्दछ। त्यस्तै बढी रङ देखिने, रङ्गीविरङ्गी, अखाद्य वस्तुहरू (जस्तैः प्लास्टिकका खेलौना, बेलुन, सिटी आदि) प्रयोग भएका खाद्य पदार्थ खरिद नगर्ने, सडेगलेको, झिँगा भन्केको, विषाक्त अवस्थामा तयार पारिएको खाद्यवस्तु खरिद नगर्ने, उपभोग्य मिति

समाप्त भएका, सडेगलेका, झिँगा भन्केका, फोहोरी वा बिरामी मानिसले तयार गरेका तथा फोहोर ठाउँमा राखिएका खाद्य वस्तुहरूको खरिद नगर्ने जस्ता सावधानी उपनाउनु आवश्यक हुन्छ । खाद्य पदार्थमा मिसावट छ वा छैन भनी यकिन गर्नका लागि कतिपय खाद्यवस्तुको मिसावट जाँच गर्ने घरेलु उपायहरूद्वारा चेक गर्न पनि सकिन्छ ।

## १०.३ वस्तु र सेवाको उपभोग खरिद गर्दा उपभोक्ताले ध्यान दिनुपर्ने अन्य कुराहरू

(क) विज्ञापनको भरमा नपरौं, गुणस्तर र मूल्य हेरी बुझी मात्र वस्तु र सेवा खरिद गर्नुपर्छ ।

(ख) औषधि तथा खाद्य पदार्थ किन्दा उत्पादकको नाम, ठेगाना, दर्ता, मिश्रण, परिमाण, तौल, करसहितको अधिकतम खुद्रा मूल्य, ब्याच नं. उपभोगको म्याद सकिने मिति हेरी उपयुक्त लागेमा मात्र खरिद गर्नुपर्छ ।

(ग) मूल्य तिरेपछि बिल पाउनु उपभोक्ताको अधिकार हो । सामान खरिद गरेपछि बिल लिई सुरक्षित बन्नुपर्छ ।

(घ) दर्ता नगरी भएका उत्पादन, बिक्रीका मालवस्तु र सेवा अवैध भई उपभोक्ता ठगिन सक्ने भएकाले वहिष्कार गर्नुपर्छ ।

(ङ) कम नापतौल, कालोबजारी, नाफाखोरी, जम्माखोरी, कृत्रिम अभाव र मूल्यवृद्धि, काटेलिङ, सिन्डिकेट बन्धनयुक्त बिक्रीजस्ता उपभोक्ता माथिको ठगी र शोषणका विरुद्ध प्रतिकार गर्नुपर्छ । उजुर गरी दण्डित गराउनुपर्छ ।

(च) डाक्टरको सल्लाहविना औषधिजन्य पदार्थको प्रयोग र सेवन गर्नु हुँदैन ।

(छ) विषादीहरू विष हुन् औषधि होइनन् । विषादीको हानिकारक प्रयोग भई अवशेष रहेका खाद्यवस्तु उपभोग गर्नु हुँदैन ।

(ज) उत्पादक, आयातकर्ता र विक्रेताबाट वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन करमा हुन सक्ने ठगी र शोषणका विरुद्ध सचेत र जागरुक बन्नुपर्छ ।

(झ) सिसाको मात्रा अधिक भएका आकर्षक रङरोगन र सौन्दर्य सामग्री प्रयोग गर्न हुँदैन ।

(ञ) सार्वजनिक स्थानमा सुर्ती र मदिराको बिक्री र उपभोग गर्न र गराउन हुँदैन ।

(ट) वातावरण मैत्री वस्तु र सेवा उपयोग गरी स्वस्थ तथा स्वच्छ वातावरण निर्माणमा योगदान गर्नुपर्छ ।

(ठ) सूचना नदिने, गलत सूचना दिने, ढिलासुस्ती, असमान व्यवहार, अनियमितता र भ्रष्टाचार गर्नेका विरुद्ध आवाज उठाई दण्डित गराउनुपर्छ ।

(ड) गुणस्तरहीन वस्तु र सेवाका विरुद्ध आवाज उठाएर उपभोक्ता मा पर्न गएको मर्काका विरुद्ध उजुर गरी क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ ।

❄❄

# अनुसूचीहरू

बजार अनुगमन र उपभोक्ता हितसँग सम्बन्धित कार्यको लागि प्रचलित ऐन नियम निर्देशिका तथा कार्यविधिहरूको आधारमा स्थानीय तहले बजार व्यवस्थापन गर्नुपर्ने हुन्छ। स्थानीय तहलाई कानून तर्जुमा गर्न सहयोग गर्ने हिसाबले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूना कानून तर्जुमा गरी उपलब्ध गराएको छ। मन्त्रालयबाट उपलब्ध गराएका नमूना कानूनहरू पनि समय, सन्दर्भ र अवस्था सापेक्ष हुन्छन। शुरुमा उपलब्ध गराएको नमूना कानूनमा समेत पुनरावलोकन भई परिमार्जन हुँदै आएको छ। यस सन्दर्भमा यस स्रोत सामग्रीमा राखिएका नमूना कानूनहरू स्थानीय तहको आवश्यकता, विद्यमान अवस्था, अन्य सङ्घीय तथा प्रदेश कानूनसँग सामाञ्जस्यता मिलाई स्थानीय तहले जारी गर्नु पर्दछ। स्थानीय तहको सहजताको लागि मात्र विद्यमान कानूनी व्यवस्था र नमूना कानून र अनुगमन तथा नियमनको लागि प्रयोग गरिने फारामको ढाँचा अनुसूचीमा राखिएको छ।

## अनुसूची क

### अ. आवश्यक पदार्थ ऐन २०१७ बमोजिम तोकिएका अत्यावश्यक पदार्थहरू

(क) धान र चामल, मकै, गहुँ, कोदो, जौ र तिनको पिठो, मैदा र त्यस्तै किसिमका अरु खाद्यान्न

(ख) रहर, मुगी, मास, मुसुरो, चना, केराउ, भटमास र तिनको पिठो र त्यस्तै किसिमका अरु खाद्यान्न

(ग) आलस, तोरी, सस्युँ, तिल र तेल निकाल्नको निमित्त प्रयोग हुने त्यस्तै अन्य तेलहन र सबै किसिमका तेल

(घ) दुध र दुधबाट तयार हुने खाद्य पदार्थ

(ङ) उखु र त्यसबाट पैदा हुने गुँड, सखर चिनी र अन्य त्यस्तै पदार्थ

(च) सुती वा उनी लत्ता कपडा, कपास तथा उन

(छ) कच्चा जुट र त्यसबाट तयार भएका वस्तुहरू

(ज) मट्टीतेल, पेट्रोल, डिजेल र सबै प्रकार लुब्रिकेन्ट

(झ) फलाम र फलामबाट तयार भएका वस्तुहरू

(ञ) सिमेन्ट, इँट, जस्तापाता आदि निर्माणको निमित्त आवश्यक पर्ने वस्तुहरू

(ट) सवारीको साधनहरू र त्यस्ता साधनहरूको निमित्त आवश्यक टायर, ट्युब, पार्ट पुर्जाहरू

(ठ) नुन

(ड) औषधि

(ढ) समय समयमा सूचित आदेशद्वारा आवश्यक पदार्थ भनी तोकेको कुनै पदार्थ वा वस्तु

**आ. नेपाल सरकार, गृह मन्त्रालयको राजपत्रमा प्रकाशित सूचना बमोजिम देहायका सेवाहरू अत्यावश्यक सेवाका रूपमा घोषणा गरिएको छः–**

(क) डाँक, तार वा टेलिफोन सेवा

(ख) जल, स्थल वा हवाई मार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा

(ग) हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा

(घ) हवाई ग्राउन्ड, रेल्वे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने वा राख्ने झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा

(ङ) प्रिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा

(च) हातहतियार खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा

(छ) सञ्चार सेवा

(ज) आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा

(झ) खानेपानीको सञ्चालन तथा वितरण सेवा

(ञ) पर्यटन आवास, मोटेल, होटेल, रेस्टुराँ र रिसोर्टसम्बन्धी सेवा

(ट) पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा

(ठ) अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी सेवा (एम्बुलेन्स सेवाजस्ता सेवाहरू)

(ड) औषधि निर्माण तथा बिक्री वितरणसम्बन्धी सेवा

(ढ) फोहोरमैलाको सङ्कलन, ढुवानी प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र सङ्कलनस्थल एवम् व्यवस्थापन क्षेत्रसँगसम्बन्धी सेवा

(ण) बैङ्किङ सेवा

(त) बिमा सेवा

(थ) विद्युत् सेवा

(द) दैनिक उपभोग्य वस्तुहरू (खाद्यान्न, दाल चामल, नुन, तेल) को पैठारी, ढुवानी भण्डारण तथा वितरणसम्बन्धी सेवा)

# <u>अनुसूची ख</u>

## बजार अनुगमन तथा बजार व्यवस्थापन गर्नुपर्ने वस्तु तथा सेवाको वर्गीकरण

बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नुपर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गीकरण गरिएको छ :

**समूह 'क' : खाद्यान्न माछा/मासुजन्य/तरकारी फलफूल/दैनिक उपभोग्य**

(अ) खाद्यान्न तथा खाद्य पदार्थहरू नुन, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि

(आ) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू

(इ) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ

(ई) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग

(उ) खाद्य पदार्थ बिक्री वितरण गरिने बिक्रीस्थल र भण्डारगृह वा सञ्चय स्थल

(ऊ) खाने तेल, घिउ (वनस्पती घिउसमेत)

(ऋ) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ गर्न प्रयोग हुने प्लास्टिक पाउचहरू

(ए) माछा, मासु, अण्डा

(ऐ) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनियाँ, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानीलगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह 'ख' : औषधि एवम् स्वास्थ्य सेवा**

(अ) औषधि तथा औषधीजन्य पदार्थहरू (पशुपंन्छी औषधि तथा जडीबुटीमा आधारित औषधिसमेत)

(आ) औषधि उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल

(इ) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक संस्थाहरू

**समूह 'ग' : रासायनिक मल/विषादी/बिउ बिजन/कृषि औजार**

(अ) पशुपन्छी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत

(आ) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरू

**समूह 'घ' : इन्धन**

इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना

**समूह 'ङ' : निर्माण सामग्री**

ढुङ्गा, इँटा, गिट्टी, बालुवालगायतका निर्माण सामग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरणस्थल

**समूह 'च' : शैक्षिक सामग्री**

(अ) पाठ्यसामग्री, स्टेसनरीलगायतका शैक्षिक सामग्रीहरू

(आ) शिक्षा निर्देशिकाअनुसार विद्यालयहरूको शुल्क आदि

**समूह 'छ' : होटल/लज/रेस्टुराँ/खाजाघर/चमेना गृह/लज**

(अ) होटेल/रेस्टुरा/खाजाघर/चमेनागृह/लजको सरसफाइ तथा अन्य व्यवस्थापन

(आ) प्रशोधित र अप्रशोधित वस्तुहरूको भण्डारण

(इ) होटेल, रेस्टुराँ तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेयपदार्थहरू, मदिराजन्य पदार्थ ।

**समूह 'ज' : सुर्तीजन्य पदार्थ**

सुपारी, पानपराग, सुर्ती, बिडी, चुरोट तथा सुर्तीजन्य पदार्थ

**समूह 'झ' : नाप तौल**

ढक, तराजुलगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू

**समूह 'ञ' : पशुपन्छी हाट बजार**

पशुपन्छी हाटबजार तथा बिक्रीस्थल

**समूह 'ट' : सौन्दर्य सामग्री**

(अ) विभिन्न प्रकारका सौन्दर्य सामग्रीहरू

(आ) ब्युटिपार्लर/सैलुन आदि

**समूह 'ठ' : विद्युतीय सामानहरू**

(अ) विद्युतीय सामानहरू

(आ) इलेक्ट्रनिक्स सामानहरू

**समूह 'ड' : रङ/रोगन**

विभिन्न कम्पनीका भवनसम्बन्धी रङ र रङरोगनसम्बन्धी सामग्रीहरू

**समूह 'ढ' : गरगहना**

सुन, चाँदी, हीरा, मोती, जवाहरत तथा सोबाट निर्मित गरगहनाहरूको नापतौल एवम् गुणस्तर

**समूह 'ण' : सवारीसाधन**

ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि

**समूह 'त' : अन्य**

अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू

## (२) अनुगमन गरिने सेवाको विवरण

(क) व्यापारिक सेवा

(ख) सञ्चार सेवा

(ग) स्थल यातायात तथा हवाई सेवा

(घ) विद्युत् सेवा

(ङ) खानेपानी सेवा

(च) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू

(छ) स्वास्थ्य सेवा

(ज) शिक्षा सेवा

(झ) वित्तीय सेवाहरू

# अनुसूची – ग

## बजार अनुगमन चेकलिष्ट

१. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा देहायका विषय भए नभएको हेर्नु पर्नेछः

(क) विक्रेता वा सेवाप्रदायकले नियामक निकायबाट कानूनबमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान) को प्रमाणपत्रलगायतका आवश्यक कागजातहरू लिएको छ/छैन ? प्रमाणपत्र नियमित रूपमा नवीकरण छ/छैन ?

(ख) विक्रेता वा सेवाप्रदायकले आफ्नो व्यवसायको गाउँ/नगरपालिकाले तोकेबमोजिमको साइनबोर्ड राखेको छ/छैन ?

(ग) सेवाप्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूची राखेको छ/छैन ?

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठीक छ/छैन ?

(ङ) प्याकेजिङ गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रामूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन (च) औषधिबिक्री गर्न इजाजतप्राप्त व्यक्ति औषधि बिक्रीस्थलमा भए/नभएको एवं औषधि विक्रेता प्रमाणपत्र छ/छैन?

(छ) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ वा छपाइ गरेको छ/छैन ?

(ज) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटेल वधशाला वा माछा, मासु बिक्रीस्थल सफासुग्घर र मापदण्डअनुसार छ/छैन ?

(झ) विक्रेताले क्रेतालाई वस्तुको बिलबिजक जारी गरेको छ/छैन ?

(ञ) अन्य तोकिएबमोजिमका कुराहरू

(२) बजार अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण कार्य गर्दा देहायको विषयमा ध्यानदिनु पर्नेछः

(क) अनुगमन भ्रमणको टिपोटसम्बन्धी फाराम साथ लिई जानु पर्नेछ ।

(ख) अनुगमन भ्रमणसम्बन्धी सूची (चेक लिस्ट) साथ लिई जानु पर्नेछ ।

(ग) स्थानीय प्रशासन र प्रहरीलाई अनुगमनपूर्व वा अनुगमनपछि सूचना गर्न तयारी गर्नुपर्नेछ ।

(घ) अत्यावश्यक वस्तु तथा सेवामध्ये कुन कुन विषयलाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(च) अनुगमन वा निरीक्षण गर्न जानुअगावै तालिका बनाई आवश्यक पर्ने साधन, सहयोग आदिको पूर्वतयारी गर्नु पर्नेछ ।

(छ) आकस्मिक/आवधिक/प्रवर्द्धनात्मक/उद्देश्यमूलक अनुगमन गर्ने सम्बन्धमा निरीक्षण पूर्वको गोपनीयता कायम गर्नुपर्नेछ ।

(ज) अन्य आवश्यक कुराहरू ।

## अनुसूची – घ

### स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐनको ढाँचा

...................गाउँपालिका/नगरपालिका

### स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन,२०७७

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय वस्तु तथा सेवा बजारको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई एकल अधिकारको रूपमा व्यवस्था गरिएकोले स्थानीय बजार व्यवस्थापन गरी स्वच्छ बजारको माध्यमबाट गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने उपभोक्ताको मौलिक हकलाई स्थानीय तहमा संरक्षण तथा संवर्द्धन गर्न, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता हित संरक्षण तथा संवर्द्धनसम्बन्धी कानूनी व्यवस्था गर्न आवश्यक भएकोले नेपालको संविधानले दिएको अधिकार प्रयोग गरी ................ गाउँ/नगर सभाको बैठकबाट पारित गरी यो ऐन जारी गरिएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०७७" रहेको छ ।

(ख) यो ऐन गाउँ/नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले यस ऐनको दफा १० बमोजिमको क्रियाकलाप सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता' भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता संस्था' भन्नाले उपभोक्ता हित संरक्षण तथा संवर्द्धनको उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापना भएको संस्था वा त्यस्तो संस्थाको स्थानीय तहको गाउँ वा नगरस्तरीय शाखासमेतलाई सम्झनु पर्दछ ।

(घ) "गुणस्तरहीन वस्तु" भन्नाले यस ऐनको दफा १९ बमोजिमको अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनु पर्दछ ।

(ङ) "गुणस्तरहीन सेवा" भन्नाले कुनै सेवाको गुणस्तर तोकिए वा दाबी गरिएकोमा त्यस अनुरूप नभएको भन्ने सम्झनु पर्दछ ।

(च) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनबमोजिमको नियम, कार्यविधि, निर्देशिका तथा कार्यपालिकाको निर्णयबाट वा प्रचलित नेपाल कानूनद्वारा तोकिएको भए सोबमोजिम तोकिएको सम्झनु पर्दछ ।

(छ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका/नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ज) "निरीक्षण अधिकृत" भन्नाले यस ऐनको दफा २६ बमोजिम नियुक्त निरीक्षण अधिकृत सम्झनु पर्दछ ।

(झ) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ । सो शव्दले मूल्य लिई वा नलिई बिक्रीवितरण गरिने सबै प्रकारका वस्तुलाई जनाउनेछ ।

(ञ) "बजार अनुगमन टोली" भन्नाले गाँउ/नगर कार्यपालिकाबाट यस ऐनको दफा २३ बमोजिम गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ट) "प्रदायक" भन्नाले मूल्य वा दस्तुर वा पारिश्रमिक लिई वा नलिई सबै प्रकारका वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्दछ ।

(ठ) "लेबल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडो वा त्यस्तो उपभोग्य वस्तु वा उपभोग्य वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको टयाग, चिन्ह, तस्बिर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले दफा २१ बमोजिम गठित बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिलाई सम्झनु पर्दछ ।

(ढ) "सेवा" भन्नाले, विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, सञ्चार, ढल निकास, वितरण, शिक्षा, वातावरणीय, बैंक तथा वित्तीय संस्था, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन, मनोरञ्जन तथा खेलकुद सेवा, निर्माण, ढुवानी तथा इन्जिनियरिङ सेवा, यातायात, चिकित्सालगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरूलाई सम्झनु पर्दछ ।

(ण) "स्थानीय बजार" भन्नाले .................. गाउँपालिका/नगरपालिका क्षेत्रभित्रको वस्तु वा सेवा बजार सम्झनु पर्दछ ।

## परिच्छेद–२

## स्थानीय बजार व्यवस्थापनसम्बन्धी व्यवस्था

### ३. गाउँपालिका/नगरपालिकाले बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी गर्ने कार्यहरू :

(१) गाउँपालिका/नगरपालिकाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी देहायका कार्यहरू गर्नेछ :

(क) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमनसम्बन्धी नीति, कानून, मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन र नियमन गर्ने,

(ख) बजार तथा हाट बजार सञ्चालन र व्यवस्थापन गर्ने,

(ग) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमनको काम गर्ने,

(घ) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण गर्ने,

(ङ) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन गर्ने,

(च) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने,

(छ) स्थानीय व्यापारको तथ्यांक प्रणाली र अध्ययन अनुसन्धान गर्ने,

(ज) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने,

(झ) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन गर्ने,

(ञ) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन गर्ने,

(ट) उपभोक्ता सचेतना अभिवृद्धि, उपभोक्ता जागरण तथा सशक्तीकरण, उपभोक्ताको गुनासो व्यवस्थापन, जागरूक उपभोक्ता तथा नैतिकवान विक्रेतालाई प्रोत्साहन गर्ने, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण गर्ने,

(ठ) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनगुमन तथा नियमन गर्ने,

(ड) वस्तु र सेवा बजारको व्यवस्थापन तथा स्थानीय बजारको सुरपरिवेक्षण तथा अनुगमन गर्ने,

(ढ) स्थानीय बजार व्यवस्थापनसम्बन्धी तोकिएबमोजिमको अन्य कार्य गर्ने ।

(२) उपदफा (१) बमोजिम कार्यहरू सम्पन्न गर्न गाउँ/नगरपालिकाले सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा आवश्यक कार्ययोजनासहित बजेट व्यवस्थापन र कार्यक्रम गर्नेछ ।

## परिच्छेद–३

## उपभोक्ताको अधिकार तथा बजारसँग सम्बद्ध पक्षको दायित्वसम्वन्धी व्यवस्था

### ४. उपभोक्ताको अधिकारको संरक्षण र संवर्द्धन सम्बन्धी व्यवस्था :

(१) गाउँपालिका /नगरपालिकाले उपभोक्ताको अधिकार सवर्द्धन र संरक्षण गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपभोक्ताको अधिकार संरक्षण गर्न गाउँ/नगरपालिकाले आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गर्न सक्नेछ ।

(३) गाउँपालिका/नगरपालिकाले उपभोक्ता हित संरक्षणको लागि वस्तु र सेवाको आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, लेबल, विज्ञापन आदिको नियमित बजार सुपरिवेक्षण तथा अनुगमनसम्बन्धी व्यवस्था नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(४) गाउँपालिका/नगरपालिकाभित्र उपभोक्ता सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम समितिले तोके बमोजिम हुनेछ ।

## ५. वस्तु वा सेवाको बजारसँग सम्बद्ध पक्षको दायित्व :

गाउँपालिका/ नगरपालिकाभित्र वस्तु वा सेवा प्रदान गर्ने प्रत्येक उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, विक्रेता र सेवा प्रदायकले प्रचलित कानून बमोजिमको दायित्व पूरा गर्नु पर्नेछ ।

# परिच्छेद ४

# दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजीसम्वन्धी व्यवस्था

## ६. व्यवसाय दर्ता तथा स्वीकृतिसम्बन्धी व्यवस्था :

(१) गाउँपालिका/नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्देश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा विक्रेताले आफ्नो कारोवार सञ्चालन गर्दा सम्वन्धित वडाको सिफारिसमा गाउँ/नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(२) गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्देश्यले स्थापित हाट बजार, होमस्टे, महोत्सव, मेला वा पर्या–पर्यटनसँग सम्बन्धित र्‍याफ्टिङ, क्यानिनङ, प्याराग्लाइडिङलगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा गाउँपालिका/नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नु पर्नेछ ।

(३) प्रदायक वा विक्रेताले आफूले सञ्चालन गर्ने कारोबारको प्रचलित सङ्घ र प्रदेश कानून बमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिम पेस भएको दर्ता वा अनुमतिको आवेदनउपर गाउँ/नगरपालिकाले छानबिन गरी दर्ता वा स्वीकृत गर्न मिल्ने भए दर्ता वा अनुमति गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति गर्न नमिल्ने भए सोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिनभित्र आवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कुनै वस्तु वा सेवाको प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नुअघि कुनै निश्चित सर्त पालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमतिसम्बन्धी कार्यविधि निर्धारण गर्न सक्नेछ ।

(६) गाउँ/नगरपालिकाभित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्देश्यले कसैले प्रचलित कानूनबमोजिम कुनै फर्म, कम्पनी, एजेन्सी, संस्था दर्ता गर्न चाहेमा गाउँ/नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

(७) दर्ता, अनुमति तथा सिफारिससम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. दर्ता नवीकरण गर्नुपर्ने :**

दफा ६ बमोजिमका गाउँपालिका/ नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाट बजार, मेला, महोत्सव, पर्यापर्यटनजस्ता प्रदायकले प्रत्येक वर्ष असोज मसान्तभित्र तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

**८. दर्ता तथा अनुमति खारेजीसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका/नगरपालिकामा दर्ता भएका प्रदायक दर्ता वा अनुमति देहायको अवस्थामा समितिले खारेज गर्न सक्नेछ ।

(क) लगातार तीन वर्षसम्म नवीकरण नगरेमा,

(ख) उद्देश्य विपरीत काम गरेमा,

(ग) यस ऐन तथा यस ऐनअन्तर्गतको नियमको कम्तीमा तीन पटक उल्लंघन गरेमा,

(घ) स्वीकृति बेगर तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(ङ) आफूले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुऱ्याएमा,

(च) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(छ) तोकिएका अन्य कुराहरू ।

(२) दर्ता वा अनुमति खारेजी गर्नुअघि सुनुवाइको मौका प्रदान गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको खारेजीको निर्णय उपर सम्बन्धितले थाहा पाएको मितिले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(५) प्रदायक दर्ता वा अनुमतिको खारेजीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

### ९. प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन गर्दा मापदण्ड पालना गर्नुपर्ने :

(१) प्रचलित कानूनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा गाउँपालिका/नगरपालिकाले तोकेको मापदण्ड वा सर्त पालना गर्नुपर्नेछ ।

## परिच्छेद – ५

## अनुचित व्यापारिक क्रियाकलाप र बजार व्यवस्थापनसम्बन्धी व्यवस्था

### १०. अनुचित व्यापारिक क्रियाकलाप गर्न नहुने :

कसैले पनि गाउँपालिका/ नगरपालिकाभित्र देहायबमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गर्न वा गराउन पाइने छैन ।

(क) उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाइछिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण विज्ञापन गर्ने वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु वा सेवा बिक्री गर्ने वा गराउने,

(ग) उपभोग्य वस्तु वा सेवाको हकमा मौखिक, लिखित वा दृश्यबाट देहायका कुनै काम गर्ने:-

(१) कमसल वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी, संरचना, डिजाइन देखाइ बिक्री गर्ने,

(२) पुनर्निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा विज्ञापन वा सूचना प्रसार गर्ने,

(४) उपभोग्य वस्तुको उपभोगवाट उपभोक्ताको कुनै रोग निको हुने भन्ने तथ्यगत आधार बिना नै त्यस्तो वस्तुको दाबी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको वास्तविक लागतको आधारभन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गरेमा वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागतसमेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै उपभोग्य वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानकभन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि, नोक्सानी पुऱ्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसारपसार वा सञ्चय वा बिक्री गर्ने,

(छ) कुनै उपभोग्य वस्तुको अनुचित सञ्चय वा कृत्रिम अभाव हुने गरी मूल्य बढाउने, जम्माखोरी गर्ने वा बिक्री गर्ने,

(ज) त्रुटिपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्यसमेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) सक्कली वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन गर्ने वा त्यस्तो उत्पादनको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बिजक जारी गर्न इन्कार गर्ने वा बिल वा बिजक जारी नगर्ने,

(ट) कुनै उपभोग्य वस्तु उपभोग गर्दा उपभोक्तालाई हानि, नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग्य वस्तु उपभोग गरिसक्नुपर्ने अवधि व्यतित भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) उत्पादक, आपूर्तिकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता वा विक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, सङ्घसंस्थाको मिलेमतोबाट लागेको लागत र तोकिएभन्दा बढी मूल्य निर्धारण गर्ने वा बिक्री गर्ने,

(ण) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री गर्दा तोकिएको व्यापारिक तहभन्दा बढी तह वा शृंखला खडा गरी बिक्री वा प्रदान गर्ने,

(त) कुनै उपभोग्य वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने ।

## ११. बजारको तह निर्धारणसम्वन्धी व्यवस्था :

(१) गाउँपालिका/नगरपालिकाले उपभोक्ता हक हित संरक्षण गर्न, बजारको नियम (मार्केट रुल) बमोजिम बजार व्यवस्थापन गर्न, बजारलाई स्वच्छ, सुलभ तथा पारदर्शी बनाउन तोकिएको कुनै पनि वस्तु वा सेवाको लागि बजार वा प्रदायकको तोकिए बमोजिम तह निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएभन्दा बढी तह कायम हुने गरी कसैले पनि वस्तु वा सेवाको बिक्री वितरण गर्न पाइने छैन ।

## १२. आपूर्ति व्यवस्थापन :

(१) गाउँपालिका/नगरपालिकाक्षेत्रमा आवश्यक वस्तु वा सेवाको बजार मागअनुसार आपूर्तिको व्यवस्थापन सम्बन्धित वस्तु वा सेवाको प्रदायक वा विक्रेताले गर्नु पर्नेछ ।

(२) समितिले वस्तु वा सेवाको बजारमा मागअनुसार उत्पादन, आयात मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी सोको आधारमा सम्बन्धित प्रदायक वा विक्रेतालाई आपूर्ति व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन गर्नेछ ।

(३) गाउँपालिका/नगरपालिका आफैंले वा सार्वजनिक निजी साझेदारी वा सहकारी वा अन्य कुनै व्यवस्थापनबाट गाउँपालिका/नगरपालिकाभित्र वस्तु र सेवाको आपूर्ति व्यवस्थापन गर्न सक्नेछ ।

(४) गाउँपालिका/नगरपालिका वा समितिले मागेको वस्तु र सेवाको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समयभित्र सम्बन्धित प्रदायक वा विक्रेताले दिनु पर्नेछ ।

(५) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज बनाउने उद्देश्यले कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गर्नु गराउनु हुँदैन ।

(६) विपद् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा गाउँपालिका/नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यवस्थापन नियन्त्रण गरी सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि कुनै निजी, सार्वजनिक संस्था वा सहकारीमार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(७) आपूर्ति व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१३. वस्तु र सेवाको बिक्रीस्थलसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका/नगरपालिकाक्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गर्न, गराउन पाइने छैन ।

(२) उपदफा (१) बमोजिम प्रदायकले तोकिएको स्थलबाहेक अन्यत्र वा निषेधित क्षेत्रमा कसैले पनि सेवा वा वस्तुको बिक्री वितरण गर्न पाइने छैन ।

(३) वस्तु वा सेवा सञ्चालन वा बिक्री वितरणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१४. सुपथ मूल्यको पसलको स्थापना तथा सञ्चालन गर्ने :**

(१) गाउँपालिका/नगरपालिकाले दैनिक उपभोग्य वस्तुहरूको सहज र सुपथ उपलब्धताका लागि सार्वजनिक, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा सुपथ मूल्यका पसलको स्थापना तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) सुपथ मूल्यको पसलको मालवस्तुलाई कसैले पनि वढी मूल्यमा बिक्री गर्न गराउन पाइने छैन ।

(३) सुपथ मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१५. स्थान र समय निर्धारण गर्न सक्ने :**

(१) गाउँ/नगरपालिकाले वस्तु वा सेवा वा प्रदायकको बिक्री वितरणका लागि कुनै निश्चित स्थान वा समय निर्धारण गर्न वा सोसम्बन्धी पूर्वाधार निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थान, समय निर्धारण वा पूर्वाधार निर्माण गर्दा एकीकृत बजार वा एकै प्रकारका फर्म, पसल, कम्पनी, उद्योग व्यवसायलाई एकै ठाउँमा सञ्चालन गर्ने गरी दर्ता वा अनुमति प्रदान गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) स्थान वा समय निर्धारणसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**१६. वातावरण सफा र स्वच्छ राख्नुपर्ने :**

(१) गाउँपालिका/नगरपालिका क्षेत्रमा कारोबार गर्ने वस्तु वा सेवाका प्रदायकले गाउँपालिका नगरपालिका क्षेत्रको सरसफाइ र स्वच्छतामा हानि, नोक्सानी गर्ने कुनै पनि गतिविधि सञ्चालन गर्न पाइने छैन ।

(२) कारोबारस्थल, सडक, बाटो सफा राख्नु तथा आफूले उत्सर्जन गरेको फोहोरको उचित व्यवस्थापन गर्नु सम्बन्धित प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद ६

## अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्वन्धी व्यवस्था

**१७. अत्यावश्यक वस्तु र सेवाको सूची र मूल्य निर्धारणसम्बन्धी व्यवस्था :**

(१) गाउँपालिका/नगरपालिकाले समयसमयमा अत्यावश्यक वस्तु वा सेवाको सूची निर्धारण वा अधिकतम उपभोक्ता मूल्य निर्धारण गरी सार्वजनिक सूचना प्रकाशित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका/नगरपालिकाभित्र तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी कसैले पनि वस्तु वा सेवा बिक्री गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको अत्यावश्यक वस्तु वा सेवाको सूची र अधिकतम उपभोक्ता मूल्यसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## १८. मूल्य सूची तथा दर्ता प्रमाणपत्र राख्नुपर्ने सम्बन्धी व्यवस्था :

(१) वस्तु वा सेवाका प्रदायकले पसलमा रहेको प्रत्येक उपभोग्य वस्तुको कारखाना मूल्य तथा विक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ ।

(२) उत्पादक वा विक्रेता वा सेवा प्रदायकले खरिद बिक्रीसम्वन्धी बिलबिजक दुरुस्त राख्नु पर्नेछ ।

(३) वस्तु वा सेवाको बिल वा बिजक गाउँपालिका/नगरपालिका, समिति, अनुगमन टोली र निरीक्षण अधिकृतले मागेका बखत उपलब्ध गराउनु पर्नेछ ।

(४) वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तालाई विक्रेताले बिल दिनु पर्नेछ ।

# परिच्छेद ७

# गुणस्तरसम्बन्धी व्यवस्था

## १९. गुणस्तरहीन वस्तु र सेवाको बिक्री वितरण गर्न नहुने :

(१) कसैले पनि गाउँपालिका/नगरपालिका क्षेत्रभित्र गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्न हुँदैन । गुणस्तरहीन वस्तु भन्नाले देहायको कुनै अवस्था भएको वा रहेको उपभोग्य वस्तु सम्झनुपर्छ :

- (क) तोकिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको,
- (ख) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ वा सुगन्ध प्रयोग गरिएको,
- (ग) त्यस्तो वस्तुको केही वा सबै भाग कुनै रोगी वा रोगकारक पशुपंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,
- (घ) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय, भण्डारण वा बिक्री गरिएको,

(ङ) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोहीबमोजिम र नतोकिएकोमा उत्पादक वा पैठारीकर्ता वा विक्रेताले तोके बमोजिमको गुणस्तर नभएको ।

## २०. लेबल र उपभोग्य म्यादसम्बन्धी व्यवस्था :

(१) गाउँपालिका/नगरपालिकाभित्र प्रचलित कानूनबमोजिम लेबल भएको वस्तुमात्र उत्पादन, पैठारी, ढुवानी, भण्डारण, तथा बिक्रीको लागि राख्नु पर्नेछ ।

(२) गुणस्तरहीन वस्तु वा म्याद गुजेका वस्तु फिर्ता गर्ने, नष्ट गर्ने समेतका दायित्व सम्बन्धित प्रदायकको हुनेछ ।

# परिच्छेद–८

# समिति र बजार अनुगमन टोलीको गठन तथा काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था

## २१. बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति :

(१) यस ऐन कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिकाभित्र देहाय बमोजिमको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको गठन हुनेछः

(क) गाउँ/नगरपालिकाका उपाध्यक्ष/ उपप्रमुख - संयोजक

(ख) गाउँपालिका/नगरकार्यपालिकाले तोकेको कुनै एक कार्यपालिका सदस्य - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालय, ........... को प्रतिनिधि (कम्तीमा रा.प. तृतीय श्रेणीको अधिकृत स्तर) - सदस्य

(घ) .................उद्योग वाणिज्य सङ्घको अध्यक्ष वा प्रतिनिधि -सदस्य

(ङ) उपभोक्ता हित संरक्षणसम्बन्धी संस्थाहरू मध्येबाट गाउँपालिका/नगरपालिकाले तोकेको गाउँ/नगर अध्यक्ष वा प्रतिनिधि - सदस्य

(च) गाउँपालिका/नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाका प्रमुख वा निरीक्षण अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) र (च) को नियुक्ति र पदावधि तथा समितिको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## २२. समितिका काम कर्तव्य र अधिकार ः

(१) समितिका काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) उपभोक्ता हित संरक्षण तथा स्वच्छ बजार व्यवस्थापनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने,

(ख) बजारलाई स्वच्छ र प्रतिस्पर्धी बनाउन उपभोक्ताको हकहितमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्य योजना बनाई लागू गर्ने,

(ग) अत्यावश्यक वस्तुहरूको माग र आपूर्तिको अवस्थासम्बन्धी तथ्यांक संकलन गरी मागबमोजिम आपूर्ति व्यवस्था सहज र सुलभ बनाउन आवश्यक कार्य गर्ने,

(घ) आपूर्ति व्यवस्थालाई सहज, सुलभ र पहुँचयोग्य बनाउन सार्वजनिक संस्था, सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(ङ) उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

(च) उपभोक्ता शिक्षासम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गर्ने लागू गर्ने,

(छ) उपभोक्ताको गुनासो तथा सूचना प्राप्त गर्न नगर उपभोक्ता हटलाइनजस्ता सेवा सञ्चालन गरी उपभोक्तालाई गुनासो गर्न सहज सुलभ बनाई तिनलाई जायज गुनासो गर्न प्रोत्साहन तथा पुरस्कृत गर्ने,

(ज) बजार अनुगमनसम्बन्धी कामको मूल्यांकन गरी अनुगमन टोलीलाई आवश्यक निर्देशन गर्ने,

(झ) गाउँपालिका/नगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने, गराउने,

(ञ) उपभोक्ता हितविपरीत भएका कार्यमा आवश्यक कानूनी कारबाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने,

(ट) गाउँपालिका/नगरपालिकाभित्र खपत हुने उपभोग्य वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी मागअनुसारको आपूर्ति व्यवस्थापन गर्ने, गराउने,

(ठ) वस्तु वा सेवाका उत्पादक, विक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्यवृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ड) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्यान्नलगायतका अन्य दैनिक उपभोग्य वस्तुको आपूर्ति सुनिश्चित गर्न नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनीलाई प्रोत्साहित गर्ने,

(ढ) कुनै ठाउँ विशेषको लागि कुनै वस्तु वा सेवाको निश्चित अवधिका लागि अधिकतम मौज्दातको परिमाण तोक्ने,

(ण) गाउँपालिका/नगरपालिका क्षेत्रभित्र उत्पादित कुनै खाद्यवस्तुको अभाव भएमा त्यस्तो खाद्यवस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको वा उचित मूल्यमा उत्पादक, भण्डारक, आयातकर्ता वा विक्रेताबाट खाद्य वस्तु प्राप्त गरी सर्वसाधारणलाई बिक्री वितरणको व्यवस्था गर्ने,

(त) थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न त्यस्ता व्यवसायसँग सम्बन्धित व्यापारिक फर्म वा कम्पनीको नाम, ठेगाना, उपभोग्य वस्तुको मौज्दातलगायत अन्य आवश्यक विवरण खुलाउन लगाई उचित मूल्यमा एकरूपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(थ) उपभोक्ताको हकहित संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै उपभोग्य वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित रूपमा उपभोग्य वस्तु वितरण गर्न सम्बन्धित निकायहरूसँग समन्वय गर्ने,

(द) उपभोग्य वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित गर्ने र अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालोबजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने,

(ध) आवश्यकताअनुसार छड्के सुपरिवेक्षण तथा अनुगमन गरी कारबाही गर्ने,

(न) आवश्यकताअनुसार बजार अनुगमन समिति, बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्ने,

(प) गाउँ/नगरपालिकाको आवश्यकताअनुसार केन्द्रीय, प्रदेश स्तरीय बजार अनुगमन समिति तथा विभिन्न विषयगत अनुगमन समितिहरूलाई बजार अनुगमन गर्न सहजीकरण गर्ने वा लेखी पठाउने ।

(न) समितिका अन्य काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(२) समितिले छड्के सुपरिवेक्षण तथा अनुगमन गर्दा यस ऐनको व्यवस्था प्रतिकूल कसैबाट काम कारबाही भएको पाइएमा सुपरिवेक्षण तथा अनुगमन गरिएको फाइलसाथ आवश्यक कारबाहीका लागि सम्वन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) सम्बन्धित निकायले पनि सो सम्बन्धमा भएको काम कारबाहीको जानकारी समितिलाई गराउनु पर्नेछ ।

(४) समितिले बजार छड्के अनुगमन गर्दा यस ऐनबमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

## २३. बजार अनुगमन टोलीको गठन ः

(१) यस ऐनबमोजिम अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप भए नभएको, मूल्यसूची राखे नराखेको, वस्तु वा सेवाको गुणस्तर, मूल्य, परिमाणका सम्बन्धमा नियमित रूपमा बजार अनुगमन तथा निरीक्षण गर्न देहायबमोजिमको गाउँपालिका/ नगरपालिकाबजार अनुगमन टोली गठन हुनेछ ।

क. गाउँपालिका/नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखाको प्रमुख - संयोजक

ख. सम्बन्धित वडा समितिको कार्यालयले अनुगमनका लागि तोकेको कर्मचारी - सदस्य

ग. स्थानीय प्रशासनको प्रतिनिधि - सदस्य

घ. स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि - सदस्य

ङ. समितिले मनोनयन गरेको नगरमा क्रियाशील उपभोक्ता हित संरक्षणसँग सम्बन्धित संस्थामध्येबाट एक जना महिलासहित दुई जना - सदस्य

च. .................... उद्योग वाणिज्य सङ्घको प्रतिनिधि एक जना - सदस्य

छ. पत्रकार महासङ्घ .......... शाखाका प्रतिनिधि एक जना - सदस्य

ज. समितिले मनोनयन गरेको सम्बन्धित वस्तु वा सेवा क्षेत्रको बिज्ञ वा जानकार प्रतिनिधि एक जना - सदस्य

(२) उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले अनुगमन गर्दा यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई प्राप्त सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) बजार अनुगमन टोलीको काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(४) समिति र अनुगमन टोलीको बैठक तथा सेवा सर्त सुविधा र भत्तासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५) नगरकार्यपालिका प्रत्येक वडामा बजार अनुगमन टोली गठन गर्न सक्नेछ। वडा बजार अनुगमन टोलीको काम कर्तव्य तथा अनुगमन कार्यविधि तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद–९

## बजार अनुगमनसम्बन्धी व्यवस्था

### २४. बजार अनुगमन गर्नुपर्ने :

(१) कार्यालयले उपभोक्ताको हक अधिकार स्थापित गरी बजार व्यवस्थापन गर्न बजारको नियमित अनुगमनको व्यवस्था मिलाउने छ ।

(२) उपदफा (१) बमोजिम हुने बजार अनुगमन प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) अनुगमनकर्ताले अनुगमनका क्रममा प्रदायकसँग तोकिएबमोजिमको व्यवहार गर्नुपर्नेछ ।

(४) अनुगमनसम्बन्धी अन्य प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

**२५. आचारसंहिता :** अनुगमन गर्दा तोकिए बमोजिम आचारसंहिता पालना गर्नुपर्नेछ ।

## परिच्छेद–१०

## निरीक्षण अधिकृतसम्बन्धी व्यवस्था

**२६. निरीक्षण अधिकृतको नियुक्ति :**

(१) गाउँ/नगरपालिकाले प्रचलित कानून वा यस ऐन वा तोकिए बमोजिमको बजार अनुगमन, अनुसन्धान तहकिकातलगायतका काम गर्न कुनै अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृतको रूपमा नियुक्ति गर्न वा खटाउन सक्नेछ ।

(२) गाउँ/नगरपालिकाले आवश्यक देखेमा प्रचलित नेपाल कानून वा उपभोक्ता संरक्षण ऐन, २०७५ वा प्रदेश व्यापार तथा व्यवसाय ऐनबमोजिमको कुनै निरीक्षण अधिकृत तोक्नको लागि कुनै अधिकृत कर्मचारीलाई सिफारिस गर्न सक्नेछ ।

(३) निरीक्षण अधिकृतको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार** : निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिने

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्तिसँग वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिने

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउने

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउने

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भई नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउने

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिने

(ज) आवश्यकतानुसार अनुगमनका क्रममा उत्पादनस्थल, गोदाम र पसलको खानतलासी गर्ने

(झ) तोकिएबमोजिमको अन्य कार्य गर्ने

२८. **निरीक्षण अधिकृतले अपनाउनुपर्ने कार्यविधि** : निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खानतलासी गर्दा अपनाउनुपर्ने कार्यविधि प्रचलित कानूनबमोजिम वा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–११

## कसुर र सजायसम्बन्धी व्यवस्था

२९. **कसुर गरेको मानिने :** कसैले देहायको कामकारबाही गरे गराएमा यस ऐनअन्तर्गतको कसुर गरेको मानिनेछ :

(क) दफा ६(१) वा (२) बिपरीत दर्ता वा अनुमति नलिई कारोवार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ७ बमोजिम नबीकरण नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

(ग) दफा ९ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोवार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १० बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

(ङ) दफा ११ (२) बमोजिम तोकिएभन्दा बढी बजार तह कायम गरी बिक्री बितरण गरे, गराएमा ।

(च) दफा १२ (४) बमोजिम कसैले पनि कृत्रिम अभावको सिर्जना, जम्माखोरी, कृत्रिम मूल्यवृद्धि र नाफाखोरीजस्ता कार्य गरे, गराएमा ।

(छ) दफा १३ (१) बमोजिम गाउँपालिका/नगरपालिकाक्षेत्रभित्र वस्तु वा सेवाको व्यापार व्यवसाय गर्दा दर्ता वा अनुमति प्राप्त गरेको स्थलमा बाहेक अन्यत्र सेवा सञ्चालन तथा वस्तुको बिक्री वितरण गरे, गराएमा

(ज) दफा १३ (२) बमोजिम प्रदायकले तोकिएको स्थल बाहेक अन्यत्र वा निषेधित क्षेत्रमा सेवा वा वस्तुको बिक्री वितरण गरे, गराएमा ।

(झ) दफा १४ (२) बिपरीत बढी मूल्यमा बिक्री गरे गराएमा ।

(ञ) दफा १६ (१) बमोजिम प्रदायकले वातावरण स्वच्छ र सफा नराखेमा ।

(ट) दफा १७ (२) बमोजिम तोकिएको अधिकतम मूल्यभन्दा बढी हुने गरी वस्तु वा सेवा बिक्री गर्न गरे, गराएमा ।

(ठ) दफा १८ बमोजिमका् कार्य पुरा नगरेमा ।

(ड) दफा १९ (१) बमोजिम गुणस्तरहीन वस्तु र सेवाको उत्पादन, पैठारी तथा बिक्री वितरण गरे, गराएमा ।

## ३०. जरिवानासम्बन्धी व्यवस्था :

(१) कसैले दफा २९ अन्तर्गत कसुर गरे, गराएमा कसुरको मात्रा हेरी निरीक्षण अधिकृतले देहायबमोजिम जरिबाना गर्न सक्नेछ :

(क) खण्ड (क), (ग) र (ङ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ख) खण्ड (ख), (छ), (ज), (झ) र (ठ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई एक हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म ।

(ग) खण्ड (घ), (च), (ञ) र (ट) र (ड) बमोजिमको कसुर गर्ने वा गराउनेलाई १५ हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म ।

(२) निरीक्षण अधिकृतले यस दफाबमोजिम जरिबाना गर्नुपर्ने कारण र जरिबाना गरेको रकमलगायतको सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र समितिलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने प्रदायकविरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछ :

(क) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवा सिलबन्दी गरेर राख्ने,

(ख) जरिबाना भएको रकम नबुझाएसम्म त्यस्तो वस्तु वा सेवाको उत्पादन, ढुवानी, पैठारी वा बिक्री गर्ने अन्य वस्तुसमेत रोक्का राख्ने,

(४) यस दफाबमोजिम निरीक्षण अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा निर्णय भएको मितिले १५ दिनभित्र जिल्ला अदालत वा उपभोक्ता अदालतसमक्ष पुनरावेदन गर्न सक्ने ।

(५) अन्य दफाहरूमा जेसुकै लेखिए पनि यस ऐनबमोजिम बजार अनुगमनका क्रममा गम्भीर प्रकृतिको कसुरमा वाहेक कम जरिबानासम्म हुन सक्ने सामान्य प्रकृतिका कसुरमा कसुरदारले कसुर स्वीकारी सुधार गर्ने प्रतिबद्धता जनाएको अवस्थामा समिति, बजार अनुगमन समिति वा नगर बजार निरीक्षण अधिकृतले एउटा प्रदायकलाई फरकफरक प्रकृतिको कसुरमा गरी वढीमा दुई पटकसम्म सुधार गर्ने मौका प्रदान गरी कारबाही स्थगन गर्न सक्नेछ ।

### ३१. सजायसम्बन्धी अन्य व्यवस्था :

(१) दफा ३० मा उल्लिखित जरिबानासम्बन्धी व्यवस्थाबाहेकको कसुरमा प्रचलित नेपाल कानून बमोजिम सजाय हुनेछ ।

(२) यस ऐनबमोजिम गरिएको जरिबानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद–१२

## उजुरी तथा तहकिकातसम्बन्धी व्यवस्था

### ३२. उजुरी दिन सक्ने :

(१) यस ऐन वा यस ऐनअन्तर्गतको नियमविपरीत कुनै प्रदायकले कुनै कसुर गरेको पाइएमा गाउँपालिका/नगरपालिकावा समिति वा टोली वा निरीक्षण अधिकृतसमक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले उजुरी वा सार्वजनिक सञ्चारमाध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त उजुरी वा सूचना वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा .समिति वा बजार अनुगमन समिति वा बजार अनुगमन टोलीले एकआपसमा समन्वय गरी अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा प्रदायकले यस ऐनको विपरीत व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारबाही चलाउनेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारबाहीमा चित्त नबुझेमा प्रदायकले समिति समक्ष लिखित रूपमा उजुरी दिन सक्नेछ ।

**३३. सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाउन सक्ने ः**

(१) यस ऐन बमोजिमको अनुगमन वा उजुरीबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको वा भैरहेको वा हुन सक्ने सम्भावना समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले देखेमा सम्बन्धित निकाय वा अधिकारीसमक्ष छानबिन र अनुसन्धानका लागि लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाएको बिषयमा सम्बन्धित व्यक्तिले जानकारी माग गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले जानकारी गराउनु पर्नेछ ।

**३४. प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा नपुग्ने ः** यस ऐनबमोजिम कसुर ठहर्ने कसुर अन्य कानूनबाट समेत कसुर ठहरिने रहेछ भने त्यस्तो कानूनबमोजिम मुद्दा चलाउन बाधा पर्ने छैन ।

**३५. सूचना दिने, अनुगमन तथा अनुसन्धान काममा सहयोग गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने ः**

(१) यस ऐनबमोजिमको कसुरमा सूचना दिने तथा अनुसन्धानको काममा सहयोग गर्ने व्यक्तिलाई कसुरदारबाट असुल भएको बिगोको २५ प्रतिशत रकम त्यस्तो व्यक्ति वा संस्थालाई पुरस्कार दिइनेछ ।

(२) यस ऐनबमोजिमको कसुरका सम्बन्धमा सही सूचना दिने र अनुसन्धान काम कारबाहीमा सहयोग पु¥याउने व्यक्ति वा संस्थालाई सूचना संकलन गर्दा वा सूचना दिँदा लागेको उचित खर्च रकम गाउँ/नगरपालिकाले प्रोत्साहन स्वरूप दिनेछ ।

(३) यस दफाबमोजिम सूचना दिने व्यक्तिले चाहेमा नाम, ठेगाना तथा निजबाट प्राप्त भएको सूचनासम्बन्धी विवरण गोप्य राखिनेछ ।

## परिच्छेद –१३

## विविध

**३६. समितिको कार्यक्रम तथा बजेट :**

(१) गाउँपालिका/नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि वार्षिक कार्यक्रम र बजेट विनियोजन गर्नेछ ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट बजार अनुगमन तथा व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको सचेतनाको लागि अनुदान प्राप्त भएमा उपदफा (१) बमोजिमको कार्यक्रममा समावेश गर्नेछ ।

(३) गाउँपालिका/नगरपालिकाले बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता सचेतना अभिवृद्धिको लागि नेपाल सरकार, प्रदेश सरकार, सहकारी, निजी क्षेत्र, उपभोक्ता हित सरक्षणसँग सम्बन्धित सङ्घसंस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**३७. स्थानीय प्रशासनको कर्तव्य :** समिति, बजार अनुगमन समिति वा टोली र निरीक्षण अधिकृतले बजार अनुगमनका क्रममा सहयोग माग गरेमा सुरक्षालगायतका आवश्यक सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**३८. असल नियतले गरेका काम बचाउ :** यस ऐनबमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका काममा अनुगमन गर्ने व्यक्ति उपर कुनै कारबाही हुने छैन ।

**३९. नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :**

(१) यस ऐनलाई कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) गाउँपालिका/नगरपालिकाले यस ऐन र यस ऐनअन्तर्गत बनाएको नियमावली कार्यान्वयन गर्न आवश्यकताअनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

<u>अनुसूची – ङ</u>

## स्थानीय बजार व्यवस्थापन तथा अनुगमन नियमावलीको ढाँचा

## ...................... गाउँपालिका/नगरपालिका

## स्थानीय बजार व्यवस्थापन तथा नियमावली, २०७७

स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०..... को नियम .... ले दिएको अधिकार प्रयोग गरी .......... गाउँपालिका/ नगरपालिकाको गाउँ कार्यपालिका/नगर कार्यपालिकाले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम “स्थानीय बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी नियमावली, २०...”रहेको छ ।

(२) यो नियमावली गाउँ कार्यपालिका/नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२.** **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) “ऐन” भन्नाले स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०.... सम्झनुपर्छ ।

(ख) गाउँपालिका/नगरपालिका भन्नाले..................गाउँ कार्यपालिका/नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “व्यवसाय” भन्नाले ऐन वा नियम बमोजिम गाउँपालिका/ नगरपालिकामा दर्ता वा स्थापना भई सञ्चालित व्यवसाय वा उद्योग वा फर्म वा पसल वा सेवा समेतका वा यस्तै कुनै पनि वस्तु वा सेवाको व्यापार व्यवसाय समेतलाई सम्झनु पर्दछ ।

(घ) “समिति” भन्नाले स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति सम्झनु पर्दछ ।

## परिच्छेद–२

## व्यवसाय दर्ता, सिफारिस, नवीकरण र खारेजी

**३.** **व्यवसाय दर्ता गर्न निवेदन दिनुपर्ने :** (१) गाउँपालिका/नगरपालिकाभित्र

व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची–१ को ढाँचामा गाउँपालिका/नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर गाउँपालिका/नगरपालिकाले जाँचबुझ गरी आवश्यक दस्तुर लिई अनुसूची –२ बमोजिमको व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

४. **व्यवसाय स्थापना वा सञ्चालन गर्न निवेदन दिनुपर्नेः** (१) गाउँपालिका/नगरपालिकाभित्र कसैले प्रचलित कानून बमोजिम कुनै उद्योग वा पसल वा फर्म वा सेवा समेतका व्यवसाय स्थापना वा सञ्चालनका लागि सिफारिस माग गरेमा सम्बन्धित वडाको सिफारिस वा गाउँपालिका/नगरपालिकाले तोकेको कागजात सहित गाउँपालिका/नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर गाउँपालिका/नगरपालिकाले जाँचबुझ गरी आवश्यक दस्तुर लिई व्यवसाय स्थापना वा सञ्चालन गर्न सिफारिस गर्न सक्नेछ ।

५. **विवरण संशोधन वा हेरफेर गर्न निवेदन दिनुपर्नेः** (१) कसैले गाउँपालिका/नगरपालिकामा दर्ता वा सिफारिस रहेको कुनै व्यवसाय को दर्ता वा सिफारिस सम्बन्धि विवरण संशोधन वा हेरफेर गर्न चाहेमा गाउँपालिका/नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन उपर गाउँपालिका/नगरपालिकाले जाँचबुझ गरी व्यवसायको प्रमाणपत्र वा सिफारिसपत्र वा विवरण संशोधन वा हेरफेर निर्णय गर्न वा सिफारिस गर्न सक्नेछ ।

६. **प्रमाणपत्र वा सिफारिसपत्र वा विवरण संशोधन तथा हेरफेर गर्न इन्कार गर्न सकिनेः** (१) गाउँपालिका/ नगरपालिकाले यस नियम बमोजिम गाउँपालिका/ नगरपालिकामा पर्न आएको निवेदनमा आवश्यक कागजात पूरा नभएमा वा निवेदनमा उल्लिखित विवरण पुष्टि हुने आधार नहुने भएमा वा अन्य कुनै कारणले प्रमाणपत्र वा सिफारिसपत्र वा विवरण संशोधन तथा हेरफेर गर्न इन्कार गर्न सक्नेछ ।

(२) गाउँपालिका/ नगरपालिकाले उपनियम (१) बमोजिम इन्कार हुने गरी निर्णय गर्नुपर्ने देखिएमा प्रकृया पुरा भएको वा निवेदन परेको मितिले सात दिनभित्र निर्णय गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्णय गर्दा उचित कारण खोल्नुपर्नेछ र सोको पत्र सम्बन्धितलाई दिनुपर्नेछ ।

(४) उपनियम (२) बमोजिम भएको निर्णय माग गरेमा नक्कल दस्तुर लिई निर्णयको प्रतिलिपी सम्बन्धितलाई दिनुपर्नेछ ।

७. **व्यवसाय नवीकरण गर्नुपर्नेः** (१) गाउँपालिका/ नगरपालिकाभित्र सञ्चालित व्यवसाय प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ र नवीकरण अवधि दर्ता प्रमाणपत्रमा उल्लिखित बहाल रहेको अवधिसम्म कायम रहनेछ ।

(२) उपनियम (२) बमोजिम बहाल रहेको अवधि समाप्त भएको मितिले ३५ दिन भित्र सम्बन्धितले व्यवसाय नवीकरण गराइसक्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम व्यवसाय नवीकरण गर्न देहायमा उल्लिखित कागजात संलग्न गरी गाउँपालिका/नगरपालिकामा निवेदन दिनुपर्नेछ :

क) आयकर सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि,

ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा,

ग) पचास लाख रुपैयाँ वा सोभन्दा बढी पुँजी भएको व्यवसाय को हकमा लेखापरीक्षण प्रतिवेदन,

घ) घरबहाल सम्झौताको प्रतिलिपि,

ङ) गाउँपालिका/ नगरपालिकाले तोकेको अन्य कागजात ।

(४) उपनियम (३) बमोजिम पर्न आएको निवेदनमा गाउँपालिका/ नगरपालिकाले तोकेको नवीकरण दस्तुर लिई व्यवसाय नवीकरण गर्नुपर्नेछ ।

(५) उपनियम (२) बमोजिमको अवधिभित्र नवीकरण गर्न नसकेको व्यवसायको सञ्चालकले मनासिव कारण देखाई सो अवधि समाप्त भएपछि नवीकरणको निवेदन दिएमा प्रत्येक छ महिनाको दोब्बरका दरले थप दस्तुर लिई व्यवसाय नवीकरण गरि दिनुपर्नेछ ।

८. **विवरण वा कागजात माग गर्न सक्नेः** (१) गाउँपालिका/ नगरपालिकामा पर्न आएको निवेदन उपर कुनै थप विवरण वा कागजात आवश्यक देखेमा गाउँपालिका/ नगरपालिकाले माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग भएको कागजात पेस गर्नु सम्बन्धितको दायित्व हुनेछ ।

९. **व्यवसाय खारेज गर्न सक्नेः** (१) गाउँपालिका/ नगरपालिकाले देहायका अवस्थामा व्यवसाय खारेज गर्नसक्नेछः

क) दर्ता भएको वा नवीकरण समाप्त भएको मितिले तीन वर्ष नवीकरण नगराएमा,

ख) व्यवसाय वा पसल सञ्चालकले आफ्नो व्यवसाय वा पसल खारेज गरी पाउन निवेदन दिएमा,

ग) झुठ्ठा विवरण देखाई व्यवसाय वा पसल दर्ता गरेमा वा नवीकरण गराएमा,

घ) ऐन वा यस नियम बमोजिम गाउँपालिका/ नगरपालिकाले मागेका विवरण नबुझाएमा,

ङ) कानून बमोजिम वा गाउँपालिका/ नगरपालिकाले जारी गरेको आदेश निर्देश पालना नगरेमा वा कानून बमोजिमको कुनै शर्त मापदण्ड बारम्बार उल्लंघन गरेमा वा कानून विपरीत कुनै कार्य गरेमा ।

(२) गाउँपालिका/ नगरपालिकाले उपनियम (१) बमोजिम व्यवसाय खारेज गर्दा सम्बन्धितलाई सात दिन भित्र सफाई पेस गर्ने मौका दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सफाई पेस गर्न जारी गरेको पत्र सम्बन्धितले नबुझेमा वा व्यक्ति नभेटिएमा सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा टाँस गरेकोलाई समेत सम्बन्धितले बुझे सरह मानिनेछ ।

(४) उपनियम (१) बमोजिमको कुनै आधार कारण देखिएमा व्यवसाय दर्ता सम्बन्धी प्रमाणपत्र गाउँपालिका/ नगरपालिकाले खारेज गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको कुनै व्यवसाय वा पसल खारेज भएकोमा सम्बन्धितले कम्तीमा तीन वर्ष सम्म सोही नाम र उद्देश्यको अर्को व्यवसाय वा पसल दर्ता गर्न पाउने छैन ।

## परिच्छेद–३

## सुपथ मूल्य पसलको सञ्चालन तथा व्यवस्थापन

**१०. <u>सुपथ मूल्य पसल दर्ता गरी सञ्चालन गर्नुपर्ने</u> :** (१) गाउँपालिका/ नगरपालिका आफैंले वा अन्य कसैले गाउँपालिका/ नगरपालिकाबाट दर्ता स्वीकृत प्राप्त गरी सुपथ मूल्य पसल सञ्चालन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको सुपथ मूल्य पसल सञ्चालनको निम्न बमोजिमका उद्देश्यहरू हुन सक्नेछन् :

(क) गाउँपालिका/ नगरपालिका क्षेत्रमा बसोबास गर्ने

उपभोक्ताहरूलाई दैनिक जीवनयापन सहज तुल्याउने खाद्यान्न लगायत अत्यावश्यक दैनिक उपभोग्य वस्तुको सुरक्षाको सुनिश्चितता हुने गरी योगदान गर्ने,

(ख) उपभोक्तालाई प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तुमा सहज र सुलभ रुपमा पहुँच स्थापना गर्नुको साथै सुपथ तथा छुट मूल्यमा उपभोग्य वस्तुको बिक्री वितरण गर्ने,

(ग) स्थानीय किसान, लघु तथा घरेलु उद्योगी र व्यवसायीबाट उत्पादन भएका अत्यावश्यक कृषिजन्य, लघु तथा घरेलु उत्पादनका वस्तुको उचित मूख्यमा खरिद तथा सुपथ मूल्यमा बिक्री गरी किसान तथा व्यवसायी र उपभोक्ताको हित संरक्षण र प्रबर्द्धन गर्ने,

(घ) गरिवी, विपन्नता, विपद् वा अन्य कुनै कारणले दैनिक छाक टार्न अप्ठेरोमा परेका गाउँपालिका/ नगरपालिकामा वसोवास गर्ने नगरवासीहरूलाई तोकिए वमोजिमका अत्यावश्यक वस्तु तोकिए बमोजिम राहत वा छुट मूल्यमा उपलब्ध गराउने,

(ङ) नेपाल सरकारलाई वैदेशिक सहायताबाट प्राप्त हुने खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरू प्राप्त गरी नेपाल सरकारको नीति बमोजिम नगरवासी उपभोक्तालाई तोकिए बमोजिम वितरण गर्ने वा नियमानुसार उपलव्ध गराउने,

(च) सम्भव भएसम्म खाद्यान्न लगायतका स्वदेशमा उत्पादित अत्यावश्यक वस्तुको खरिद गर्ने, संकलन गर्ने, ओसार पसार गर्ने, आवश्यक स्थानमा गोदाम निर्माण गर्ने, सञ्चय गर्ने र बिक्री वितरण गर्ने,

(छ) अत्यावश्यक वस्तुको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न गाउँपालिका/ नगरपालिकालाई आवश्यक सहयोग पुऱ्याउने,

(ज) सुपथ मूल्य पसललाई व्यवसाय-उन्मुख एवं दिगो, उपभोक्ता मैत्री र उत्तरदायी बनाउने,

(झ) गाउँपालिका/ नगरपालिकाले स्थानीय किसानबाट तोकिए बमोजिमका उत्पादित कृषिजन्य वस्तुहरू नेपाल सरकार वा गाउँपालिका/ नगरपालिकाले निर्धारण गरि दिएको मूल्यमा खरिद गर्ने र त्यस्ता वस्तु तोकिए बमोजिमको मूल्य वा सुपथ मूल्यमा बिक्री गरि स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन गर्ने

तथा उपभोक्तालाई सस्तो मूल्यमा स्थानीय उत्पादन उपलब्ध गराउने,

(ञ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरू र अन्य सार्वजनिक तथा निजी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी र सहयोग प्राप्त गरी सुपथ मूल्य पसल प्रभावकारी रुपमा सञ्चालनको माध्यमबाट दिगो रुपमा उपभोक्ताको हित संरक्षण तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

(३) गाउँपालिका/ नगरपालिकाले सुपथ मूल्य पसल सञ्चालनका उद्देश्यहरू हासिल गर्न आवश्यक सहजीकरण गर्नेछ ।

**११. सुपथ मूल्य पसलको सञ्चालन स्वीकृति तथा व्यवस्थापन :** (१) नियम १० बमोजिम सुपथ मूल्यको पसल सञ्चालन गर्न इच्छुक सहकारी संस्था, सार्वजनिक संस्था वा फर्मले गाउँपालिका/ नगरपालिकाबाट स्वीकृत लिनुपर्नेछ ।

(२) नियम १० बमोजिम सुपथ मूल्य पसलको सञ्चालनका उद्देश्यहरू प्राप्तिका लागि गाउँपालिका/ नगरपालिकाले आवश्यक संख्यामा सुपथ मूल्य पसलहरू सञ्चालनका लागि स्वीकृत प्रदान गर्न सक्नेछ ।

(३) नियम १० बमोजिम उद्देश्य प्राप्त गर्नका लागि सुपथ मूल्य पसल सञ्चालकले आवश्यक व्यवस्थापन गर्नु पर्नेछ ।

(४) सुपथ मूल्यको पसलको सञ्चालन तथा व्यवस्थापन कार्यका लागि गाउँपालिका/ नगरपालिकाले आवश्यक समन्वय र सहजीकारण गर्न सक्नेछ ।

**१२. पसल सञ्चालन गर्न प्रस्ताव आव्हान गर्नुपर्ने :** गाउँपालिका/ नगरपालिका क्षेत्रमा कार्यक्षेत्र भएका सुपथ मूल्यको पसल सञ्चालन गर्न इच्छुक सहकारी संस्था, सार्वजनिक संस्था वा व्यवसाय वा पसल एवं फर्मलाई सुपथ मूल्य पसल सञ्चालन स्वीकृतिका लागि गाउँपालिका/ नगरपालिकाले तोकेको ढाँचा र शर्तमा प्रस्ताव आव्हान गर्ने गरी गाउँपालिका/ नगरपालिकाले सूचना जारी गर्नुपर्नेछ ।

**१३. प्रस्तावक संस्थाले प्रस्ताव पेस गर्नुपर्ने** : (१) नियम १२ बमोजिम गाउँपालिका/ नगरपालिकाले आह्वान गरेको प्रस्ताव अनुसार सुपथ मूल्य पसल सञ्चालन गर्न सक्ने इच्छुक सहकारी संस्था वा फर्म वा

सार्वजनिक संस्थाले गाउँपालिका/ नगरपालिकाले तोकेको ढाँचामा पसल सञ्चालन स्वीकृतिका लागि प्रस्ताव पेस गर्न सक्नेछन् ।

(२) गाउँपालिका/ नगरपालिकाले उपनियम (१) बमोजिमको प्रस्ताव वडा कार्यालय मार्फत समेत दर्ता गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम वडा कार्यालयमा दर्ता हुन आएका प्रस्तावहरू सूचनामा तोकिए बमोजिम म्यादभित्र गाउँपालिका/ नगरपालिकामा पठाउनु पर्नेछ ।

**१४. प्रस्ताव मूल्याङ्कन गरी पसल सञ्चालन गर्ने संस्था छनौट गर्नुपर्ने :** (१) नियम १० र ११ बमोजिम सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि गाउँपालिका/नगरपालिकाले सूचनामा तोके बमोजिम मुल्याङ्कनका आधारमा कानून बमोजिम स्थापित सहकारी संस्था, व्यवसाय वा पसल एवं फर्म वा सार्वजनिक संस्था मध्येबाट छनौट गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम गाउँपालिका/ नगरपालिकामा प्राप्त प्रस्ताव खोल्ने, मूल्याङ्कन गर्ने लगायतका आवश्यक सम्पूर्ण प्रक्रिया गाउँपालिका/ नगरपालिकाले तोके बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा अन्य कुराका अतिरिक्त देहायका कार्यहरूलाई समेत ध्यान दिनु पर्नेछ ।

(क) ढुवानी खर्च,

(ख) सामग्रीको बजार मूल्य र छुट दिन सकिने मूल्यको दर,

(ग) ओभरहेड खर्च,

(घ) सुपथ मूल्य पसलले सेवा दिने क्षेत्र र जनसंख्या,

(ङ) भौगोलिक विकटता,

(च) स्थानीय उत्पादनको अवस्था,

(छ) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका/ नगरपालिकाको लगानीको आधारमा प्राप्त हुने प्रतिफल,

(ज) प्रचलित बजार मूल्य,

(झ) गाउँपालिका/ नगरपालिकाले निर्धारण गरेको अधिकतम खुद्रा मूल्य,

(ञ) पसलको उद्देश्य हासिल गर्ने दिगोपनाको कार्ययोजना,

(ट) गाउँपालिका/ नगरपालिकाले मूल्याङ्कन गर्न आवश्यक देखेका अन्य कुराहरू ।

**१५. सम्झौता गर्नुपर्नेः** (१) नियम १४ बमोजिम सुपथ मूल्य पसल सञ्चालनका

लागि छनौट भएका सहकारी संस्था वा सार्वजनिक संस्था वा फर्म वा पसलले नगपालिकासँग सम्झौता गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम फर्म वा सहकारी संस्थासँग सम्झौता गर्नका लागि गाउँपालिका/ नगरपालिकाले सम्बन्धित वडा कार्यालयलाई अख्तियारी दिन सक्नेछ ।

(३) गाउँपालिका/ नगरपालिकासँगको सम्झौता बमोजिम सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्नु सम्बन्धित पसल सञ्चालकको कर्तव्य हुनेछ ।

**१६. सुपथ मूल्यको पसल सञ्चालनको निरन्तरताः** (१) सुपथ मूल्यको पसल वा सञ्चालक संस्थाले स्रोतको सुनिश्चितता गरी दिगो रूपमा सुपथ मूल्य पसल सञ्चालन र व्यवस्थापनको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(२) पसल सञ्चालन गर्न अनुमति प्राप्त संस्थाले सुपथ मूल्यको पसलको दिगो सञ्चालनका लागि आवधिक र रणनीतिक कार्ययोजना तयार पार्नुका साथै व्यवस्थापकीय क्षमता अभिबृद्धि गर्नुपर्ने छ ।

(३) गाउँपालिका/ नगरपालिकाले उपनियम (१) बमोजिम सुपथ मूल्य पसलको दिगो व्यवस्थापनका लागि कार्यक्रमको औचित्यता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता र कार्यसम्पादनलाई ध्यानमा राखी स्वीकृत प्राप्त पसल सञ्चालक संस्थासँग आपसी सहमतिमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सम्झौता गर्न सक्ने छ ।

**१७. छनौट भएका सुपथ मूल्यको पसल सञ्चालन गर्न अनुमति प्राप्त सहकारी संस्था वा सामुदायिक संस्था वा फर्म वा पसलले पालना गर्नु पर्ने शर्तहरू :** (१) छनौट भएका व्यवसाय गर्न अनुमति प्राप्त सहकारी संस्था वा सामुदायिक संस्था वा फर्म वा पसलले देहाय बमोजिमको शर्तहरू पालना गर्नुपर्नेछः-

(क) सुपथ मूल्य पसल सञ्चालनको उद्देश्य पूरा हुने गरी सुपथ मूल्य पसलमा सहज आपूर्ति र सो को वितरणको व्यवस्था मिलाउने,

(ख) बिक्री वितरण गरेको अत्यावश्यक वस्तु र उपभोक्ता कारोवार सम्बन्धी यथार्थ विवरण राख्ने,

(ग) खण्ड (ख) बमोजिमको लगत सहितको प्रतिवेदन पाक्षिक रूपमा गाउँपालिका/ नगरपालिकामा वा वडा कार्यालय मार्फत गाउँपालिका/ नगरपालिकामा पेस गर्ने,

(घ) प्रचलित कानून र सम्झौताका शर्तहरू समेतको पालना गर्ने ।

(२) उपनियम (१) बमोजिमको सहकारी संस्था वा सामूदायिक संस्था वा फर्म वा व्यक्तिले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्दा उपभोक्ताको सर्वोत्तम हितलाई ध्यानमा राख्नु पर्नेछ ।

**१८. <u>सम्झौता वा स्वीकृती रद्द गर्न सकिने</u> :** (१) देहायको अवस्थामा गाउँपालिका/ नगरपालिकाले सुपथ मूल्य पसल सञ्चालन तथा व्यवस्थापन गर्ने फर्म वा सहकारी संस्थासँग गरिएको सम्झौता वा पसल सञ्चालन स्वीकृति रद्द गर्न सक्नेछ :-

(क) उपभोक्ता कारोबार सम्बन्धी विवरण र सामग्रीको खरिद, बिक्री र बाँकी मौज्दात सम्बन्धी विवरण र यथार्थपरक नभएमा,

(ख) झुट्टा विवरण पेस गरी मूल्य छुटको सोध भर्ना लिएको प्रमाणित भएमा,

(ग) पसलको दिगो विकास र उपभोक्ताको हितलाई बेवास्ता गरेमा,

(घ) गुणस्तरहीन र म्याद गुज्रेका सामग्री बिक्री गरेको प्रमाणित भएमा,

(ङ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त सुझावका आधारमा गाउँपालिका/ नगरपालिकाले दिएको सुझाव वा निर्देशन पालना नगरेमा,

(च) रकमको दुरुपयोग गरेमा वा यस नियमको उद्देश्य, कानूनी व्यवस्था तथा सम्झौता विपरितको काम गरेमा र

(छ) सहकारी संस्था वा सामुदायिक संस्था वा फर्म वा व्यक्तिबाट सुपथ मूल्यको पसलको उद्देश्य बमोजिम कार्यक्रम सन्तोजनक ढङ्गले सञ्चालन गरेको नपाइएमा ।

(२) उपनियम (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नु पूर्व सुपथ मूल्य पसल सञ्चालक फर्म वा सहकारी संस्थालाई सफाई पेस गर्ने उचित मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सफाई पेस गर्ने मौका दिदा तोकिएको म्याद भित्र सबुत प्रमाण सहित सफाई पेस नगरेमा वा पेस गरेको सफाई सन्तोषजनक नभएमा उपनियम (१) बमोजिम सम्झौता रद्द गर्न वाधा पर्ने छैन ।

(४) उपनियम (१) को खण्ड (च) बमोजिम रकम दुरूपयोग भएको वा ऐन बमोजिम अनुचित तथा व्यवसायजन्य क्रियाकलाप सञ्चालन

गरेको पर्याप्त आधार र कारण भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकीसरह असुल उपर गरी वा कारवाही गर्न गाउँपालिका/नगरपालिकाले सम्वन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

**१९. अत्यावश्यक उपभोग्य वस्तुको भण्डारण तथा आपूर्ति व्यवस्थापन :** (१) सुपथ मूल्य पसलका लक्षित उपभोक्ताहरूका लागि अनुमानित मागका आधारमा आवश्यक पर्ने गाउँपालिका/नगरपालिकाबाट तोकिदिएका अत्यावश्यक वस्तु र सेवाको आपूर्तिको व्यवस्थापन सम्वन्धित पसल सञ्चालकले गर्नु पर्नेछ ।

(२) सुपथ मूल्य पसलले चामल, नून, तेल, दाल, ग्याँस र चिनी लगायतका सामग्री कम्तिमा दुई महिनासम्म मौज्दात रहने गरी भण्डारण गर्न र अन्य अत्यावश्यक वस्तुको बजारमा माग अनुसार उत्पादन, आयात, मौज्दात तथा भण्डारणको अवस्थाका सम्वन्धमा नियमित विश्लेषण गरी त्यसको आधारमा सम्वन्धित पसल सञ्चालकले आपूर्ति तथा भण्डारणको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) गाउँपालिका/नगरपालिकाबाट माग भएको अत्यावश्यक बस्तुको मौज्दात वा सञ्चय लगायतका विवरण तोकिएको समय भित्र सम्बन्धित सुपथ मूल्यको पसलले दिनुपर्नेछ ।

(४) सुपथ मूल्य पसलका सञ्चालकले अत्यावश्यक वस्तुको कृत्रिम अभाव, जम्माखोरी, कृत्रिम मूल्य बृद्धि, कालोबजारी वा नाफाखोरी जस्ता कुनै पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप सञ्चालन गर्नु गराउनु हुँदैन ।

(५) विपत् वा अन्य कुनै कारणले बजारमा दैनिक उपभोग्य अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थामा गम्भीर संकट वा विचलनको अवस्था आएमा गाउँपालिका/नगरपालिकाले त्यस्तो वस्तु वा सेवाको बजारलाई व्यबस्थापन नियन्त्रण लिई सहज आपूर्ति व्यवस्था नभएसम्मको लागि सुपथ मूल्यको पसल वा अरु कुनै निजी, सार्वजनिक संस्था वा सहकारी मार्फत त्यस्तो वस्तु र सेवाको बिक्री वितरण व्यवस्था गराउन सक्नेछ ।

(६) अत्यावश्यक वस्तुको अपर्याप्त भण्डारण तथा आपूर्ति व्यवस्थामा असहज भएमा वा बिक्री वितरण प्रणाली सहज वनाउनका लागि गाउँपालिका/नगरपालिकाको निर्णय बमोजिम उपभोक्तालाई अधिकतम खरिद गर्न पाउने परिमाण तोकिदिन सक्नेछ ।

(७) सुपथ मूल्य वा अत्यावश्यक बस्तु सम्बन्धी अन्य व्यवस्था गाउँपालिका/नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद—३

## वस्तु तथा सेवाको बिक्रीस्थल तथा वस्तु तथा सेवाको गुणस्तर

२०. **बिक्रीस्थल सम्बन्धी व्यवस्थाः** (१) वस्तु तथा सेवाको बिक्री वितरण गर्दा खास प्रकृतिका वस्तुहरूलाई छुट्टाछुट्टै राखी बिक्री वितरण गर्नु पर्नेछ ।

(२) मासुजन्य पदार्थहरू काट्ने तथा बिक्री वितरण गर्ने स्थानहरू छुट्टाछुट्टै बनाई सरसफाइको उचित प्रबन्ध गर्नु पर्नेछ ।

(३) खाद्य पदार्थ र विषजन्य पदार्थहरूलाई अलग गरी छुट्टाछुट्टै भण्डारण तथा बिक्री वितरण गर्नु पर्नेछ ।

(४) मदिराजन्य पदार्थहरूको बिक्री वितरणको लागि प्रचलित कानून बमोजिम अनुमति लिई छुट्टै बिक्री स्थल निर्माण गरी बिक्री वितरण गर्नु पर्नेछ ।

(५) पर्यापर्यटनसँग सम्बन्धी व्यवसाय गर्दा गाउँपालिका/ नगरपालिकाले ताके बमोजिमका शर्त तथा मापदण्डहरू पुरा गर्नुपर्नेछ ।

२१. **बिक्रीस्थलको मापदण्ड** : (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित कुराहरूको अतिरिक्त वस्तु तथा सेवाको बिक्री स्थलको सञ्चालनको लागि देहायका कुराहरू पूरा गर्नु पर्नेछः

(क) खाद्यान्न, मासु, घरेलु तथा निर्माण सामग्री, औषधि र कपडाजन्य वस्तुको बिक्री स्थलः

(१) बिक्री गरिने वस्तुहरूको मुल्यसूची र गाउँपालिका/नगरपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्यरुपमा राख्नुपर्ने,

(२) बिक्री स्थल अगाडीको आँगन, फुटपाथ तथा नाला सफा राख्नुपर्ने,

(३) मासु पसल सञ्चालन गर्दा छिमेकमा दुर्गन्ध आउनेगरी फुटपाथमा वा अन्य स्थानमा जिँउदो वा मरेको कुखुरा वा खसि-बोका राख्न नपाइने,

(४) ग्यारेज तथा अटोमोबाईल मर्मत केन्द्र, गाउँपालिका/नगरपालिकाले तोकको स्थानमा मात्र व्यवसाय गर्ने,

(५) निर्माण सामग्री तथा अन्य मालसामानको लोड अनलोड

रातीको समयमा गर्नुपर्ने,

(६) निषेध गरिएका क्षेत्रमा व्यवसाय गर्न नपाइने ।

(ख) होटेल, रेष्टुरेष्ट, क्याफे, पार्टी प्यालेस तथा अन्य खाजा पसलः

(१) होटेल तथा रेष्टुरेण्टमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन नपाइने,

(२) होटल, रेष्टुरेण्ट, क्याफे, पार्टी प्यालेस तथा खाजाघरमा पकाउने ठाउँ सबैले देखिने गरी पारदर्शी हुनुपर्ने,

(३) बिक्री गरिने परिकार तथा पाकवानहरूको मुल्य सूची र गाउँपालिका/ नगरपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने ठाउँमा अनिवार्य रुपमा राख्नुपर्ने ।

(ग) सवारी साधनको पार्किङ्ग, ग्यारेज तथा वर्कसपः

(१) निजी प्रयासबाट सञ्चालित पार्किङ्ग स्थलमा पार्किङ्ग गरे वापतको शुल्क तथा गाउँपालिका/ नगरपालिकाबाट प्राप्त इजाजतपत्र सबैले देख्ने गरी राख्नुपर्ने,

(२) ग्यारेज तथा वर्कसप सञ्चालन गर्दा त्यसबाट निस्कने फोहोरजन्य पदार्थको उचित व्यवस्थापन गर्नुपर्ने ।

(घ) पर्यापर्यटनसँग सम्बन्धित मापदण्ड गाउँपालिका/ नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(ङ) हाट बजारसँग सम्बन्धित मापदण्ड गाउँपालिका/ नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(२) गाउँपालिका/ नगरपालिकाले तोकेको वा अनुमति वा स्वीकृती प्रदान गरेको वाहेकका सार्वजनिक स्थल, फुटपाथ, बाटो मिचेर वा ओगटेर सामान राख्ने वा झुण्ड्याउने, पाली गाँस्ने, स्ट्यान्डी बोर्ड राख्ने तथा ठेला, डोका, नाङ्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक सामान राखेर बेचविखन गर्न पाइने छैन ।

(३) गाउँपालिका/नगरपालिकाले कुनै वस्तुको बिक्री गर्न कुनै निश्चित स्थल, सयम र पालना गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ ।

(४) महामारीको संक्रमण तथा विपत्जन्य अवस्था वा यस्तै विशेष अवस्थामा वा कुनै विशेष वस्तु वा सेवाको बजार सञ्चालनका लागि आवश्यक विकिस्थल व्यवस्थापनका लागि गाउँपालिका/ नगरपालिकाले छुट्टै मापदण्ड तोकी सञ्चालन गर्न गराउन सक्नेछ ।

२२. **वातावरण सफा र स्वच्छ राख्नुपर्नेः** (१) प्रत्येक व्यवसायी वा पसलले आफ्नो बिक्रीस्थलबाट निस्कने फोहोर मैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम फोहोरमैलाको व्यवस्थापन गर्दा गाउँपालिका/ नगरपालिकाले तोकेको तरिकाबमोजिम कुहिने र नकुहिने फोहोरमैलाको छुट्टाछुट्टै व्यवस्थापन गर्नु पर्नेछ ।

२३. **बजारको तह निर्धारणः** वस्तु तथा सेवाको बिक्री वितरण गर्दा उपभोक्तालाई अतिरिक्त आर्थिक भार पर्ने तथा स्वस्थ बजार प्रतिस्पर्धालाई असर गर्ने गरी उत्पादक वा आयातकर्तादेखि एकभन्दा बढि तहहरू बनाउन पाइनेछैन ।

(२) उपनियम (१) मा उल्लिखित बजारका तहहरूको अतिरिक्त अन्य तहहरू बनाई वस्तु तथा सेवाको सञ्चालन गर्न आवश्यक पर्ने भएमा सम्बन्धित विक्रेता वा व्यवसायीले गाउँपालिका/ नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बजारको तह निर्धारण गर्दा प्रचलित संघीय कानून बमोजिम निर्धारण गरिने बजारको तह समेतलाई आधार लिनुपर्नेछ ।

२४. **वस्तु तथा सेवाको गुणस्तरको मापदण्ड :** (१) गाउँपालिका/नगरपालिकाले वस्तु तथा सेवाको गुणस्तर निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम वस्तु तथा सेवाको गुणस्तरको मापदण्ड निर्धारण गर्दा उपभोक्ता संरक्षण सम्बन्धी सङ्घीय वा प्रदेश कानून बमोजिम तोकिएका आधारहरू लिनुपर्नेछ ।

२५. **लेबल राख्नुपर्नेः** (१) गाउँपालिका/नगरपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरिस्थानीय उत्पादनको कुनै वस्तुमा लेबल राख्न नपर्ने गरी निर्णय गरे बाहेक अन्य बस्तुमा लेबल राखेर मात्र बिक्रीस्थलमा वस्तु राख्नु पर्नेछ ।

(२) गाउँपालिका/नगरपालिका क्षेत्रभित्र बिक्री वितरण हुने वस्तुमा लगाइएको लेबलमा वस्तु उत्पादनको लागि प्रयोग भएका पदार्थहरू, उत्पादन मिति, ब्याच नम्बर, उत्पादन कायम रहने अवधि, उत्पादन गर्ने उत्पादनको नाम लगायतका विवरणहरू स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ ।

(३) उपनियम (३) बमोजिम लेबलमा उल्लेख गर्नुपर्ने कुराहरू

सर्वसाधारणले बुझ्ने गरि नेपालभित्र उत्पादन भएका भए उत्पादकले वा पैठारी गरिएका भए प्रठारीकर्ताले नेपाली वा अङ्ग्रेजी भाषामा लेख्नु पर्दछ ।

(४) उपनियम (२) बमोजिमका बस्तुमा राख्ने लेबलमा निम्न कुराहरू उल्लेख हुनुपर्नेछः

(क) उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधी र सौन्दर्य सामग्री जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्ता वस्तुको गुणस्तर,

(घ) वस्तु उपभोग गर्ने गरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव,

(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(च) वस्तुको बिक्री मूल्य, व्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक्स, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी वा ग्यारेण्टी र वारेन्टी मिति तथा सो वस्तुसँग सम्बन्धित अन्य आवश्यक कुरा,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटि देखिएमा त्यसको शोधभर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउन पर्ने पूर्वसावधानी सम्बन्धी विवरण,

(ञ) कुनै वस्तु प्रयोग गर्नुपूर्व कुनै प्रकृया नपुऱ्याई प्रयोग गर्दा हुनसक्ने हानी, नोक्सानी वामानव स्वास्थ्यलाई हानी पुऱ्याउने खालका पदार्थहरूको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग ।

(५) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका/नगरपालिकाले आवश्यक ठानेमा उपनियम (३) मा उल्लिखित भाषाको अतिरिक्त स्थानीय ठाउँमा प्रयोग हुने वा चलनचल्तीमा रहेको स्थानीय भाषामा बस्तुमा लेबल राख्न लगाउन वा अनुमति दिन सक्नेछ ।

## परिच्छेद–४

## बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति

२६. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिका सदस्यको नियुक्ति तथा पदावधिः** ऐनको दफा .......... को उपदफा ......... को बमोजिम समितिमा रहने सदस्यहरूको नियुक्ति गाउँ कार्यपालिका/नगर कार्यपालिकाले गर्नेछ ।

(२) उपनियम (१) बमोजिमका सदस्यहरूको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ ।

२७. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको बैठकः** (१) बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको बैठक आवश्यकता अनुसार सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको बैठकमा संयोजक सहित बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकमा पेस गर्ने विषयवस्तु सो बैठक वस्नुभन्दा कम्तीमा तीन दिन अगावै सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(५) समितिको बैठक बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठक समितिमा आवश्यकतानुसार विषयगत क्षेत्र, निकाय, संस्थाका पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) संयोजक र सदस्यले बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता गाउँपालिका/नगरपालिकाले तोकेको स्वीकृत मापदण्ड बमोजिमहुनेछ ।

## परिच्छेद—५

## बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति तथा बजार अनुगमन प्रक्रिया

२८. **बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा .... को अतिरिक्त बजार व्यवस्थापन तथा

उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बजार अनुगमनको पूर्व कार्ययोजना र आवश्यकता अनुसार अनुगमन कार्यतालिका बनाई बजार अनुगमन गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु तथा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार, मिलेमतोपूर्ण भाउ निर्धारण, कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैह्र प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए, नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुको अनुचित व्यापरिक क्रियाकलाप मिसावट, गुणस्तरहीन, कम तौल भएको देखिएमा, भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफतगर्ने, नष्ट गर्ने, कारोबार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिबाट समय समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने,

(छ) अनुगमनको क्रममा ऐन तथा यस नियमावली बमोजिको व्यवस्था परिपालना भएको नपाइएमा ऐन तथा यस नियमावली बमोजिमको व्यवस्था कायम गर्नको लागि निश्चित अवधि तोकी सम्बन्धित उत्पादक, वितरक विक्रेतालाई आदेश दिने,

(ज) कसैले ऐनको दफा .... को उपदफा .... बमोजिम कसुर हुने कुनै कार्य गरेको पाइएमा आवश्यक कारवाहीको लागि गाउँपालिका/ नगरपालिका समक्ष लेखी पठाउने ।

२९. **<u>बजार अनुगमनको पूर्वतयारीः</u>** (१) ऐनको दफा ..... बमोजिको बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति वा दफा .... बमोजिमको बजार अनुगमन टोलीले बजार अनुगमन गर्नुपूर्व देहायको तयारी गर्नु पर्नेछः

(क) निरीक्षण तथा अनुगमनमा जानूपुर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई प्राथमिकतामा राख्ने भन्ने विषय किटान गरी विषयसूची तयार गर्नुपर्ने,

(ख) अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित प्रचलित कानून, अन्य विवरण तथा चेकलिष्ट साथमा लैजाने,

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्रीवितरण, मूल्य गुणस्तर आदिको वारेमा पर्याप्त सूचना र जानकारी सङ्कलन गरेको हुनुपर्ने,

(घ) अनुगमनको तालिका बनाई आवश्यक सवारी साधन तथा सम्भव भएसम्म गुणस्तर मापन गर्न सक्ने यन्त्र वा औजार समेत तयारी अवस्थामा राख्ने ।

३०. **बजार अनुगमन प्रकृया :** बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले बजार अनुगमन गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः

(क) बजार अनुगमन गर्दा अनुसूची–३ बमोजिमको ढाँचामा बजार अनुगमन तथा निरीक्षण फारमको प्रयोग गर्नु पर्ने,

(ख) बजार अनुगमन गर्दा अनुगमनमा खटिएर जाने व्यक्तिले अनुसूची–४ बमोजिमको ढाँचामा तयार गरेको परिचयपत्र देखाई बजार अनुगमन गर्नु पर्ने,

(ङ) बजार अनुगमन गर्दा वस्तु वा सेवाको निरीक्षण वा जाँचबुझ प्रयोजनाका लागि नमूनासंकलन गर्नु पर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको अनुसूची–५ बमोजिमको वस्तु सेवाको परीक्षण सूची तयार त्यस्ता वस्तु वा सेवा परीक्षण का लागि नमूना समेत संकलन गर्ने

(च) खण्ड (ङ) बमोजिम तयार गरेको मुचुल्कामा सम्बन्धित व्यवसायीले दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूमध्ये तीनजना व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षण को लागि यथाशीघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउने,

(छ) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नु पर्ने देखेमा सम्बन्धित व्यवसायीलाई अवधि तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्ने,

(ज) बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रुपमा सुरक्षित राखि अरु प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई वा वा

परीक्षणका लागि पठाईकोमा वस्तु गुणस्तरहीन भएको परीक्षण नतिजा प्राप्त भएमा सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा अनुसूची–६ बमोजिमको ढाँचामा मुचुल्का तयार गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्ने,

(झ) संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउने ।

(२) बजार अनुगमन टोलीका संयोजकले अनुगमनको सम्बन्धमा जानकारी गराउनु पर्ने र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(३) खण्ड (ग) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा विरोध गरेमा बाधा बिरोधगर्नेलाई बाधा विरोधको व्यहोरा खुलाई प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउनु पर्दछ ।

**३१. बजार अनुगमन गर्दा ध्यान दिनुपर्ने कुराहरूः** बजार अनुगमन गर्दा देहायका कुराहरूमा ध्यान दिनु पर्नेछः

(क) विक्रेता वा सेवा प्रदायकले नियमक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेका व्यावसायदर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र (प्यान नम्बर), खाद्य अनुज्ञापत्र, औषधि विक्रेता प्रमाणपत्र लगायतका आवश्यक कागजातहरू लिएको छ, छैन हेर्ने साथै प्रमाणपत्र नियमित रुपमा नवीकरण भए, नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नवीकरण गरेको नदेखिएमा बढीमा सातदिनभित्र सो कार्य गरी कार्यालयमा पेसगर्न लिखित निर्देशन दिने ।

(ख) विक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेका भए तीन दिनभित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) विक्रेता वा सेवा प्रदायकले वस्तुको बिक्री कक्षमा मूल्यसूचि राखेको छ, छैन हेर्ने नराखेको भए तीनदिन भित्रमा राखी कार्यालयलाई सोको जानकारी दिन लिखित निर्देशन दिने,

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि, वा मिति,

अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ, छैन हेर्ने,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग, प्रयोग गर्नेतरिका, प्रयोग गर्ने उमेर समूह र मात्रा उल्लेख छ, छैन हेर्ने । औषधिविज्ञ औषधि बिक्रीस्थलमा भए नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने,

(छ) उपभोग्य मिति नाघेको औषधि, प्रशोधित पानी, बिस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेलापरेमा नष्ट गरी त्यस्ता उपभोग्य मिति नाघेका वस्तुहरू नराख्न निर्देशन दिने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको अखाद्य वस्तु पाइए, त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार अनुसुची-६ बमोजिम ढाँचामा मुचुल्का तयार गरी त्यस्ता वस्तुहरू नष्ट गर्ने र त्यस्ता वस्तुहरू नराख्न निर्देशन दिने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल, बधशाला वा माछा मासु बिक्रीस्थल सफासुग्घर र मापदण्ड अनुसार छ, छैन हेर्ने ।

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको बिलबिजक जारी गरेको छ छैन हेर्ने, नभए बिल अनिवार्य गर्न निर्देशन दिने ।

**३२. निरीक्षण अधिकृतको योग्यता :** (१) ऐनको ......... बमोजिम बजार निरीक्षण अधिकृतको नियुक्ति गर्दा देहायको योग्यता पुगेको व्यक्तिलाई नियुक्ति गर्नु पर्नेछः

(क) कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र गाउँपालिका/नगरपालिकाको स्थानीय सेवामा कम्तीमा छैटौँ तहको पदमा कार्यरत रहेको,

तर कुनै विषयको विशेष ज्ञान आवश्यक पर्ने भएमा त्यस्तो विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति हुनु पर्नेछ ।

(ख) वस्तु वा सेवाको गुणस्तर निर्धारण तथा परीक्षण सम्बन्धी विषय वा कानून न्या वा अपराध अनुसन्धान सम्बन्धी विषयमा मान्यता प्राप्त संस्थाबाट कम्तीमा तीस दिनको तालिम लिएको ।

(२) गाउँपालिका/ नगरपालिकाले उपनियम (१) बमोजिमको योग्यता पुगेको अधिकृत कर्मचारीलाई प्रचालित नेपाल कानून बमोजिम बजार, नियमन, अनुगमन, नियन्त्रण र निरीक्षण, जाँचबुझ गर्नका लागि निरीक्षण अधिकृतमा नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ ।

**३३. निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार :** ऐन तथा यस नियमावलीमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) निरीक्षण, जाँचबुझ वा अनुसन्धानको सिलसिलामा कुनै गुणस्तरहीन वा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरपार्ने वस्तुको बिक्री, वितरण भइरहेको वा सेवा प्रदान गरेको देखिएमा त्यस्तो वस्तु वा सेवा व्यवसायमा प्रयोग भएको वस्तुको प्रयोगशाला परीक्षणको लागि आवश्यक पर्ने हदसम्मको परिमाणमा नमूना लिने र त्यस्तो नमूनालाई गुणस्तरमा फरक नपर्ने गरी सुरक्षित तरिकाले वस्तुको प्रकृति अनुसार निर्धारित प्रक्रिया पूरा गरी सिलबन्द गर्ने,

(ख) खण्ड (क) बमोजिम नमूना लिएको वस्तुको बिक्री, वितरणमा तीस दिनसम्म रोक लगाउने,

(ग) ऐन वा यस नियमावली विपरीत हुनेगरी कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री, वितरण भएको पाइएमा त्यस्तो वस्तु वा सेवाको उत्पादनस्थल, बिक्री वा वितरणस्थल सिलबन्द गर्ने,

(घ) ऐन वा यस नियमावली विपरीत कुनै कार्य गर्ने व्यक्ति भाग्न वा उम्कन सक्ने देखिएमा वा निजलाई तत्काल पक्राउ नगरेमा अनुसन्धानमा प्रतिकूल असर पर्ने देखिएमा प्रचलित कानून बमोजिम मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पक्राउ गर्ने,

(ङ) अनुसन्धानको क्रममा शङ्कास्पद व्यक्तिलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी तारेखमा राख्ने, धरौटी वा जमानी लिई छाड्ने र धरौटी वा जमानी दिन नसकेमा प्रचलित कानून बमोजिम थुनामा राख्ने।

**३४. निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधिः** (१) निरीक्षण अधिकृतले ऐन तथा यस नियमावली बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी शुरु गर्ने क्रममा व्यवसाय स्थलमा प्रवेश गर्दा सोको लिखित सूचना अनुसूची ७ बमोजिमको ढाँचामा सम्बन्धित वस्तुको उत्पादक, वितरक, विक्रेता वा सेवा प्रदायकलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना दिएपछि निरीक्षण अधिकृतले

निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्ने वस्तु वा सेवासँग सम्बन्धित उद्योग, गोदाम, व्यापारिक परिसर, घर कम्पाउण्ड, ढुवानीको साधन वा अन्य कुनै ठाउँमा प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न वा सम्बन्धित व्यक्तिसँग तत्सम्बन्धी कुनै कागजात वा विवरण माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम खानतलासी गर्नु अघि निरीक्षण अधिकृतले सम्बन्धित उत्पादक, वितरक, विक्रेता वा सेवा प्रदायक वा खानतलासी गरिने उद्योग, गोदाम, व्यापारिक परिसर, घर कम्पाउण्ड, ढुवानीको साधनको धनी वा निजको प्रतिनिधिबाट खानतलासीको काममा संलग्न व्यक्तिको जीउको तलासी लिनलगाई खानतलासी गर्ने स्थानमा प्रवेश गरी खानतलासीको काम सम्पन्न गरेको व्यहोराको अनुसूची–८ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नुपर्नेछ ।

(४) निरीक्षण अधिकृतले उपनियम (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा निरीक्षण वा जाँचबुझको प्रयोजनको लागि अनुसूची–५ बमोजिमको वस्तु वा सेवाको परीक्षण सूची तयार गरी त्यस्ता वस्तु वा सेवा परीक्षणको लागि नमूना समेत सङ्कलन गर्न सक्नेछ ।

(५) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अनुसूची–३ बमोजिमको अनुगमन तथा निरीक्षण फारम समेत प्रयोग गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने कार्यमा कसैले बाधा अवरोध गरेमा निरीक्षण अधिकृतले त्यस्तो बाधा अवरोध गर्ने व्यक्तिलाई मनासिब समय दिई सो स्थानबाट हट्नको लागि सूचना दिनु पर्नेछ । त्यसरी सूचना दिँदा नहटेमा वा प्रवेश गर्न बाधा अवरोध गरेमा निरीक्षण अधिकृतले आवश्यकता अनुसार बल प्रयोग गरी त्यस्तो बाधा अवरोध गर्ने व्यक्तिलाई हटाई वा सम्बन्धित भवनको कुनै झ्याल, ढोका, छेस्किनी खोली, तोडीभित्र प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(७) उपनियम (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा सो स्थानबाट कुनै वस्तु बरामद गर्नुपरेमा त्यस्तो वस्तु वा सोको नमूनाको विवरण उल्लेख गरी वस्तुको धनी र उपलब्ध भएसम्म स्थानीय तहका प्रतिनिधि वा कुनै सरकारी कर्मचारी र स्थानीय

व्यक्तिको रोहबरमा अनुसूची–९ बमोजिमको ढाँचामा बरामदी मुचुल्का तयार गर्नु पर्नेछ । त्यसरी तयार गरेको बरामदी मुचुल्काको एक प्रति सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ ।

(८) उपनियम (७) बमोजिम तयार गरेको बरामदी मुचुल्कामा साक्षी बस्ने मानिस फेला नपरेमा वा उपस्थित व्यक्तिहरूले साक्षी बस्न इन्कार गरेमा निरीक्षण अधिकृतले मुचुल्कामा सोही व्यहोरा जनाई आफूले दस्तखत गरी मिसिल साथ राख्नु पर्नेछ ।

(९) खानतलासी लिँदा कुनै व्यक्तिको शरीरको तलासी लिनु परेमा सो समेत लिन सकिनेछ र तलासी लिनुपर्ने व्यक्ति महिला भएमा निजको शरीरको तलासी महिला कर्मचारीबाट लिनुपर्नेछ ।

(१०) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा व्यवसायको प्रकृति अनुसार यथासम्भव सूर्योदयदेखि सूर्यास्तभित्रको समयमा गर्नु पर्नेछ ।

(११) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथासम्भव कसैको निजी वा सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी नहुने गरी गर्नु पर्नेछ ।

(१२) निरीक्षण अधिकृतले ऐन तथा यस नियमावली बमोजिम गरेको निरीक्षण, जाँचबुझ वा खानतलासीको अभिलेख अनुसूची –१० बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

## ३५. तत्काल जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि

(१) ऐनको दफा ....... को उपदफा ....... बमोजिम समितिले सजाय गर्दा वा ऐनको दफा.... को उपदफा ... बमोजिम समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले तत्काल जरिवाना गर्नुपरेमा अनुसूचि –११.को ढाँचामा आदेश पर्चा खडा गरि सो को एक प्रति सम्वन्धितलाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले ऐनको दफा ...को अधिनमा रही सम्वन्धित पसल वा व्यवसायले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट उपभोक्तामा पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम जरिवानाको आदेश दिंदा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले जरीवानाको रकम त्यस्तो जरीवान बुझाउने स्थान र जरीवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले दिएको आदेश सम्बन्धित व्यवसाय वा पसले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले प्रहरीको सहयोगमा त्यस्तो जरीवानाको आदेश बुझाउन सक्नेछ ।

(५) समिति वा बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले आफुले गरेको तत्काल जरिवाना सम्बन्धी आदेशको अभिलेख अनुसूचि – १२को ढाँचामा राख्नुपर्नेछ ।

**३६. प्रतिवेदनः** (१) ऐन तथा यस नियमावली बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी वा सजाय गरि सकेपछि बजार अनुगमन टोली वा निरीक्षण अधिकृतले काम सकिएको मितिले तिन दिनभित्र देहायका कुरा खुलाई गाउँपालिका/ नगरपालिका समक्ष लिखित प्रतिवेदन पेस गर्नुपर्नेछ :

(क) निरीक्षण जाँचबुझ वा खानतलासी गर्नु परेका स्थान, कारण र मिति,

(ख) त्यस्तो ठाउँमा फेला परेका उपभोग्य वस्तु र सोसँग सम्बन्धित अन्य विवरण,

(ग) फेला परेको उपभोग्य वस्तु रोक्का वा कब्जा गर्नु परेकोमा त्यसरी रोक्का वा कब्जा गर्नु
परेको कारण र मिति,

(घ) उपभोग्य वस्तुको नमूना लिनु परेकोमा सो लिनु परेको कारण र नमूना लिएको मिति,

(ङ) उपभोग्य वस्तु रोक्का राख्दा वा उपभोग्य वस्तुको नमूना लिदा के कति उपभोग्य वस्तु कुन रुपमा भाडामा राखी सिलबन्दी गरिएको छ र त्यस्तो भाडो के कति कामको लागि कहाँ कहाँ पठाइएको छ सो व्यहोरा,

(च) त्यस्तो निरीक्षण जाँचबुझ र खानतलासीपछि सो सम्बन्धमा गर्नु पर्ने बाँकी काम कारवाहीको विवरण,

(छ) सजाय गरेको विवरण ।

(२) बजार अनुगमन टोली वा निरीक्षण निरीक्षण अधिकृतले अनुसूची १३ बमोजिम मासिक अनुगमन प्रतिवेदन गाउँपालिका/ नगरपालिका समक्ष समक्ष पेस गर्नु पर्नेछ ।

**३७. प्रतिवेदन कार्यान्वयनः** (१) ऐन तथा यस नियमावली बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गरि सकेपछि निरीक्षण अधिकृतले सात दिन भित्र देहायका कुराहरू खुलाई कार्यालय समक्ष प्रतिवेदन पेस गर्नुपर्नेछ :

(क) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्नाको कारण,

(ख) निरीक्षण, जाँचबुझ वा खानतलासी गरिएको वस्तु वा सेवासँग सम्बन्धित विवरण,

(ग) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा फेलापरेका वस्तु र त्यस्तो वस्तु रोक्का वा कब्जा गर्नु परेकोमा त्यसरी रोक्का वा कब्जा गर्नु परेको कारण र सोसँग सम्बन्धित विवरण,

(घ) वस्तुको नमूना लिइएकोमा त्यस्तो नमूना परीक्षणको लागि पठाइएको मिति,

(ङ) तत्काल जरिबाना गरिएकोमा त्यसरी जरिबाना गर्नु पर्नाको कारण र जरिबानाको रकम,

(च) निरीक्षण, जाँचबुझ वा खानतलासीपछि सो सम्बन्धमा गर्नुपर्ने बाँकी काम, कारबाहीको विवरण,

(छ) निरीक्षण, जाँचबुझ वा खानतलासीको क्रममा सम्पन्न गर्नुपर्ने तर सम्पन्न गर्न नसकिएका कुनै कुरा भए सोको विवरण ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट सो सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने वा कुनै विवरण वा थप जानकारी लिनुपर्ने देखिएमा गाउँपालिका/ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित निरीक्षण अधिकृतलाई निश्चित अवधि तोकी थप अनुसन्धान गर्नुपर्ने विषय, जानकारी वा विवरण माग्नु पर्ने विषय समेत खुलाई पुनःअनुसन्धान गर्न वा त्यस्तो विवरण पेस गर्न लगाउन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदनमा कुनै विषयमा अर्को निकायबाट आवश्यक व्यवस्था वा कारबाही हुनुपर्ने भनी सिफारिस भएकोमा त्यस्तो सिफारिसको कार्यान्वयनको लागि सो प्रतिवेदनको एक प्रति सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम अन्य निकायमा कार्यान्वयनको लागि प्रतिवेदन पठाएकोमा त्यसको कार्यान्वयनको अवस्थाको बारेमा गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले समय

समयमा सम्बन्धित निकायबाट आवश्यक जानकारी लिई प्राप्त विवरण विभागको वार्षिक प्रतिवेदन वा वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम प्राप्त प्रतिवेदनको कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी गाउँपालिका/ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

**३८. वस्तुको नमूना परीक्षणः** (१) ऐन तथा यस नियमावली बमोजिम कुनै वस्तुको नमूना परीक्षणको लागि प्रयोगशालामा पठाउँदा त्यस्तो वस्तुको प्रकृति अनुसार आवश्यक परिमाणमा नमूना सङ्कलन गरी प्रयोगशाला परीक्षणको लागि निर्धारित मापदण्ड अनुसारको भाँडो वा प्याकेटमा राखी सिलबन्दीगरी पठाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सङ्कलन गरिएको वस्तुको नमूना सिलबन्दी गर्दा देहायबमोजिमको प्रक्रिया अपनाउनुपर्नेछः

(क) सिलबन्दी गर्दा भाँडोवा प्याकेटभित्र राखिएको वस्तुको गुणस्तर वा परिमाणमा फरक नपर्ने, नचुहिने वा बाहिर आउन नसक्ने गरी बन्द गर्ने,

(ख) सील नतोडी वस्तु राखिएको भाँडो वा प्याकेट खोल्न नमिल्ने गरी सिलबन्दी गर्ने,

(ग) परीक्षणको लागि राखिएको वस्तुको भाँडो वा प्याकेट बाहिर त्यस्तो वस्तुको नाम, परिमाण, सङ्केत नम्बर र साङ्केतिक संख्या (कोड नम्बर) भएसो समेत स्पष्ट रुपमा उल्लेख गरी सङ्कलित वस्तुसँग सम्बन्धित व्यक्ति र निरीक्षण अधिकृतले मिति उल्लेख गरी दस्तखत गर्ने ।

(३) यस नियम बमोजिम नमूना लिएको वस्तु प्रयोगशाला परीक्षणको क्रममा खर्च हुनेवा खेर जाने रहेछ भने त्यसरी खर्च वा खेर गई बाँकी रहेको वस्तुपुनः प्रयोगमा आउन सक्ने भएमा त्यस्तो वस्तु सम्बन्धित उत्पादक वा विक्रेतालाई भरपाई गरी फिर्ता दिनु पर्नेछ ।

**३९. वस्तु नष्ट गर्ने :** (१) ऐन तथा यस नियमावली बमोजिम परीक्षणको लागि लिइएको वस्तुको नमूना परीक्षण गर्दा त्यस्तो वस्तु निर्धारित मापदण्ड वा गुणस्तरको नभएको ठहरिएको कारणबाट नष्ट गर्नुपरेमा वा नमूना लिइएको वस्तु सम्बन्धित उत्पादक वा विक्रेताले फिर्ता नलगेमा वा लैजान इन्कार गरेमा अनुसूची(६) बमोजिमको ढाँचामा मुचुल्का तयार गरी सोको अभिलेख राखी त्यस्तो वस्तु नष्ट गर्न पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै वस्तु नष्ट गर्दा त्यस्तो वस्तुको कुनै भाग वा अंश पुनः प्रयोगमा ल्याउन वा उपभोग गर्न नसकिने गरी धुल्याई, खाडल खनी जमीनमा पुरी वा जलाई वा जनस्वास्थ्य वावातावरणमा प्रतिकूल असर नपुग्ने गरी नष्ट गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमकुनै वस्तु नष्ट गरिएकोमा सो वस्तु नष्ट गर्दाका बखत उपनियम (१) बमोजिम तयार गरिएको मुचुल्काको एक प्रति सम्बन्धित वस्तुको उत्पादक वा विक्रेतालाई दिई अर्को प्रति निरीक्षण अधिकृतले मिसिल साथ राख्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

४०. **आचार संहिताः** (१) बजार अनुगमन टोली तथा निरीक्षण अधिकृतले बजार अनुगमन गर्दा देहायबमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्य बाहेक अरु कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउन नहुने,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहा अनुगमन गर्न जान नहुने,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनैपनि किसिमको चन्दा, दान, दातब्य, वा उपहार स्वीकार गर्न नहुने,

(घ) अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुबिधा तथा आतिथ्य स्वीकार गर्न नहुने,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु नहुने,

(च) अनुगमनको कारबाहीसम्बन्धि सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्ने तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिन नहुने,

(छ) बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायकहरू समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायिको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्न नहुने,

(ज) उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रकृयाको स्थलगत अवलोकन गर्न सक्नेछन् ।

तर, सामान जफत गर्ने, धुल्याउने, वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्वारा नै कार्य सम्पन्न गर्नु पर्नेछ, बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य तिरी बिल लिनुपर्नेछ ।

(२) अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने तथा उपनियम (१) मा उल्लिखित आचार संहिताहरूको उल्लङ्घन गरेमा गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबारी गर्नको लागि सम्बन्धित निकायमा सफारिस गर्नु पर्नेछ ।

(३) अनुगमन टोलीले अनुगमनमा जान अघि आवश्यकतानुसार अन्य मापदण्ड बनाउन सक्नेछ ।

**४१. उपभोक्ता शिक्षा र सचेतना :** (१) गाउँपालिका/ नगरपालिका वा समितिले गाउँपालिका/ नगरपालिका भित्रका शैक्षिक संस्था वा प्रत्येक बिद्यालयमा उपभोक्ता शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा कार्यान्यन गर्न सक्नेछ ।

(२) गाउँपालिका/ नगरपालिका वा समितिले उपभोक्ता संस्थासँग साझेदारी कार्यक्रम सञ्चालन गरी उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँपालिका/ नगरपालिका वा समितिले स्थानीय रुपमा रहेका उत्पादक वा व्यवसाय वा अन्य संघसंस्थासँग सामाजिक उत्तरदायित्व बहन गराई उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(४) गाउँपालिका/ नगरपालिका वा समितिले स्थानीय तहभित्र रहेका संचार माध्यम मार्फत वा अन्य कुनै कार्यक्रम, गोष्ठी मार्फत उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(५) गाउँपालिका/ नगरपालिका वा समितिले उपभोक्ता शिक्षा तथा सचेतना सम्बन्धी बार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

४२. **बजार अनुगमन समितिको कार्यक्रम तथा बजेट** : (१) ऐन तथा यस नियमावली बमोजिम गरिने बजार अनुगमन कार्यको लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिका/ नगरपालिकाले गर्नु पर्नेछ ।

(२) बजार अनुगमनमा खटिने व्यक्तिहरूको लागि दिइने खाजा खर्च तथा अन्य भत्ता गाउँपालिका/नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४३. **फारामहरू** : ऐन तथा यस नियमावली बमोजिम बजार अनुगमन तथा निरीक्षण गर्दा आवश्यक पर्ने फारामहरू यस नियमावलीमा तोकिएको हकमा सोही बमोजिम र नतोकिएको हकमा प्रचलित सङ्घीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम प्रयोग गर्न सकिनेछ ।

४४. **अनूसूचीमा थपघट वा हेरफेर** : गाउँपालिका/ नगरपालिकाले यस नियमावलीमा उल्लिखित अनूसूचीमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्न सक्नेछ ।

४५. **बाधा अड्काउ फुकाउने अधिकार** : यस नियमावली कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा गाउँपालिका/ नगरपालिकाको गाउँ कार्यपालिका/नगर कार्यपालिकाको वैठकबाट त्यस्तो बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

अनुसूची १

नियम ३(१) सँग सम्बन्धित

<u>व्यवसाय दर्ताको निवेदनको ढाँचा</u>

श्रीमान प्रमुखज्यू /अध्यक्षज्यू

.........नगरपालिका/गाउँपालिका

........जिल्ला, ....... प्रदेश

विषयः <u>व्यवसाय दर्ता गरि पाउँ ।</u>

महोदय,

तल लेखिए बमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न बमोजिम नामको व्यवसायमेरो/ हाम्रो नाममा दर्ता व्यवसाय सञ्चालन गर्न अनुमति लिन इच्छुक भएकोले यो निवेदनपत्र पेस गरेको/गरेका छौं, लेखिए बमोजिम व्यवहोराको कुनै कुरा झुट्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला बुझाउँला ।

१. व्यवसायको नाम :

२. व्यवसायीको नाम र हिस्सा

३. उद्देश्य

४. प्रकृति

५. पूँजी :

६. ठेगाना :

इमेल फोन नं

७. धरधनीको नामः घर नम्वर

८. अन्य निकायमा दर्ता भएको छ भने :

दर्ता भएको निकायः दर्ता नं.

मिति

९. यो व्यवसायको काम नोक्सानी भएमा म/मेरो घर घरानाबाट व्यहोर्ने राजी हुनेछु/हुनेछौं ।

दरखास्तवालाको नाम र दस्तखत

दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर वतन ठीक दुरुस्त छ भनी सनाखत गर्ने.(नाम थर वतन)

१.

२.

इति सम्वत २० साल गते रोज शुभम्.................................

अनुसूची २

नियम ३(२) सँग सम्बन्धित

व्यवसाय दर्ताको प्रमाणपत्रको ढाँचा

........गाउँपालिका/ नगरपालिका

.....जिल्ला, ..... प्रदेश

विषय : व्यवसाय दर्ता प्रमाणपत्र

निम्न लेखिएको विवरण भएको ......सम्वत २०... साल.... गते... रोज....मा स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०.. बमोजिम दर्ता गरि यो प्रमाण -पत्र दिइएको छ ।

व्यवसाय/पसलको नाम :

व्यवसायीको नाम:

व्यवसायको उद्देश्य

व्यवसायको प्रकृति

व्यवसायको पूँजी :

व्यवसाय रहेको स्थान :

धरधनीको नाम: घर नम्वर

अन्य निकायमा दर्ता भएको छ भने :

दर्ता भएको निकाय: दर्ता नं. मिति

नवीकरण गरेको प्रमाण-पत्र

| नवीकरण गर्ने कार्यालयको नाम | नवीकरण वहाल रहने मिति | नवीकरण दस्तुर भौचर नम्वर | छाप, दस्तखत र मिति |
|---|---|---|---|
| | | | |
| | | | |

...........................  ........................................

व्यवसायीको दस्तखत प्रमुख /अध्यक्षको दस्तखत

अनुसूची ३

नियम ३० (क) सँग सम्बन्धित

<u>अनुगमन तथा निरीक्षण फारामको ढाँचा</u>

स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०.. को बमोजिम समिति / बजार अनुगमन टोली/ निरीक्षण अधिकृतले मिति ..... ...साल .......महिना....गते ...बार.......बजेको समयमा........को अनुगमन निरीक्षण जाँचबुझ वा खानतलासीको क्रममा भरेको फारम

| **क्र.स.** | **अनुगमन तथा निरीक्षणको विवरण** | **कैफियत** |
|---|---|---|
| १ | १.१ व्यवसायको नामः<br>१.२ व्यवसाय दर्ता नं. र मिति :<br>१.३ व्यवसाय दर्ता गर्ने निकाय :<br>१.४ व्यवसायको उद्देश्य :<br>१.५ व्यवसायको ठेगाना :<br>१.६ सञ्चालकको सम्पर्क नं. :<br>१.७ इजाजतपत्र वा अनुमतिपत्र नं. (लिनुपर्नेको हकमा) मिति :<br>१.८ शाखा/गोदाम सङ्ख्या :<br>१.९ इजाजतपत्र वा अनुमतिपत्र जारी गर्ने निकायः<br>१.१० नापतौलसम्बन्धी उपकरणको प्रमाणीकरण/नवीकरण :<br>१.११ नापतौलसम्बन्धी उपकरणको नवीकरण (गर्नुपर्नेमा) भए/ नभएको :<br>१.१२ प्यान/ भ्याट दर्ता नं. :<br>१.१३ कर चुक्ता वा कर दाखिला वा म्याद थप : | |
| २ | ऐन तथा नियमावली विपरीतका काम कारबाही | |

| विवरण | | गरेको | नगरेको | कैफियत |
|---|---|---|---|---|
| २.१ | ऐनको दफा .. देखि.. सम्म तथा नियमावलीबमोजिमको दायित्व पूरा वा उल्लङ्घन गरेको नगरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| २.२ | झुट्टा वा भ्रमपूर्ण विज्ञापन गरी वस्तु बिक्री गरे वा नगरेको | | | |
| २.३ | कमसल वस्तुलाई वस्तुलाई विशिष्ट वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा श्रेणी संरचना डिजाइन देखाई बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.४ | पुनः निर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.५ | घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.६ | तथ्यगत आधारविना कुनै वस्तुको उपयोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.७ | कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधारमा भन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य तय वा बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.८ | कुनै वस्तु वा सेवाको मूल्यमा दान, इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.९ | त्रुटिपूर्ण उत्पादनबाट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने गरेको, नगरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| २.१० | कुनै वस्तु वा सेवा तोकिएका गुणस्तर वा मानकभन्दा घटीबढी हुने गरी वा उपभोगबाट उपभोक्तालाई हानि नोक्सानी पुऱ्याउने गरी वस्तु उत्पादन, मिश्रण आपूर्ति ओसारपसार, सञ्चय वा बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.११ | कुनै वस्तु विस्तापन गर्न नक्कली वस्तु उत्पादन, पैठारी वा बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.१२ | कुनै वस्तु वा सेवाको कृत्रिम अभाव सिर्जना गर्ने वा बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.१३ | कुनै वस्तुको उपभोग गर्दा उपभोक्तालाई हानि नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यस्तो वस्तु बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.१४ | उपभोग गरिसक्नुपर्ने अवधि व्यतीत भइसकेको वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.१५ | उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी उत्पादन वा बिक्री गर्ने गरेको वा नगरेको | | | |
| २.१६ | व्यावसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने गरेको वा नगरेको | | | |
| २.१७ | कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्दा तोकिएको व्यापारिक तहभन्दा | | | |

| | | | | |
|---|---|---|---|---|
| | बढी तह वा शृङ्खला खडा गरी बिक्री वा प्रदान गर्ने गरेको वा नगरेको | | | |
| २.१८ | संरचना मानक वा मापदण्ड तोकिएकामा सो पूरा नगरी वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने गरेको वा नगरेको | | | |
| २.१९ | व्यवसायी वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति वा सङ्घसंस्थाको मिलोमतोबाट कसैले कुनै वस्तुको उत्पादन, पैठारी ढुवानी संचय वा बिक्री वितरणमा लागेको लागत र तोकिएबमोजिम भन्दा बढी मुनाफा लिई बिक्री वितरण वा बिक्री वितरणमा अवरोध गर्ने गरेको वा नगरेको | | | |
| २.२० | कुनै वस्तु उत्पादनका लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने गरेको वा नगरेको | | | |
| २.२१ | वस्तु वा सेवाको मूल्य निर्घारणसम्बन्धी मापदण्ड विपरीत वस्तु वा सेवाको बिक्री वितरण गर्ने गरेको वा नगरेको | | | |
| २.२२ | ऐन तथा नियमावली विपरीतका अन्य कामकारवाही<br>(क)...<br>(ख)..<br>(ग)... | | | |
| ३ | अन्य काम कारावाहीको विवरण | | | |
| ३.१ | व्यावसायको साइनबोर्ड सबैले देख्ने | | | |

| | | | | |
|---|---|---|---|---|
| | गरी राख्ने वा टाँस्ने गरेको वा नगरेको | | | |
| ३.२ | ढक तराजु तथा नापतौल मेसिनको प्रमाणीकरण तथा दुरुस्त राख्ने गरेको वा नगरेको | | | |
| ३.३ | बिक्री स्थलमा म्याद समाप्त भएका वस्तु सद्दे मालवस्तुसँगै मिसाएर राख्ने वा त्यस्तो वस्तु बिक्री गर्ने गरेको वा नगरेको | | | |
| ३.४ | सेवाग्राहीले देख्न सक्ने गरी म्याद समाप्त भएका वस्तुको सङ्कलन क्षेत्र (एक्सपार जोन) को व्यवस्था र प्रयोग गरेको वा नगरेको | | | |
| ३.५ | माग भएको बखत वस्तुको स्टक देखाउने वा स्टकको विवरण हेर्न दिने गरेको नगरेको | | | |
| ३.६ | त्रुटिपूर्ण उत्पादन वा प्याकेजिङ गर्ने गरेको वा नगरेको | | | |
| ३.७ | खाद्य तथा अखाद्य वस्तहरूको छुट्टै राखी बिक्री गर्ने व्यवस्था गरेको वा नगरेको | | | |
| ३.८ | सरसफाइ र फोहोरमैलाका व्यवस्थापन गर्ने गरेको वा नगरेको | | | |
| ३.९ | बिक्री स्थल वा ढुवानी साधन र प्रक्रिया वा भण्डारणमा उचित सुरक्षा व्यवस्था गर्ने गरेको वा नगरेको | | | |
| ३.१० | व्यवसायसँग सम्बन्धित मापदण्डको पालना गरेको वा नगरेको | | | |
| ३.११ | प्रदेश व्यापार तथा व्यवसाय ऐन ...... नियमावली, उपभोक्ता संरक्षण ऐन २०७५ तथा नियमावली, २०७६ | | | |

| | | | | |
|---|---|---|---|---|
| | मापदण्ड वा निर्देशिकाबमोजिम पालना गर्नुपर्ने अन्य कुराको पालना गरेको वा नगरेको | | | |
| ३.१२ | वस्तुको बिक्रीमा ट्रेडमार्क लगायतका बौद्धिक सम्पत्तिको चोरी वा नक्कल गरेको वा नगरेको | | | |

४. नमूनासम्बन्धी विवरण :

| क्र.सः | वस्तुको नाम | ब्याच नं. | कोड नं. (नमूना लिँदा दिइने) | वस्तुको परिमाण | मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५. संलग्न कागजात

५.१ तत्काल जरिवाना गरेको भए सोको कारण र जरिवाना रकम :

५.२ निरीक्षणको त्रममा कुनै आदेश र निर्देशन दिएको भए सोको सङ्क्षिप्त विवरण :

५.३ अन्य कागजात :

६. माथि उल्लेख भएबमोजिमको विवरण मेरो/ हाम्रो उपस्थितिमा तयार पारिएको र यसमा उल्लिखित व्यहोरा ठिक साँचो हो र यसको एक प्रति बुझिलिएँ भनी सहीछाप गर्नेको :

दस्तखत :......

नाम थर :....

७. साक्षी : (स्थानीय व्यक्ति वा स्थानीय तहका प्रतिनिधि)

| क्र.स. | नाम, थर र ठेगाना (पदनाम र सम्पर्क नम्बर, इमेल समेत) | दस्तखत |
|---|---|---|
| | | |
| | | |

अनुसूची ४

नियम ३०(ख) सँग सम्बन्धित

<u>बजार अनुगमनकर्ताको परिचयपत्रको ढाँचा</u>

........ गाउँपालिका/ नगरपालिका

.....जिल्ला, ..... प्रदेश

<u>बजार अनुगमनकर्ताको परिचयपत्र</u>

परिचयपत्र नं.

नाम थरः

कर्मचारी संकेत नं.:

वहाल रहने अवधि : २०.....................देखि २०..............................सम्म

अनुगमनकर्ताको दस्तखत

परिचय जारी गर्नेको
दस्तखत :
पदः
मितिः

द्रष्ट्रव्यः यो परिचयपत्र कसैले पाएमा गाउँपालिका/ नगरपालिका वा वडा कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनु होला ।

## अनुसूची ५

## नियम ३० को खण्ड (ङ) तथा नियम ३४ को उपनियम(४) सँग सम्बन्धित वस्तु वा सेवाको परीक्षण सूची तथा नमूना संकलन ढाँचा

........ गाउँपालिका/ नगरपालिका

.....जिल्ला, ..... प्रदेश

### वस्तु वा सेवाको परीक्षण सूची तथा नमूना संकलन

| क.स | वस्तु वा सेवाको नाम | उत्पादन वितरक, विक्रेता वा सेवा प्रदायकको नाम | परीक्षण वा नमूना संकलन गरेको मिति र परिमाण | नमूना जाँच गरेको मिति | जाँच गरेको प्रयोगशाला | परीक्षण को परिणाम | हुनुपर्ने गुणस्तर वा परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

सम्वन्धित व्यवसायीको नाम
दस्तखत
मिति

प्रमाणित गर्ने अधिकृतको नाम
दस्तखतः
मिति :

अनुसूची ६

नियम ३० (ज) सँग सम्बन्धित

## वस्तु नष्ट गर्दा तयार गर्नुपर्ने मुचुल्का

बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण .... समिति/ बजार निरीक्षण टोली/ निरीक्षण अधिकृत श्री.........................सहितको टोलीले .....................जिल्ला ........गाउँपालिका/गाउँपालिका/ नगरपालिका वडा नं..................स्थित उद्योग/कम्पनी/संस्था/फर्म............बाट संकलन गरेको देहायको वस्तुको नमूना ....................प्रयोगशालामा परीक्षण गर्दा मापदण्ड बमोजिमको नभई गुणस्तरहीन भएको कुरा प्रतिवेदनबाट प्रमाणित भएकोले जफत गरी पुनः प्रयोग गर्न नसक्ने गरी जमिन मुनि खाडल खनी गाडी/आगोमा जलाई /टुक्रा पारी -यस वाहेक अन्य कुनै तरिकाले नष्ट गरेको भए सो व्यहोरा समेत उल्लेख गर्ने) नष्ट गएिको व्यहोरा साँचो हो ।

नष्ट गरिएको वस्तु

| क्र.स | वस्तुको नाम | परिणाम | एकाई | दर(रु) | जम्मा | व्याच नं | उत्पादक क. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

काम तामेल गर्ने :

रोहवर :

वस्तुको धनी वा सम्वन्धित उत्पादक वा विक्रेताको सहिछाप

अनुगमन टोली प्रमुख वा निरीक्षण अधिकृतको

नामः

दस्तखत

नाम थर :

इति सम्वत ........साल......महिना....गते........ ...............रोज शुभम् ।

अनुसूची ७

नियम ३४(१) सँग सम्बन्धित

निरीक्षण /जाँचबुझ /खानतलासी सम्बन्धि सूचना ।

मिति.....

प.सं.

च.नं.

श्री ...........................

.................................

विषय: निरीक्षण /जाँचबुझ /खानतलासी गर्ने सम्बन्धमा

.... ........................वस्तु /सेवाको.... उत्पादक / वितरक /बिक्रेता त्यस उद्योग / कम्पनी /संस्था /फर्म .... ले स्थानीय बजार व्यवस्थापन तथा अनुगमन ऐन, २०.. को दफा....... विपरीत हुनेगरी देहायको कार्य गराएको भनि गाउँपालिका/ नगरपालिका /बजार व्यवस्थापन .... परेको उजुरीको सम्बन्धमा सोही ऐनको दफा ३२ बमोजिम त्यस उद्योग/कम्पनी/ संस्था/फर्म.....को कारोवार स्थल गोदाम व्यापारिक परिसर/ घरकम्पाउण्ड लगायत कारोबारसँग सम्बन्धित स्थल वा ढूवानी साधनको खानतलासी गर्नुपरेको हुँदा सो स्थानको निरीक्षण गर्न, खानतलासी गर्न वा कारोवारसँग सम्बन्धित कागजात,खातावही एवं विद्युतीय साधन लगायत माग गरेका अन्य सूचना, कागजात एवं प्रमाण उपलब्ध गराउन र आवश्यकताअनुसार सिलबन्द गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुन स्थानीय बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी नियमावली, २०.. को नियम ३४ को उपनियम ( १) बमोजिम यो सूचना दिइएको छ ।

निरीक्षण अधिकृतको दस्तखत....

नाम....

मिति....

अनुसूची ८

नियम ३४(३) सँग सम्बन्धित

## खानतलासी मुचुल्का

.....जिल्ला ......गाउँपालिका/ नगरपालिका वडा नं..... स्थित...... स्थानमा .......नाममा रहेको व्यवसायले जारी गरी आएको कारोबारको सम्बन्धमा स्थानीय बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धी ऐन, २०... को दफा .. र नियमावलीको नियम .....३४(३) बमोजिम निरीक्षण जाँचबुझ वा खानतलासी गर्नुपर्ने भएकोले तपाईंको स्वामित्व, भोगचलन, जिम्मा वा नियन्त्रणमा रहेँको यस उद्योग कम्पनी संस्थाको परिसर/घर कम्पाउण्ड/निवास स्थानमा अधिकार प्राप्त हामी तपसिल बमोजिमका व्यक्तिले सम्बन्धित धनीबाट वा नीजको प्रतिनिधिबाट हाम्रो जीउ तलासी गराई उल्लेखित स्थानको निरीक्षण जाँचबुझ वा खानतलासी गरि यो मुचूल्का तयार गरी पेस गरेका छौं ।

### तपसिल

१. खानतलासी गर्न प्रवेश गर्ने व्यक्तिको जीउ तलासी लिने व्यक्तिको नाम, थर, ठेगानाः

   क....

   ख.....

२. निरीक्षण, जाँचबुझ वा खानतलासीको संक्षिप्त व्यहोराः

३. माथि उल्लेखित व्यहोरा ठिक साँचो हो भनि सही छाप गर्नेको नाम, थर, ठेगानाः

   क. घरधनी / वस्तु वा व्यवसायको धनी वा नीजको प्रतिनिधीः

   ख. स्थानीय प्रतिनिधी(सम्भव भएसम्म)

४. काम तामेल गर्नेको

   क. दस्तखत, नाम, थरः

   ख. दस्तखत, नाम, थरः

५. निरीक्षण अधिकृतको

   क. दस्तखतः

   ख. नाम, थरः

## अनुसूची ९
## नियम ३४(७) सँग सम्बन्धित
## बरामदी मुचुल्काको ढाँचा

................................... गाउँपालिका/ नगरपालिकाबाट खटिई आएका बजार अनुगमन समिति /निरीक्षण अधिकृत श्री.........सहितको टोलीले...... जिल्ला......गाउँपालिका/ नगरपालिका /गाउँपालिका ...... वडा नं...... स्थित ...... स्थानमा निरीक्षण/जाँचबुझ/खानतलासी गरी देहायबमोजिमको विवरणसहित यो मुचुल्का तयार गरिएको छ ।

१. उजुरी/सूचनाको छोटकरी विवरण:

२. खानतलासी गरिएको घरजग्गा (चार किल्लासहित)र वस्तुको विवरण:

३. बरामद भएका वस्तु, कागजातको विवरण:

| क.सं. | वस्तुको विवरण | परिमाण | एकाइ | मूल्य दर(रु) | व्याच नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४. खानतलासी लिइएको घर, जग्गा, ठाउँ, वस्तु वा सेवा व्यवसायको धनी वा निजको एकाघरको व्यक्ति वा प्रतिनिधि

नाम, थर, ठेगाना.............

दस्तखत......

अनुसूची १०

नियम ३४(१२) सँग सम्बन्धित

अभिलेखको ढाँचा

निरीक्षण, जाँचबुझ वा खानतलासीको अभिलेख

| क. सं. | उत्पादक, वितरक, विक्रेता वा सेवा प्रदायकको नाम, ठेगाना | निरीक्षण, जाँचबुझ वा खानतलासी गरेको मिति | निरीक्षण, जाँचबुझ वा खानतलासी गरेको व्यहोरा | निरीक्षण अधिकृतले दिएको आदेश | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रमाणित गर्ने अधिकृतको:

दस्तखत.....

पद.....

नाम......

मिति......

अनुसूची ११

नियम ३५(१) सँग सम्बन्धित

सजायको आदेश पर्चाको ढाँचा

विषयः जरिवाना गरिएको बारे

श्री ........................................................तपाई सञ्चालक वा धनी रहेको..................................................व्यवसायले स्थानीय बजार व्यबस्थापन तथा अनुगमन सम्बन्धी ऐन, २०.. को दफा .......को खण्ड..........बमोजिमको कसूर गरेको देखिएकोले तपाईंलाई सोही ऐनको दफा ........... बमोजिम रु. ......................(.अक्षररुपी..............................) जरिवाना गरिएको छ । सो जरिवाना आजका मितिले सात दिनभित्र गाउँपालिका/ नगरपालिकामा वा यस गाउँपालिका/ नगरपालिकाको कोड नं.................) को नाममा .....................बैंङ्कमा राजस्व शिर्षक नं. ............मा रकम जम्मा गरेको बैंङ्क भौचरको दोश्रो प्रति यस कार्यालयमा पेस गर्नु हुन यो आदेश गरेको छु ।

साथै यो आदेशमा चित्त नबुझेमा सो आदेश प्राप्त गरेको सात दिनभित्र उल्लिखित जरिवानाको पचास प्रतिशत रकम गाउँपालिका/ नगरपालिकामा जम्मा गरी सोको रसिद समेत संलग्न गरी गाउं कार्यपालिका/नगर कार्यपालिकामा पुनरावेदन गर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछु ।

अन्य आदेश वा निर्देशन भए :

१.

२

३.

निरीक्षण अधिकृतको:

दस्तखत

नाम,थर

इति सम्वत ....साल...........महिना...........गते............रोज.......शुभम....

## अनुसूची १२
## नियम ३५(५) सँग सम्बन्धित
## सजायको अभिलेखको ढाँचा

आ.व.२०...../...../

| क्र.स. | उजुरी दर्ता नं. र मिति | उजुरीकर्ताको नाम वा कोड | उजुरी गरिएको व्यक्ति वा संस्थाको नाम र ठेगाना | उजुरी को संक्षिप्त व्यहोरा | जरिवाना रकम | जरिवाना बुझाएको मिति | पुनरावलोकन गरेको भए सो उपर निर्णय भएको मिति र सोको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची १३

### श्री ........गाउँपालिका/गाउँपालिका/ नगरपालिका

विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन

आज मिति २० / / देखि २० / / सम्म निम्नलिखित स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ :

| सि. नं. | अनुगमन गरिएको स्थान | अनुगमन गरिएको क्षेत्र/प्रकृति / वस्तुहरू | अनुगमन को विवरण (परिणाम, अवस्था र अन्य कुरा) व्यावसायिक प्रतिष्ठा संस्था | सामानको जफत/ बरामदी नाम /परिमाण | नष्ट गरिएको वस्तु/ परिमाण नाम परिमाण | सिलबन्दी गरिएको मात्रा / सङ्ख्या | गरिएको नमूना सङ्कलन मात्रा/ सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

बोधार्थ :

श्री संयोजकज्यू

.............समिति

## अनुसूची १४

## तत्काल जरिवानाको आदेश पर्चाको ढाँचा

### विषयः जरिवाना गरिएको बारे

श्री ............................

...................................

तपाइँ सञ्चालक वा धनी रहेको.......................................................... पसल, कारोबारस्थल, कम्पनी फर्म/संस्थाले ................. बमोजिम कसुर गरेकोले रु...................... (अक्षरेपि...................................) जरिवाना गरिएको छ। सो जरिवाना आजका मितिले सात दिनभित्र विभाग वा यस कार्यालयको कोड नं. ...............) को नाममा......................बैङ्कमा राजस्व शीर्षक नं. ........... मा रकम जम्मा गरेको बैङ्क भौचरको दोस्रो प्रति यस कार्यालयमा पेस गर्नुहुन यो आदेश गरेको छु। उक्त अवधिभित्र जरिवाना रकम नबुझाएमा ................ बमोजिम थप कारबाही हुने व्यहोरा समेत जानकारी गराउँछु।

साथै यो आदेशमा चित्त नबुझेमा सो आदेश प्राप्त गरेको सात दिनभित्र उल्लिखित जरिवानाको पचास प्रतिशत रकम विभाग वा यस कार्यालयको कोठा नं .................को.....................बैङ्कस्थित धरौटी खाता नं. .................. मा जम्मा गरेको सक्कल बैङ्क भौचरको तेस्रो प्रति सकिने व्यहोरा समेत जानकारी गराउँछु।

अन्य आदेश वा निर्देशन भए :

१.

२.

३.

निरीक्षण अधिकृतकोः
दस्तखतः
नाम, थरः

इति संवत् ..........साल..........महिना.......गते...........रोज......शुभम्।




*संयोजन तथा वितरण*

**उपभोक्ता हित संरक्षण मञ्च नेपाल**

FPCRN

थापागाउँ, काठमाडौं, नेपाल, फोन नं : ०१ ५२४४३२०
Email:fpcrn2051@gmail.com
Website: www.consumerright.org.np